# स्थानीय विकासमा टोल विकास संस्थाले खेलेको भूमिका

## धारापानी टोल विकास संस्था 'ख' को समाजशास्त्रीय अध्ययन

पोखरा-५, पर्स्याङ, धारापानी

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत
समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिको लागि
समाजशास्त्र विभाग, पृथ्वीनारायण क्याम्पस पोखरामा प्रस्तुत

# शोध-पत्र

प्रस्तुतकर्ताः

कल्पना वि.क.

रोल नं. : ५४/०७०

परीक्षा रोल नं. : ४८०४७६

त्रि.वि.वि. रजिष्ट्रेशन नं. ६-२-४८-१०००-२००९

कात्तिक, २०७६

# सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय, पृथ्वीनारायण क्याम्पस, मानविकी तथा सामाजिक शास्त्र संकाय समाजशास्त्र/मानवशास्त्र विभागको तह दोस्रो वर्षको समाजशास्त्र विषयको दसौं पत्रको शोधपत्र लेखनको आवश्यकता पूरा गर्नका निमित्त शोधार्थी छात्रा कल्पना वि.क. ले **स्थानीय विकासमा टोल विकास संस्थाले खेलेको भूमिका धारापानी टोल विकास संस्था 'ख' को समाजशास्त्रीय अध्ययन, पोखरा-५, पर्स्याङ, धारापानी** शीर्षकको शोधपत्र मेरो निर्देशन तथा सुपरिवेक्षणमा तयार पार्नुभएको हो। निकै परिश्रमपूर्वक तयार पारिएको यस शोधकार्यबाट म पूर्ण रूपमा सन्तुष्ट छु र प्रस्तुत शोधपत्रलाई आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु।

मिति : २०७६।०७।२८

(इ.सं. १४ नोभेम्बर २०१९)

...............................

नेत्रनारायण पौडेल

शोध निर्देशक

समाजशास्त्र विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी सङ्काय तथा सामाजशास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तह दशौं पत्रको प्रयोजनका लागि कल्पना वि.क. ले यस विभागमा प्रस्तुत गर्नुभएको **स्थानीय विकासमा टोल विकास संस्थाले खेलेको भूमिका धारापानी टोल विकास संस्था 'ख' को समाजशास्त्रीय अध्ययन, पोखरा-५, पर्स्याङ, धारापानी** विषयक यस शोधपत्रलाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| | | |
|---|---|---|
| विभागीय प्रमुख | विश्वकल्याण पराजुली | ............................... |
| शोध निर्देशक | नेत्रनारायण पौडेल | ............................... |
| बाहृय परीक्षक | मुकुन्द लम्साल | .............................. |

मिति : २०७६/०७/२८

(इ.सं. १४ नोभेम्बर २०१९)

# कृतज्ञता ज्ञापन

समाजशास्त्र विषयमा स्नातकोत्तर तहको आंशिक आवश्यकता पूरा गर्नको निमित्त तयार यो शोधकार्य सम्पन्न गर्नको निमित्त मैले धेरैको सहयोग पाएकी छु। सर्वप्रथम म शोधपत्र लेखनको प्रारम्भदेखि अन्त्यसम्म आवश्यक सहयोग, सल्लाह एवम् सुझाव प्रदान गर्नुहुने व्यक्ति, संघसंस्थाप्रति कृतज्ञता ज्ञापन गर्दछु।

त्रिभुवन विश्वविद्यालय समाजशास्त्र विभाग पृथ्वीनारायण क्याम्पस पोखरा अन्तर्गत **स्थानीय विकासमा टोल विकास संस्थाले खेलेको भूमिका धारापानी टोल विकास संस्था 'ख' को समाजशास्त्रीय अध्ययन, पोखरा-५, पर्स्याङ, धारापानी** शीर्षकमा यो शोधपत्र तयार गरिएको छ। शोधपत्र तयार गर्न समय-समयमा प्रेरणा, उत्साह र सल्लाह-सुझाव प्रदान गर्नुहुने शोध निर्देशक आदरणीय गुरु नेत्रनारायण पौडेललाई हार्दिक कृतज्ञताको साथै आभारव्यक्त गर्दछु। साथै यस क्याम्पसमा समाजशास्त्र विभागका श्रद्धेय विभागीय प्रमुख विश्वकल्याण पराजुलीप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु। त्यसै गरी शोधपत्र तयारीका क्रममा सहयोग, सुझाव र प्रेरणा दिनुहुने विभागका आदरणीय गुरु र विभागका कर्मचारीहरूप्रति पनि आभार व्यक्त गर्दछु।

यस अध्ययनको क्रममा महत्वपूर्ण जानकारी प्रदान गरी अध्ययनमा सहयोग गर्नुहुने पोखरा महानगरपालिका वडा नं. ५ का अध्यक्ष धनबहादुर नेपालीप्रति आभारी छु। त्यसै गरी पोखरा महानगरपालिका वडा नं. ५ पर्स्याङमा गठित धारापानी टोल विकास संस्था "ख" का अध्यक्ष धनञ्जय शर्मा पौडेल, संस्थाका सदस्य सुरज पौडेल लगायत पदाधिकारी तथा सदस्यहरूप्रति आभार प्रकट गर्दछु। साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग, सल्लाह, सुझाव दिनुहुने सम्पूर्ण महानुभावहरूप्रति धन्यवाद दिन चाहन्छु।

अन्त्यमा, म यो शोधपत्र आवश्यक मूल्याङ्कनका लागि समाजशास्त्र विभागकसमक्ष प्रस्तुत गर्दछु।

मिति : २०७६।०७।२८
(इ.सं. १४ नोभेम्बर २०१९)

**कल्पना वि.क.**
समाजशास्त्र विभाग
पृथ्वीनारायण क्याम्पस, पोखरा

# विषय सूची


**सिफारिस पत्र** ष्

**स्वीकृति पत्र** ष्ष्

**कृतज्ञतापत्र** ष्ष्ष्

**विषयसूची** ष्ख

**परिच्छेद - एक : परिचय** **१-१२**

१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको पहिचान ५

१.३. अध्ययनको उद्देश्य ७

१.४ अध्ययनको महत्त्व ७

१.५ अवधारणाको परिभाषा ८

१.५.१ स्थानीयतह ८

१.५.२ सामाजिक सवलीकरण ८

१.५.३ टोल विकास संस्था ८

१.५.४ ऋण पूजी र उद्यमशिलता र बीउ पूजी अनुदान ९

१.५.५ वचत संकलन र परिचालन ९

१.५.६ स्वरोजगार ९

१.६. अध्ययनको क्षेत्र र सीमा ९

१.७. अध्ययनको ढाचा संगठन १२

**परिच्छेद - दुई : अवधारणा र साहित्य समीक्षा** **१३-२४**

२.१. अवधारणा १३

२.१.१ सुशासन प्रवर्द्धन १५

२.२. सैद्धान्तिक समीक्षा १७

२.२.१ विकासको अवधारणा १९

२.२.२ सामाजिक परिवर्तन २०

२.३. पूर्व अध्ययनको समीक्षा २०

**परिच्छेद - तीन : अनुसन्धान विधि** **२५-२९**

| | | |
|---|---|---|
| ३.१. | अध्ययन क्षेत्रको परिचय | २५ |
| ३.२. | अध्ययन क्षेत्र छनोटको औचित्य | २५ |
| ३.३. | अनुसन्धान ढाचा | २६ |
| ३.४. | तथ्याङ्क संकलनका प्रकृति र स्रोतहरू | २७ |
| | ३.४.१ प्राथमिक स्रोत | २७ |
| | ३.४.२ द्वितीय स्रोत | २७ |
| ३.५. | समग्रता र नमुना छनोट | २७ |
| ३.६. | वैधता र विश्वसनियता | २८ |
| ३.७ | प्राथमिक तथ्याङ्क संकलन विधि र प्रविधिहरू | २८ |
| ३.८. | तथ्याङ्क विश्लेषणएवम् प्रस्तुतीकरण | २९ |
| **परिच्छेद -चार : सामाजिक सुधारमा टोल विकास संस्था** | | **३०-३७** |
| ४.१. | अध्ययन क्षेत्रको स्थिति र अध्ययन क्षेत्र | ३० |
| ४.२. | उत्तरदाताहरूको सामान्य जनसांख्यिकीय जानकारीहरू | ३२ |
| | ४.२.१. उत्तरदाताहरूको जातीयता | ३३ |
| | ४.२.२.उत्तरदाताहरूको परिवारको किसिम | ३३ |
| | ४.२.३. उत्तरदाताहरूको परिवारको आकार | ३४ |
| | ४.२.४. उत्तरदाताहरूको उमेर समूह | ३४ |
| | ४.२.५. उत्तरदाताहरूको शैक्षिक स्थिति | ३५ |
| | ४.२.६ उत्तरदाताहरूको मुख्य पेशा | ३६ |
| | ४.२.७ उत्तरदाताहरूको परिवारको मासिक आम्दानी | ३६ |
| **परिच्छेद - पााच : टोल विकास संस्थाले गरेका संस्थागत कार्य विश्लेषण विवरण** | | **३८-४८** |
| ५.१. | विषयप्रवेश | ३८ |
| ५.२. | संस्थाले आत्मसाथ गरेका मूलभूत मान्यताहरू | ३८ |
| ५.३. | संस्थाका विशेषताहरू | ४१ |
| ५.४ | क्षेत्रगत तथ्य विश्लेषण | ४१ |
| | ५.४.१ धारापानी टोल विकास संस्था वडा नं. ५ ले सम्पादन गरेका कार्यहरूको समीक्षा | ४१ |

५.४.२ गरिबी न्यूनीकरणको प्रक्रिया ४४
५.५ टोलबाट सञ्चालित गतिविधिहरू ४८

**परिच्छेद - छ : स्थानीय विकासका लागिधारापानी टोल विकास संस्थाले पारेको प्रभाव, यसको अपरिहार्यता र चुनौतीहरू ४९-५८**

६.१. परिचय ४९
६.२. धारापानी टोल विकास संस्था (ख) ले स्थानीय विकासमा ल्याएको प्रभाव ४९
६.३. स्थानीय स्वायत्त निकायका रूपमा टोल विकास संस्था ५४
६.४. स्थानीय विकासका लागि टोल विकास संस्था ५४
६.५. टोल विकास संस्था स्थापना हुनुका कारणहरू र उद्देश्यहरू ५५
६.५.१ टोल विकास संस्था स्थापना हुनुका कारणहरू ५५
६.५.२. टोल विकास संस्था स्थापना हुनुका उद्देश्यहरू ५६
६.६. टोल विकास संस्थाको अपरिहार्यता र चुनौतीहरू ५७
६.६.१. अपरिहार्यता ५७
६.६.२. चुनौतीहरू ५८

**परिच्छेद - सात : अध्ययनको सारांश र निष्कर्ष ५९-६३**

७.१. अध्ययनको सारांश ५९
७.२. अध्ययनको निष्कर्ष ६२

**सन्दर्भ सामग्रीहरू**

**परिशिष्ट १ :** तथ्याङ्क सङ्कलन क्रममा पोखरा महानगरपालिका वडा नं. ५, साझेदारी तथा सम्बन्धित कर्मचारीहरूसाग सोधिएका प्रश्नावली

**परिशिष्ट २ :** टोल विकास संस्थामा आवद्ध सदस्य एवं पदाधिकारी र यस संस्थाबाट लाभान्वित परिवार र व्यक्तिलाई सोधिएको नमुना प्रश्नहरू

**परिशिष्ट ३ :** महत्वपूर्ण जानकारी दिने महानुभावहरू

**परिशिष्ट ४ :** पोखरा महानगरपालिका वडा नं. ५ को नक्सा

**तस्वीरहरू**

# परिच्छेद - एक

# परिचय

## १. अध्ययनको पृष्ठभूमि

समुदाय भन्नाले एक निश्चित क्षेत्रमा रहेका सामाजिक जीवनको समग्र संगठनलाई बुझिन्छ । निश्चित आवश्यकता पूरा गर्न आइपरेका जटिलताको समाधानको उपाय स्थानीय क्षेत्रमा बसी मौलिक ज्ञान र व्यवहारमा स्रोत र साधनको प्रयोगमा अगाडि बढ्न चालिएको विकास योजना सामुदायिक विकास अवधारणा हो ९भ्गानभलभ स ज्ञढढज्ञ० । सामुदायिक विकासको अवधारणको प्रसार चालीसको दशकको सुरुतिर नै ब्रिटिस उपनिवेशवादी सरकारले गरेको हो ।सामुदायिक विकाससम्बन्धी अवधारणाको प्रयोग सर्वप्रथम घानामा गरियो ।पचासको दशकसम्म यस अवधारणालाई भारतको राष्ट्रिय विकास योजनामा विस्तारपूर्वक एकीकृत रूपमा प्रयोग गरिएको पाइन्छ । विकासोन्मुख मुलुकको समग्र क्षेत्रमा परिवर्तन र विकास बाहिरी शक्तिहरूको जागरुकता तथा संलग्नताबाट हुनुपर्छ भन्ने आधुनिकतावादी सिद्धान्तकारहरूको मान्यताभन्दा भिन्न रूपमा सामुदायिक विकासको सम्भावनाहरूलाई बढी महत्व दिएको पाइन्छ । समुदाय विकास अवधारणा एक महत्वपूर्ण नियमका रूपमा प्रयोग हुने गर्दछ (दाहाल, २०५४) ।

समाजलाई यथास्थितिबाट अग्रगतिमा लैजानका लागि तथा आˆनो समाज र राष्ट्रमा देखापरेका समस्याहरू समाधान गर्नका निम्ति कुनै पनि व्यक्ति, समाज, संघसंस्था एवम् निकायले विकासलाई आत्मासात गर्दै आएको पाइन्छ । विकास शब्दको प्रयोग सन् १९४९ मा अमेरिकी राष्ट्रपति ह्यारी ट्रुम्यानले विश्वलाई विकास र अल्पविकासको अवधारणामा समेटेपछि विकासको सम्बन्धमा विभिन्न चर्चापरिचर्चा भएको पाइन्छ (अर्याल: २०६४) ।सन् १९५० पछि तेस्रो विश्वमा आएको विभिन्न जागरण, विकासलाई भाग्यसाग तुलना गर्ने परिपाटीमा परिवर्तन र द्वितीय युद्धपछि धेरै राष्ट्रहरू स्वतन्त्र हुनु, यस्तो सन्दर्भमा विकास गर्नुपर्ने सोचाई सबैमा आएको हो (घिमिरे : २०६१) । विकास जनताको चाहना र लक्ष्य पूर्ति गर्न तिनीहरूलाई उत्साहित गरी सक्रिय हुने मौका प्रदान गर्नु हो (युनाइटेड नेशन : २०६४) ।

समुदायको अगुवाइमा पनि विकासका कार्य गर्न सकिन्छ । समुदाय आफैले विकासको गतिलाई अगाडि बढाउन सक्दछन् । यसका लागि जनताको जीवनशैली, संस्कृति,

समुदायका परम्परागत संस्था तथा क्रियामाथि जोड दिनुपर्दछ। यसले जनताको खास आवश्यकता के हो ?त्यसमा ध्यान दिने गर्दछ। समुदायको अगुवाइमा वा जनतामा आधारित विकास रणनीतिले लिएको हुन्छ (शर्मा : २०६७)। आ^नो विकासका निमित्त आत्मनिर्भरताका लागि सञ्चालन गरिएको विकासमा व्यापक जनसहभागिता हुन्छ। विकासबाट टाढा रहेका गरीब, निम्नवर्ग, सुविधाविहीन, महिला, पिछडिएको वर्गलाई बढी जोड दिई उनीहरूलाई आत्मविश्वास दिने तथा आत्मनिर्भर बनाउने ध्येय समुदायमा आधारित विकास रणनीतिले राखेको हुन्छ। यस रणनीतिले समुदायका मानिस अर्थात् जनतालाई विकास प्रक्रियामा सहभागी गराई उनीहरू स्वयंलाई समस्या पहिचान गर्ने, योजना बनाउने, कार्यान्वयन गर्ने, मूल्यांकन एवम् प्रतिफल उपयोग गर्ने अवसर प्रदान गर्दछ। नेपालको सन्दर्भमा भन्नुपर्दा गुठी, रोदी, भेजा, पर्म, ढिकुर आदि सामुदायिक मौलिक संगठन हुन्। यिनीहरूले समुदायका जनतालाई सामाजिक, सांस्कृतिक एवम् आर्थिक पक्षमा निर्भर बनाएका हुन्छन्।

विश्व मानचित्रमा नेपालको भौगोलिक अवस्थिति २६ड्ड२२' देखि ३०ड्ड२७' उत्तरी अक्षांश र ८०ड्ड४' देखि ८८ड्ड१२' पूर्वी देशान्तरसम्म फैलिएको छ। नेपालको पूर्व-पश्चिम लम्बाइ ८८५ कि.मि. र उत्तर दक्षिण चौडाइ १९३ कि.मि. छ। एसियाका दुई ठूला राष्ट्रहरू चीन र भारतको बीचमा अवस्थित नेपालको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मि. रहेको छ (के.सी., २०५९:१)।

नेपालको संविधान २०७२ अनुसार नेपाललाई विभिन्न प्रशासनिक एकाइहरूमा विभाजन गरिएको छ।नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ।नेपालमा रहेका ७ प्रदेशमध्ये गण्डकी प्रदेश एक हो। गण्डकी प्रदेशमा ११ वटा जिल्लाहरू रहेका छन्। गण्डकी प्रदेशको राजधानी कास्की जिल्लाको सदरमुकाम पोखरा हो। कास्की जिल्लाभित्र एक महानगरपालिका, ४ वटा गाउापालिका गरी ५ वटा स्थानीय तह र ३ वटा निर्वाचन क्षेत्र रहेका छन्।

वि.सं. २०७३ फाल्गुन २७ गते महानगरपालिका घोषणा भएको पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मी. रहेको छ भने कुल जनसंख्या ४,०२,९९५ छ। महानगरपालिकाको केन्द्र साबिक पोखरा उप-महानगरपालिका कार्यालय नै रहेको छ। पोखरा महानगरपालिका, पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तामागी (३,९), कास्कीकोट, माझठाना (१,४,९) कालिका (१,५) र पुरन्चौर गा.वि.स. मिली कुल ३३ वटा वडामा विभाजित छ। पोखरा महानगरपालिकाको

पूर्वी सिमानामा मादी र रूपा गाउापालिका, पश्चिममा अन्नपूर्ण गाउापालिका, पर्वत र स्याङ्जा जिल्ला रहेका छन्भने उत्तरी सिमानामा माछापुच्छे र मादी गाउापालिका तथा दक्षिणमा स्याङ्जा र तनहु जिल्ला रहेका छन् ।

स्थानीय निकायको विकास विना सर्वाङ्गीण विकास अधुरो हुन्छ ।स्थानीय निकाय राष्ट्र निर्माणको मूल मेरुदण्ड मानिन्छ ।यही अवधारणालाई मनन गरी नेपालमा नगरपालिकाहरूको गठन गरिएको हो । पोखरा महानगरपालिकाको समग्र पक्षको विकास गर्न वडा वडा विभाजन गरी वडा कार्यालयहरूको गठन गरिएको हो ।उप-महानगरपालिका हाुदै महानगरपालिकामा आइपुग्दा यसले आˆना कार्य सञ्चालनार्थ विभिन्न वडा गठन गरी आˆनो समग्र विकास गर्दै आएको छ ।पोखरा महानगरपालिकाले आˆनो स्थापनाकालदेखि वर्तमान समयसम्म विभिन्न आरोह-अवरोहहरू पार गर्दै आएको छ ।महानगरले विकास निर्माण लगायत सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक तथा अन्य कार्यक्रमहरू सञ्चालनार्थ विभिन्न वडा गठन गरी आˆना योजनाहरूलागू गर्दै आएको सर्वविदितै छ ।

विकासको शुरुवात दोस्रो विश्वयुद्ध पश्चात् शुरु भएको हो ।विकासको अवधारणा विकास निर्माण योजना मात्र नभएर सामाजिक, सांस्कृतिक र आर्थिक विकास पनि महत्त्वपूर्ण बाटो हो । नेपालमा २०१३ सालबाट पञ्चवर्षीय राष्ट्रिय योजना शुरु भएबाट विभिन्न पञ्चवर्षीय योजना अनुरूप योजनावद्ध विकास हाुदै आएका छन् । नवौं पञ्चवर्षीय योजना २०५४ देखि २०५९ मा कृषि क्षेत्रको आर्थिक बृद्धिदरलाई तीव्र गरी रोजगारी सिर्जना गरी गरिबी घटाउने उद्देश्य रहेको थियो । त्यसैगरी दशौा पञ्चवर्षीय योजना २०५९-२०६३ मा पनि कृषि तथा सहकारी नीतिको सहभागिता बृद्धि गर्ने उद्देश्य रहेको थियो । त्यसैगरी २०६६ देखि २०७३ को तेह्रौं पञ्चवर्षीय योजनाको मूल उद्देश्य जनसहभागिताद्वारा सहकार्य र सहमतिले सामाजिक, आर्थिक, सांस्कृतिक, धार्मिक प्रक्रियाबाट सम्पूर्ण कुराको अत्याधुनिक स्रोत र साधन बृद्धि गरी समाजमा व्याप्त पछौटेपन, ढिलासुस्ती, भ्रष्टाचार, अन्याय-अत्याचारको न्यूनीकरण गर्नु रहेको छ। यसका लागि गरिएका विभिन्न विकासका योजनालाई नै विकास भनिन्छ (घिमिरे, २०६०) ।

यसरी गरिने सामाजिक, आर्थिक सांस्कृतिक तथा अन्य विकासलाई विकासको अवधारणाअनुसार समाजमा गरिने भौतिक विकासका अलावा सामाजिक क्षेत्रको विकास नै वास्तवमा विकास हो । विकासको अवधारणालाई विकेन्द्रीकरणको माध्यमबाट बढीभन्दा बढी जनसहभागिता जुटाई कार्यान्वयन गर्न सकिन्छ। तसर्थ विकासको अवधारणालाई सार्थक

तुल्याउन केन्द्रबाट अधिकार प्रत्यायोजन गरी स्थानीयस्तरका जनताबाट जनसहभागिता जुटाई गरिने विकास नै दिगो हुने हुादा जसका लागि विकास गर्न खोजिएको हो उसको सहभागिता भए मात्र स्थापित योजनाहरू दीर्घकालीन र दिगो हुन्छन् ।" यही धारणाअनुरूप टोल विकास संस्थागठन गरी स्थानीय जनताले जनताका लागि जनता नै अगाडि बढी विकास कार्यक्रम गर्ने संस्था नै टोल विकास संस्था हो ।

स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकाय जसमा गाउा विकास समिति, नगरपालिका, महानगरपालिकालाई अधिकार हस्तान्तरण गरी विकेन्द्रीकरणको माध्यमबाट स्थानीय जनतालाई स्थानीय तहको जनसहभागिता जुटाई विकास अगाडि बढाइएको छ । टोल विकास संस्था गठन गरी टोलका सदस्यहरूकै निर्णयअनुसार उनीहरूकै सक्रिय सहभागितामा विकेन्द्रीकरणको मर्म र भावनाअनुरूप जनसहभागिता जुटाई महानगरपालिकाको सहयोगमा, वडावासी, साझेदार विकासदाताहरूको सहयोगले विकासका गतिविधिहरू सञ्चालित छन् । यस अवधारणाअनुरूप विकासका कृयाकलाप सञ्चालनले स्थानीय स्तरमा साझा नागरिक स्वचालित हुनुका साथै दिगो विकास भई समाज सवलीकरण उन्मुख हुन पुगेको छ (गुरुङ २०६९) ।

पोखरा महानगरपालिकाले सन् १९९८ जुन २९ तारिख गाउा-नगर साझेदारी विकास कार्यक्रम ९च्एएए० केन्द्रसाग सम्झौता गरी सोही कार्यक्रमको लक्ष्यअनुरूप स्थानीय जनसमुदायलाई सशक्त समाज निर्माणमा सहभागी गराएको छ । संयुक्त राष्ट्रसंघको विशेष कार्यक्रमका रूपमा आरम्भ भएको यो गाउा-नगर साझेदारी विकास कार्यक्रम अहिले नगरपालिकाको एक महत्त्वपूर्ण शाखा बन्न सफल भएको छ । यस कार्यक्रम सञ्चालनको शुरुको ५ वर्षपछि संयुक्त राष्ट्रसंघको आर्थिक तथा प्राविधिक सहयोग विना नै नगरपालिकामा दिगो रूपमा कार्यक्रम सञ्चालन हुादै आएको छ । यस कार्यक्रमले स्थानीयस्तरमा टोल विकास संस्था गठन गरेको छ । टोल विकास संस्थाका सदस्यले आˆनो टोलका सबै जातजाति, धर्म, लिङ्ग, वर्ण र संस्कारका व्यक्तिहरूलाई एकीकृत गरी सामाजिक विकासमा ल्याउने टोल विकास संस्थालाई ऊर्जाशील र गतिशील संस्था मान्न सकिन्छ ( घिमिरे, २०६०) ।

कास्की जिल्लाको सदरमुकाम वा प्रशासनिक अड्डा अदालतहरू पोखरा महानगरपालिकाभित्र रहेका छन् । नेपाल सरकारले जारी गरेको स्थानीय स्वायत्त शासन ऐन २०५५ बमोजिम स्थानीय निकाय स्वायत्त निकायको रूपमा मान्यता प्राप्त संस्थाको रूपमा रहे । आˆना मातहतमा रहेका जनतालाई अत्यावश्यक सेवा पुऱ्याउनका लागि साविकका

नगरपालिका, महानगरपालिका र गाविसले आफ्नो कार्य सञ्चालनार्थ विभिन्न समिति र संस्थाको स्थापना गरे, जसबाट सरकारले दिएका सेवा सुविधालाई जनतासमक्ष पुऱ्याउन सजिलो भएको छ । जनताका सम्पूर्ण इच्छा, चाहना र भावनालाई समेट्नका लागि विभिन्न टोलविकास संस्थाको जन्म भयो । सरकारी सेवा सुविधा पुऱ्याउनु र सबल एवम् सक्षम किसिमका कामका साथै समाजमा घट्ने विभिन्न किसिमका घटना, झैझगडा, लेनदेन, साँधसिमाना, निकास, धारा, पानी, बाटो, शिक्षा, स्वास्थ्य, महामारी नियन्त्रण लगायतका कार्य गर्न टोल विकास संस्थाको भूमिका प्रभावकारी रहेको छ ।

पोखरा महानगरपालिकाभित्र रहेका ३३ वटा वडामध्ये वडा नं. ५ मा २२ ओटा टोल विकास संस्थाहरू रहेका छन् । यी संस्थाले समाजमा विभिन्न किसिमका सुधारका कार्यहरू गरिरहेका छन् । पछिल्लो समयमा यी संस्थाहरूले समाजमा आइपर्ने आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक क्रियाकलापका साथै आपराधिक क्रियाकलापलाई निरुत्साहित गर्ने जस्ता उल्लेखनीय कार्य गर्दै आइरहेका छन् ।

## १.२. समस्याको पहिचान

समुदायमा रहेका गरिब, पछौटे, अशिक्षित, वेरोजगार जनतालाई विकासको मूल धारमा ल्याउन सकिएन गर्न सकिएन भने प्रत्यक्ष वा परोक्षरूपमा सामाजिक वातावरणमा असर पर्दछ । जबसम्म समाजमा गरिबीको रेखामुनि रहेका समुदायलाई सामाजिक परिचालनको माध्यमबाट सशक्त बनाइदैन तबसम्म समाजको विकास हुन सक्दैन । नेपालमा गरिबी न्यूनीकरणका लागि नेपाल सरकार लगायत विभिन्न दातृराष्ट्रहरू पनि लागिपरेका छन् । उनीहरूले विभिन्न निकायमा आर्थिक तथा भौतिक सहयोग पुऱ्याउदै आइरहेका छन् । ग्रामीण जनजीवनको गरिबी र शहरी जनजीवनको गरिबी बीचको भिन्नता व्यापक रहेको छ । नगर क्षेत्र वा शहरी क्षेत्रमा रोजगार प्राप्त गर्ने उद्देश्यले ग्रामीण क्षेत्रबाट मानिसको बसाइसराई, अस्थायी बसोवासको झन् दिनानुदिन बृद्धि हुदै गएको अवस्थामा शहरी क्षेत्रमा उचित किसिमको रोजगारी सिर्जना गर्नुपर्ने पनि त्यत्तिकै आवश्यकता देखी पोखरा महानगरपालिकाले प्रत्येक वडामा टोल विकास संस्था गठन गरी पिछडिएका समुदायहरूलाई क्रियाशील गराएको छ । महानगरपालिकाले टोल विकास संस्थाको माध्यमद्वारा सुशासनको रणनीतिलाई प्रभावकारी गराउन कार्यक्रमसगैं महानगरपालिकाका र टोल विकास संस्था सक्रिय रूपमा लागिपरेका छन् । टोल विकास संस्थाको गठनदेखि कार्यक्रम कार्यान्वयनका सन्दर्भमा देखापरेका समस्याहरू पहिचान, टोल विकास संस्थाको

उद्देश्य, लक्ष्य, नीतिअनुरूपका कार्य विश्लेषण र पोखरा महानगरपालिकाभित्र व्याप्त शहरी, गरिबी न्यूनीकरणमा टोल विकास संस्थाले गरेका पहलहरू र यस संस्थाका विद्यमान चुनौतीहरूको विश्लेषण यस अनुसन्धानमा गरिएको छ। आजको विषम परिवेशमा टोल विकास संस्थाको अपरिहार्यतालाई मध्यनजर गर्दै प्रश्नको उत्तर आउने गरी समस्या पहिचान गरिएको छ।

- टोल विकास संस्थाको आवश्यकता किन रहेको छ ?
- टोल विकास संस्थाको मुख्य उद्देश्य कस्तो रहेको छ ?
- यस संस्थाले समाजमा कसरी परिवर्तन गरेको छ ?
- टोल विकास संस्थामा सुशासनको कस्तो भूमिका रहन्छ ?
- टोल विकास संस्थाका मुख्य क्रियाकलापहरू के के हुन् ?
- टोल विकास संस्थाको कार्यमा नगरपालिकाले कस्तो सहयोग गरेको छ ?
- टोल विकासलाई प्रभावकारी बनाउन के कस्ता कार्यक्रम सञ्चालन गर्नुपर्दछ ?

उपर्युक्त जिज्ञासाको समाधानका रूपमा यस अध्ययनलाई हेर्न सकिन्छ। शहरी क्षेत्रमा बढ्दो सुकुम्वासी समस्या,सामाजिक सुरक्षा, फोहोरमैला व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदिमा त्यत्तिकै विकराल अवस्थामा रहेको छ। अव्यवस्थित शहरीकरण, खानेपानी, ढल निकास, बस्ती विकास आदि समस्या रहेका छन्। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्क अनुसार पोखरा महानगरपालिकामा घरधुरी संख्या ९३६२, महिलाको संख्या २१८९४ र पुरुषको संख्या १९४७५ गरी जम्मा जनसङ्ख्या ४१३६९ रहेको छ। क्षेत्रफल प्रति वर्ग कि.मि. ७७.४५ रहेको छ भने जनघनत्त्व प्रति वर्ग कि.मि. ५३४.१४ रहेको छ।

राष्ट्रिय निर्वाचन क्षेत्र नं. ३ अन्तर्गत वडा नं. ५ पर्दछ। यस वडाभित्र पुरुषको संख्या७३७३ महिला ७४३० गरी जम्मा ४९७१ मतदाता रहेका छन्। वडा नं. ५ मा ३९७३घरधुरी रहेकामा यस टोल विकास संस्थाभित्र २०० भन्दा बढी घरधुरीमा सुकुम्वासीका रूपमा व्यापार गर्ने, शिक्षक पेशामा संलग्न, कृषि पेशामा संलग्न, वैदेशिक रोजगारी, गिटी कुट्ने, ढलानको काम गर्ने, ज्याला मजदुरी काम गर्ने रहेको अवस्था छ। यस वडा नं. ५ मा २२ वटा टोल विकास संस्थाहरूरहेका छन्, जसमध्ये धारापानी टोल विकास संस्था (ख) को५० घरधुरीको बृहत् अध्ययन अनुसन्धान यस शोधपत्रमा गरिएको छ।

## १.३. अध्ययनको उद्देश्य

पोखरा महानगरपालिका टोल विकास संस्थाको गठन कार्यविधि र यस संस्थाको आवश्यकताका बारेमा अध्ययन विश्लेषण गर्नु, वडा नं. ५ मा गठन गरिएका टोल विकास संस्थाको समाजमा कस्तो भूमिका रहेको छ ? समाजमा के-कस्ता समस्या, चुनौती र सम्भावनाहरू रहेका छन्, त्यसलाई विश्लेषण गरी समाजमा परेका ल्याएका प्रभावको अवस्था कस्तो छ भनी अध्ययन गरिएको छ। कुनैपनि अध्ययन-अनुसन्धानका विभिन्न उद्देश्यहरू रहेका हुन्छन् ।यस अनुसन्धानमा पनि निम्न उद्देश्यहरू रहेका छन् :

- टोल विकास संस्थाका सदस्यहरूको क्रियाकलापहरूको अध्ययन गर्नु ।
- टोल विकास संस्था स्थापना हुनुको मुख्य कारण पत्ता लगाउनु ।
- टोल विकास संस्थाको माध्यमबाट स्थानीय विकासमा आएको परिवर्तन तथा प्रभावको बारेमा विश्लेषण गर्नु ।

## १.४ अध्ययनको महत्त्व

यस अध्ययनबाट पोखरा महानगरपालिकामा वडा नं. ५ पर्स्याङमा गठन भएका टोल विकास संस्थाको अवस्था, टोल विकास संस्थाले नगरपालिकामा पुऱ्याएको सहयोगका बारेमा जानकारी पाउन सकिनेछ । नगरमा हाल बृद्धि भइरहेको शहरी वस्ती र शहरी गरिबी निवारणका सवालमा टोल विकास संस्थाले निर्वाह गरेको भूमिकाका बारेमा एक समाजशास्त्रीय अध्ययन गरिएको छ । यस अध्ययनले समग्र नगरको विकास निर्माणमा सामाजिक सुधारका काम गर्ने नीति निर्माणहरूलाई समेत दिशा निर्देशन गर्नेछ । वर्तमान समयमा कुनै पनि वडा, नगर, गाउपालिका, जिल्लातथा सिङ्गै देश निर्माणमा स्वयं स्थानीय नागरिकको नै गहन भूमिका हुने हुादा टोल विकास संस्थाले आˆनो टोल वस्तीमा गरेका कार्यहरूको विवरण प्राप्त गर्न सक्नेछन् । यस्ता प्राप्त विवरणहरूका आधारमा टोल विकास संस्थालाई अझै प्रभावकारी रूपमा विकास निर्माण कार्य सञ्चालन गर्ने ठोस नीति तय गर्न सहयोग पुग्नेछ ।

यस अध्ययनले टोल विकास संस्थाको प्रभावबारे अन्य अध्ययनकर्तालाई जानकारी लिन सहयोग पुऱ्याउने छ । पोखरा महानगरपालिका वडा नं. ५ पर्स्याङका टोल विकास संस्थाले समाजमा पारेका प्रभावको अध्ययन गर्न चाहने व्यक्ति, संघसंस्था लगायतलाई यो शोधपत्र उपयोगी हुनेछ भने विकासप्रेमीहरूलाई विकास निर्माण गर्न समेत पूर्ण उपलब्धिमूलक हुने भएकोले पनि यस अध्ययन महत्त्वपूर्ण रहेको छ ।

यसरी संस्थागत प्रकार्यात्मक ढाँचा अन्तर्गत रहेर समाजलाई एउटा संरचना मानेर यसभित्र रहेका परिवार, व्यक्ति एवम् समुदाय, समाजसाग आवद्ध रहेर हरेक अङ्गलाई एकाइ र उपभोग मानेर टोलका क्रियाकलापहरूको व्यवस्थापन प्रक्रियालाई यसले कस्तो प्रभाव पार्दछ भन्ने जानकारी पाउन सकिन्छ । यस अध्ययनले विगत र वर्तमान अवस्थाका बारेमा गरिएको अध्ययनले बिचको अन्तरसम्बन्धका बारेमा जानकारी पाउन सकिने कारणले पनि यसको अझ बढी महत्त्व रहेको छ। यस अध्ययनपछि यसै सम्बन्धी अध्ययन गर्न चाहनेहरूका लागि यो अध्ययन स्रोतको रूपमा प्रयोग गर्न सकिने भएकाले यस अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

## १.५ मुख्य अवधारणाहरूको परिभाषा

### १.५.१ स्थानीयतह

स्थानीय स्वायत्त शासन ऐन २०५५ अनुसार गठन भएका स्थानीय तहका निकायलाई स्थानीय निकाय भनिन्छ। पोखरा महानगरपालिका स्थानीय तहमा काम गर्ने स्वायत्त निकाय भएका कारण यस अध्ययनमा पोखरा महानगरपालिका अन्तर्गत वडा नं. ५ मा गठित धारापानीटोल विकास संस्था (ख) लाई स्थानीय निकायका रूपमा विश्लेषण गरिएको छ ।

### १.५.२ सामाजिक सवलीकरण

चेतनास्तरमा वा गरिबी, पीछडिएको वर्गलाई सीप, क्षमता र नागरिक हकको सुनिश्चितता प्रदान गरी उनीहरूलाई स्वावलम्बी, आत्मनिर्भर बनाई उनीहरूको व्यक्तिगत क्षमतामा अभिवृद्धि गरी सभ्य समाजको निर्माण गर्ने हो ।

### १.५.३ टोल विकास संस्था

नगरपालिकाभित्र रहेका वडाहरूमा स्थानीय तहमा निश्चित भौगोलिक क्षेत्रमा बसोवास गर्ने समूहलाई आवद्ध गरिएका एक घर एक सदस्य नीति अनुरूप स्थानीय तहमा गठन भएको सामुदायिक संस्थालाई टोल विकास संस्था भनिन्छ। जुन टोल वस्तीप्रति जवाफदेही हुन्छ ।

### १.५.४ ऋण पूजी र उद्यमशीलता र बीउ पूजी अनुदान

टोल विकास संस्थालाई स-साना विकास निर्माणका लागि प्रदान गरिने अनुदान

रकमलाई बीउ पुजी भनिन्छ । यसबाट टोलको सामाजिक तथा आर्थिक पूर्वाधार विकासमा टेवा पुग्दछ ।टोलवासीका हितलाई मध्यनजर गरी निश्चित वर्ग समुदाय, जात, लिङ्गका टोलवासीलाई उद्यम गर्नका लागि ऋण सहयोग गर्दछ । यसबाट टोलवासीलाई बंगुरपालन, कुखुरापालन, सिलाई-कटाई, व्यापार-व्यवसायको माध्यमद्वारा आत्मनिर्भर तथा सक्षम बनाउने उद्देश्य रहेको हुन्छ ।टोल विकाससाग आवद्ध सदस्यहरूलाई आयमूलक कार्य सञ्चालनका लागि ऋण प्रदान गर्दछ । सो रकम निश्चित अवधिका लागि हुन्छ । पछि सो रकमब्याजसहित हुन्छ ।

### १.५.५ बचत संकलन र परिचालन

टोल विकास संस्थामा आवद्ध भएका घरधुरीका सदस्यहरूले नियमित रूपमा टोल स्तरमा पुाजी संकलन गर्ने उद्देश्यले गरिएको रकमलाई बचत संकलन भनिन्छ । त्यस्तै उक्त बचत रकमलाई टोलस्तरमा नै निश्चित व्याजदरमा सदस्यहरूलाई व्यवसाय सञ्चालन गर्नुपर्ने लगानीलाई परिचालन दिन्छ ।

### १.५.६. स्वरोजगार

व्यक्तिमा निहित सीप र क्षमताको आधारमा स्वतन्त्ररूपले स्वयं आफू आत्मनिर्भर भई काम गर्न सक्ने क्षमता भई गरेको कार्यलाई स्वरोजगार भनिन्छ । जसले आ˜नो दैनिक दिनचर्या खर्च टार्न सक्दछ ।

## १.६. अध्ययनको क्षेत्र र सीमा

पोखरा महानगरपालिका वडा नं. ५ पर्स्याङमा गठित धारापानीटोल विकास संस्था ‘ख का माध्यमद्वारा टोलको सामाजिक, आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक लगायत विभिन्न क्षेत्रमा आ˜ना अवयवहरूसञ्चालन गर्दैआएको छ । तर समय अभावका कारण नगरका सबै वडाहरूमा अध्ययन गर्न सकिएको छैन । त्यस्तै यस अध्ययनले समग्रतामा सबै नगरमा सञ्चालित कार्यक्रमसाग समानान्तर रूपमा मिल्छ भन्न पनि सकिादैन । किनभने यस अध्ययनको आ˜नो समस्या र सीमाहरू रहेका छन् । व्यापक र विस्तृत रूपमा कार्यक्षेत्र विस्तार गरी शहरी सुशासन र भर्खरै मात्रै महानगरपालिका बनेको पोखराको समग्र पक्ष यस अध्ययनमा समेट्न नसकिने भएको हुादा देहाएको सीमाभित्र रही अध्ययन गरिएको छ ।

(क) पोखरा महानगरपालिका वडा नं. ५ मा गठित धारापानीटोल विकास संस्था (ख)

यस अध्ययनको सीमाभित्र परेको छ ।

(ख) धारापानी टोल विकास संस्था (ख) को बचत, ऋण र सामाजिक पक्षलाई अध्ययनमा समावेश गरिएको ।

(ग) धारापानी टोल विकास संस्था (ख) ले समाजमा पुऱ्याएको योगदानको विश्लेषणसाग यो अध्ययन सम्बन्धित छ ।

(घ) यस अध्ययनमा धारापानी टोल विकास संस्था (ख) को ५०घरधुरीको स्थलगत घरधुरी सर्वेक्षण गरी घटना अध्ययन तथ्यहरूको संकलन गरिएको छ ।

यस अध्ययनमा खासगरी टोल विकास संस्थाबाट समाजका लागि गरिएका कार्यहरूलाई विश्लेषण गरिएको छ। संस्थाले गरेका सम्पूर्ण मानवीय कार्यलाई हेर्दा यो संस्था अपरिहार्य संस्था मान्न सकिन्छ। त्यसैले संस्थाको स्थायित्त्वका लागि सबै पक्षले साथ दिनु नितान्त आवश्यक छ ।

**तालिका १.१**

**वडा नं. ५ अन्तर्गत रहेका टोल विकास संस्थाहरूको विवरण**

| क्र.सं. | टोल विकास संस्थाको नाम | अध्यक्षको नाम | सम्पर्क नं. |
|---|---|---|---|
| १. | शान्ति टोल विकास संस्था | मोहनप्रसाद कोइराला | ९८४६०२७४८६ |
| २. | रिÝगौंडा टोल विकास संस्था | छत्रबहादुर बुढाथोकी | ९८०६६२२६४९ |
| ३. | धर्मस्थली टोल विकास संस्था | प्रकाश कोइराला | ९८४१२३९७२४ |
| ४. | पर्स्याङटोल विकास संस्था | डिल्लीराम भटराई | ९८५६०२९९०२ |
| ५. | राधाकृष्ण शिवालय टोल विकास संस्था | सोमनाथ भुर्तेल | ९८४६०८४३२३ |
| ६. | गोल चौतारी उपल्लको कुलाको डिल टोल विकास संस्था | बाबुराम बराल | ९८४६१०५६२६ |
| ७. | समीक्षा पञ्चकोशी टोल विकास संस्था | भोलानाथ ढकाल | ९८४०३९८४८२ |
| ८. | तल्लो कुलाको डिल टोल विकास संस्था | मणिराम बराल | ९८४६०२२०७७ |

| | | | |
|---|---|---|---|
| ९. | धारापानी टोल विकास संस्था (क) | हिरामणि पण्डित | ९८४६०३८०७६ |
| १०. | धारापानी टोल विकास संस्था (ख) | धनन्जय पौडेल | ९८५६०३३१७६ |
| ११. | माछापुच्छ्रे टोल विकास संस्था | गोकुल शर्मा पौडेल | ९८४६०५४७४९ |
| १२. | मालेपाटन टोल विकास संस्था | उज्ज्वल खत्री | ९८४६०२१४७९ |
| १३. | धवलमार्ग टोल विकास संस्था | भरत मल्ल | ९८५६०२६३७५ |
| १४. | शिवालय टोल विकास संस्था | भोलानाथ पराजुली | ९८४६५२९४२४ |
| १५. | ढुंगेखोला टोल विकास संस्था | विश्वनाथ पौडेल | ९८४६०४०९४४ |
| १६. | श्री नन्दकिशोरी टोल विकास संस्था | गोपालबहादुर थापा | ९८१४१६९८८३ |
| १७. | बाासटारी बगर टोल विकास संस्था | रविचन्द्र जमरकट्टेल | ९८४६०३३०५८ |
| १८. | नमुना जनज्योति टोल विकास संस्था | भेकबहादुर थापा | ९८४६०४५०२९ |
| १९. | एकलधारा टोल विकास संस्था | गोपालपसाद सुवेदी | ९८४६७०८७७७ |
| २०. | अन्नपूर्ण टोल विकास संस्था | शुक्रमणि सापकोटा | ९८५६०३८५२२ |
| २१. | ज्ञानमार्ग टोल विकास संस्था | बबुराम अधिकारी | ९८५६०९०१४१ |
| २२. | जनप्रिय टोल विकास संस्था | कृष्णबहादुर थापा | ९८४६२९३१५२ |

स्रोत : वडा कार्यालय, पोमनपा वडा नं. ५

टोल विकास सस्थाहरूले स्थानीयस्तरमा गरेका विकास निर्माण सामाजिक सुशासन बाहेक विकास निर्माणमा अन्य कार्यहरू पनि गरेका छन्। तर यस अध्ययनमा टोल विकास संस्थाले समाजमा ल्याएको टोल विकास संस्थाको विद्यमान चुनौतीलाई प्रमुख विषय बनाई अनुसन्धान गरिएको छ।

## १.७. अध्ययनको ढाचा संगठन

यस शोधपत्रमा सात ओटा अध्यायहरू छन्। यस अध्ययनलाई कास्की जिल्लाको सदरमुकाममा रहेको पोखरा महानगरपालिका वडा नं. ५ मा मालेपाटनमा गठन भएको धारापानी टोल विकास संस्था (ख) ले समाजमा ल्याएको प्रभावको अध्ययन अनुसन्धान गरी प्राप्त सूचनाको तथा तथ्याङ्कहरूलाई विश्लेषण गरिएको छ। यस शोधपत्रको प्रथम

परिच्छेदमा अध्ययनको पृष्ठभूमि, समस्याको पहिचान, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व लगायत अध्ययन क्षेत्र र सीमा र अध्ययनको ढाँचा संगठनसमावेश गरिएको छ। त्यस्तै दोस्रो परिच्छेदमा साहित्यको समीक्षा अन्तर्गत सैद्धान्तिक समीक्षा साथै पूर्व अध्ययनको समीक्षा रहेको छ। परिच्छेद तीनमा अनुसन्धान विधि अन्तर्गत  अध्ययन क्षेत्रको परिचय, अध्ययन क्षेत्र छनोटको औचित्य, अनुसन्धानका ढाँचा, समग्रता र नमुना छनोट, वैधता र विश्वसनियता, प्राथमिक तथ्याङ्क संकलन विधि र यसको विश्लेषण एवम् प्रस्तुतीकरण समावेश गरिएको छ। परिच्छेद चारमा सामाजिक सुधारमा टोल विकास संस्था अन्तर्गत अध्ययन क्षेत्रको स्थिति र अध्ययन क्षेत्र, उत्तरदाताहरूको सामान्य जनसांख्यिकीय जानकारीहरू समावेश गरिएको छ । परिच्छेद पाँचमा टोल विकास संस्थाले गरेका संस्थागत कार्य यसका मूलभूत मान्यताहरू यसका विशेषताहरू लगायत टोलबाट सञ्चालित गतिविधिहरू समावेश गरिएको छ। यसैगरी परिच्छेद ६ मा वडा नं. ५ अन्तर्गत धारापानी टोल विकास संस्था (ख) को परिचय, यसले स्थानीय विकासमा ल्याएको प्रभाव, टोल विकास संस्थाको अपरिहार्यता र चुनौतीहरू समावेश गरिएको छ। सातौं परिच्छेदमा अध्ययनको सारांश र निष्कर्ष समेटिएको छ। यसैगरी अध्ययनको क्रममा स्थलगत रूपमा प्राप्त तथ्याङ्कहरूलाई स्तम्भचित्र र वृत्तचित्रको माध्यमबाट टोल विकास संस्थाले समाजमा ल्याएको प्रभावको अध्ययन गरिएको छ।

पोखरा महानगरपालिकाका टोल विकास संस्थाहरूले समाजमा ल्याएको प्रभावको अध्ययन यस शोधपत्रमा परिच्छेद एकदेखि परिच्छेद सातसम्म गरी कूल सात भागमा वर्गीकरण गरी राखिएको छ। जसमा प्रश्नावली निर्माण गरी तथ्याङ्क संकलन गर्ने कार्य भएको छ। यसरी स्थलगत रूपमा संकलित प्राथमिक एवं द्वितीय तथ्याङ्कलाई विश्लेषण गर्ने कार्य समेत गरिएको छ। अध्ययनमा देखिएका समस्या र चुनौतीहरूलाई समेत अध्ययनको अन्त्यमा सारांश र निष्कर्षका साथ उल्लेख गर्ने जमर्को गरिएको छ।

# परिच्छेद - दुई
# सन्दर्भ साहित्यको पूनरावलोकन

## २.१ अवधारणा

समुदाय विकास अवधारको विकास चालीसको दशकको शुरुतिर भएको हो भने यो अरूभन्दा जटिल अवधारणाका रूपमा समाजशास्त्र/मानवशास्त्रमा विकास भएको हो। सामाजिक तथा भौतिक पूर्वाधारको सिर्जना तथा आत्मनिर्भरता अभिवृद्धिका माध्यमबाट केन्द्रीकृत सरकारको उद्देश्य पूर्तिका निमित्त ग्रामीण तथा शहरी क्षेत्रको श्रम शक्तिलाई परिचालन गर्न समुदाय विकास हो (प्राट र ब्वाइडेन : १९८९)।

विकासमा जनकेन्द्रित सिद्धान्तको सन्दर्भमा रबर्ट च्याम्बर्सले भनेका छन्- जनताको नाममा जे जति विकासका प्रयासहरू भए त्यसमा जनताको सहभागितालाई पर्दा पछाडि राख्ने गरिन्छ जनतालाई अरूले दिएको विकास लिने तप्काको रूपमा लिइन्छ। यसबाट न जनताको गरिबी हट्छ न त विकासका लागि उनीहरूले आˆनो तर्फबाट जिम्मेवारीपूर्वक केही भूमिका नै निभाउन सक्तछन् न त विकास दिगो नै हुन सक्दछ। यस्तो अवस्थामा विकासलाई दिगो र जनसमुदायको बनाउन जनतालाई निष्क्रिय पात्रको रूपमा होइन सक्रिय सहभागीको रूपमा लिनुपर्दछ। जनतालाई अरूको विकास खाएर बााच्ने निष्क्रिय सेवाग्राही ९एबककक्षखभ च्भअष्उष्भलत० होइन सक्रिय सहभागी ९ब्अतष्खभ एबचतष्अष्उबलत० बनाउनुपर्दछ भन्ने मान्यता दिएको पाइन्छ।उनका अनुसार जनतामा आˆनै अनुभव, ज्ञान, बुझाइ र सीप हुन्छ। उनीहरू आˆना लागि आफैले जान्दछन्। उनीहरूको कल्याणको लागि बाहिरबाट आयातित कुनै मोडेलको जरुरत पर्दैन। विकासको लागि सूचना लिन अर्को कुनै मोडेल होइन जनतासाग बस्ने, उनीहरूको कुरा सुन्ने र उनीहरूबाटै सिक्ने प्रक्रिया अपनाउनुपर्दछ। यसका लागि जनतामा भएको क्षमता, सीप र ज्ञानलाई अगाडि ल्याउनुपर्दछ। यसलाई विकासे मञ्चको पर्दा पछाडि होइन अगाडि ल्याउनुपर्दछ। यसरी बस्ने, सुन्ने र सिक्ने भन्ने कुराको आधारमा जनकेन्द्रित सिद्धान्तलाई व्याख्या गरेको पाइन्छ ( शर्मा, २०६७)।

समुदाय जनकेन्द्रित विकासको प्रक्रिया जनताको सक्रिय सहभागिताबाट थालनी हुनुपर्दछ भन्ने हुन्छ। यस अवधारणाको सर्वाधिक महत्वपूर्ण पक्ष भनेको जनताको आˆनो

अस्मिता, प्रतिष्ठा, गरिमा बचाउन र उाचो उठाउन उनीहरूको रुचि, आवश्यकता र क्षमताअनुसार जनसामान्यले नै विकास प्रक्रियालाई आ^नो हातमा नियन्त्रण र व्यवस्थापनमा लिएका हुन्छन्। स्थानीय स्रोत र साधनहरूलाई अधिकतम उपयोग गरी जनताको भावना अनुसार स्वयं जनताहरूले समस्या पहिचान गरी तर्जुमा गरी कार्यान्व्यन गर्नुपर्दछ र यसको प्रतिफल पनि समान रूपले बाड्नुपर्दछ भन्ने भावनालाई समुदाय जनता केन्द्रित विकासको सिद्धान्तले प्रकाश पारेको पाइन्छ। आ^नो मौलिक ज्ञान, प्रविधि र संगठनद्वारा छरिएर रहेका स्रोत-साधनलाई परिचालन गर्न सकेमा त्यसको प्रतिफल दिगो र समतामूलक हुने गर्दछ। कोर्टनका अनुसार विभिन्न बाहृय बनावट एवम् परनिर्भरताको अतिरिक्त स्वतन्त्र रूपमा आन्तरिक उत्पादनलाई जोड दिइएको एवम् जनताको सहभागिता दिगो र वातावरण अनुकूल मानव हितका लागि सञ्चालित विकासको सिद्धान्तलाई नै जनताकेन्द्रित विकास सिद्धान्त भनिन्छ।यस अवधारणामा पूर्ण सहभागिताको आधारमा जनतालाई विकासको केन्द्रमा राखेर विकास प्रक्रिया अगाडि बढाइन्छ।

समुदाय वा जनताकेन्द्रित विकासे दृष्टिकोण भनेको जनतालाई विकासको प्रमुख संवाहक र सरोकारवाला मान्ने रणनीति हो।यो अवधारणाले जनतालाई पहिलो प्राथमिकता दिनुपर्दछ भन्ने मान्यता राख्दछ। त्यस्तै विकास कार्यक्रमहरूजनताहरूको ढुकढुकी र आवश्यकतामाथि आधारित हुनुपर्नेमा जोड दिन्छ। यसले विकास तल जनताबाट माथि केन्द्रतर्फ जाने हुनुपर्दछ भन्ने मान्यता राख्दछ। यसले स्थानीय जनताको सहभागीतामा आधारीत भएर स्थानीय स्रोत र साधनको परिचालन मार्फत् विकास हुनुपर्दछ भन्ने कुरा माथि जोड दिन्छ।

विकेन्द्रीकरण प्रजातान्त्रिक शासनपद्धतिको महत्त्वपूर्ण आधार हो। स्थानीय तहका लागि स्थानीय निकायलाई राज्यको सबै आवश्यक अधिकार प्रदान गराउने संयन्त्रलाई विकेन्द्रीकरण भनिन्छ। नीति-निर्माण तहमा जनताको सशक्त भूमिका रहनुपर्दछ भन्ने मान्यताको व्यावहारिक पुष्टि विकेन्द्रीकरण अवलम्वन गरेको शासन व्यवस्थामा मात्र गर्न सकिन्छ (घिमिरे, २०६०)।त्यसैले राज्य सञ्चालनमाशक्ति बााडफााड, हस्तान्तरण, प्रत्यायोजन, विकेन्द्रीकरण मूलभूत सिद्धान्त मानिएको छ। विकेन्द्रीकरणले अधिकार प्रत्यायोजन कार्यालयहरूको विस्तार वा छनोटको सिद्धान्तको सट्टा निक्षेपणलाई बढी जोड दिएको पाइन्छ।संसदद्वारा निर्मित कानुनको माध्यमद्वारा अधिकार तथा जिम्मेवारीको हस्तान्तरण गरिन्छ। यस प्रकारको विकेन्द्रीकरणमा परिपूरकताको सिद्धान्तमा आधारित छ। यस सिद्धान्तअनुसार दक्षता र प्रभावकारिता कायम हुने गरी भएसम्म सरकारको सबैभन्दा


तल्लो निकाय स्थानीय निकायद्वारा सेवाको प्रबन्ध उत्पादन र प्रवाह गरिन्छ ।सेवा प्रवाहको यही प्रक्रिया विकेन्द्रीकरणको पूर्वाधार हो। स्थानीय विकास स्थानीय स्रोत परिचालन, स्थानीय आवश्यकताको पहिचान र आवश्यकता परिपूर्तिमा स्थानीय नागरिकहरूलाई परिचालन गरिएको छ ।

स्थानीय निकायलाई सक्षम बनाउन स्थानीय नागरिकहरूलाई जवाफदेहिता वहन गर्ने जिम्मेवारी ग्रहण गर्न सक्षम बनाउने, प्रजातन्त्रभित्र प्रक्रियामा संलग्न गराउने जस्ता परिपाटीको विकास विकेन्द्रीकरणले गर्दछ। नेपालको हरेक क्षेत्र र स्थानमा बस्ने सबै जात, वर्गका जनतालाई अधिकार सम्पन्न गराउनु राज्यका लागि आवश्यक नीति-निर्माणमा जनताको शासक भूमिकालाई स्वीकार गर्नु स्थानीय तहलाई बढी सक्षम, सवल र प्रभावकारी बनाउन विकेन्द्रीकरणको प्रमुख अभिप्रायहो। विकेन्द्रीकरणका लागि नेपालमा विभिन्न समयमा विविध नीति, ऐन, नियमावली, आयोग निर्माण भएको पाइन्छ। उच्चस्तरीय प्रशासन व्यवस्था ऐन २०२२, आयोग २०२०, विकेन्द्रीकरण समिति २०२४ प्रशासन सुधार आयोग २०२५, २१ सदस्यीय विकेन्द्रीकरण समिति २०२४, स्थानीय प्रशासन अध्यादेश २०२८, जिल्ला प्रशासन योजना २०३०, प्रशासन सुधार आयोगको प्रतिवेदन २०३२, एकीकृत पञ्चालन विकासको प्रारूप २०३५, ६ सदस्यीय विकेन्द्रीकरण उपसमिति २०३८, नेपालको अन्तरिम संविधान २०४७, अन्तरिम शासन विधान २०६३, प्रशासन सुधार आयोगको प्रतिवेदन २०४८, स्थानीय विकाससम्बन्धी ऐनहरू २०४८, विकेन्द्रीकरण कार्ययोजना २०५२, विकेन्द्रीकरण तथा स्थानीय स्वायत्त शासनसम्बन्धी प्रतिवेदन २०५३ र स्थानीय स्वायत्त ऐन २०५५ नेपालमा विकेन्द्रीकरणका लागि गरिएका प्रयास र कार्यहरू हुन् (ज्ञवाली, २०६०) स्थानीय स्वायत्त शासन ऐन २०५५ ले गाउा विकास समिति, नगरपालिका, उप-महानगरपालिका, महानगरपालिका र जिल्ला विकास समिति सम्बन्धी सम्पूर्ण व्यवस्था एउटै ऐनमा गरेको छ। यसले शासन पद्धतिको स्वाधीनतामा विशेष जोड दिएको छ। यही स्वाधीनतालाई प्रमुख आधार मानेर टोल विकास संस्था गठन गरिएको छ।

### २.१.१ सुशासन प्रवर्द्धन

शासन भनेको निर्णय लिने र त्यसलाई कार्यान्वयन गर्ने प्रक्रिया हो। असल शासन भनेको जनइच्छा, चाहना, आवश्यकता र आकांक्षामा आधारित योजना बनाउने, त्यसलाई कार्यान्वयन गर्ने, नियम र प्रक्रियालाई सुधार गर्दै लैजाने प्रक्रिया हो (दाहाल, २०६४)। प्रसिद्ध समाजशास्त्री ब्रयासले स्थानीय स्वशासनलाई प्रजातान्त्रिक प्रशिक्षणको आधार मानी

व्याख्या गरेका छन् । सहमति, उन्मुखता, सहभागितामूलक कानुनी शासन, प्रभावकारी र सक्षम, समतामुखी र समावेशी, पारदर्शी उत्तरदायी र जवाफदेही असल शासनका विशेषताहरू हुन् ।




स्रोत : यूएन डि.पी., १९८९

माथिको चार्टले सुशासनलाई बुझाउादछ । प्रजातान्त्रिक आधार पनि सुशासन नै हो ।जनताको भलाइ र कल्याणका लागि सञ्चालन गरिने शासनशैली नै सुशासन हो । यस्तो शासन व्यवस्थाले सबै नागरिकहरूलाई समान हक र अधिकार प्रदान गर्दछ । स्थानीय स्तरमा प्रभावकारी ढङ्गले सेवा सुविधा पुऱ्याउनु मानव संशाधनको उचित प्रयोग गर्नु, लैङ्गिक समानतामा जोड दिनु, सामाजिक, आर्थिक विकासका लागि स्थानीय साधनको परिचालन गराउनु जस्ता कार्यहरू सुशासन भनिन्छ (गुरुङ, २०६४) ।

शासकीय समन्वय एकाइ, शासकीय सुधार कार्यक्रमअनुसार असल शासनका तत्त्वहरू कार्य सञ्चालनप्रति उत्तरदायी, कार्य सञ्चालनका पारदर्शिता कार्य सञ्चालनमा सहभागिता, कानूनको राज जवाफदेहिता, सहमतिको धारणा समाजमा, प्रवीणता र मितव्ययिता, सदाचार वस्तुनिष्ठता, अन्दाज गर्न सकिएन । विकेन्द्रीकरण, शक्तिको उचित प्रयोग नेतृत्त्व, इमान्दारिता, आत्मसन्तुष्टि अल्पसंख्यकको अधिकार र सूचनाको हक भनी व्याख्या विश्लेषण गरेको छ ।स्थानीय निकायमा जनताको लागि सोच्ने, जवाफदेहिता वहन गर्न सक्ने संस्थागत संयन्त्रको विकासमा जोड दिने, जनउत्तरदायी र पारदर्शी नागरिक समाज स्थापना गर्दै प्रजातान्त्रिक प्रक्रिया अनुसारको कार्य गर्ने सेवामुखी संस्थाहरू पर्दछन् ( स्थानीय स्वायत्त शासन ऐन, २०५५) ।

अधिकारमा आधारित सेवा प्रभावहरूमा टोल विकास संस्था तथा नागरिक समाजको भूमिका र दायित्व (१ दिवसीय अनुशिक्षण दिग्दर्शन) २०६२ ले विकेन्द्रीकरणको सिद्धान्तलाई जोड दिएको छ। विकेन्द्रीकरणको सिद्धान्त सम्भव भएसम्म सरकारको सबैभन्दा तल्लो निकाय अर्थात् स्थानीय निकायद्वारा सेवाको प्रबन्ध उत्पादन र प्रवाह गरिने छ। यसले जनभावना अनुरूप कार्य गर्दछ र दिगो समाज विकासमा जोड दिन्छ। साथै स्थानीय सहभागिताबाट दुर्लभ स्रोत साधनको अत्युकतम प्रयोग गर्न सेवाको गुणस्तरमा अभिवृद्धि गर्नु एवं सेवा प्रवाहमा पारदर्शिता अभिवृद्धि गराउन समेत सहयोग पुग्छ। यही नीति अनुरूपको कार्य स्थानीय टोल विकास संस्थाले गर्दै आएका छन्। संगठित समूह सामाजिक परिचालन समावेशीकरण र सशक्तिकरणमार्फत स्थानीय समस्याहरू पहिचान गरी समाधानमा समेत सचेत हुन स्थानीय स्रोत र साधनको समुचित प्रयोग गरी सामाजिक विकासका साथै विभिन्न जनचेतना अभिवृद्धि गर्न विभिन्न कार्यक्रमको चेतना अभिवृद्धि गर्न टोल विकास संस्था सक्रिय रूपमा लागेको छ। टोल विकास संस्थाको यस्ता जनमुखी कार्यलाई वास्तवमा सुशासन भन्न सकिने अवधारणाको विकास भएको छ।

## २.२. सैद्धान्तिक समीक्षा

स्थानीय निकायलाई स्थानीय सरकार पनि भनिन्छ। शक्ति स्रोत नीति निर्माण र कार्यान्वयनको आधार हेर्दा नेपालमा स्थानीय निकाय स्थानीय सरकार बन्न सकेको छैन। केन्द्रीय निर्देशनअनुसार स्थानीय कार्य सम्पादन गर्नुपर्ने हुादा यस्तो समस्या भएको छ। स्थानीय स्वायत्त शासन भन्नेवित्तिकै शक्तिको विभाजन केन्द्रीय र सरकारको पदाधिकारी बीच हुन्छ भन्ने बुझिन्छ। आधारभूत विषय जस्तो शिक्षा, स्वास्थ्य, रोजगार, विदेश नीति, मौद्रिक नीति, सुरक्षा इत्यादिको निर्णय केन्द्रले दिन्छ भने संस्कृति, वातावरण, स्थानीय स्रोत परिचालन र व्यवसाय, शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो, सडक, बत्ती, ढल निकास जस्ता विषयहरूको निर्माण स्थानीय निकायले गर्दछ।

सामाजिक तथा सांस्कृतिक विकास गरी स्थानीय विकास प्रशासनमा स्थानीय जनतालाई सरिक गराउन “पञ्चायत ऐन २०१८”, “नगरपञ्चायत ऐन २०१९” तथा “जिल्ला पञ्चायत ऐन २०१९” लागू गरिएको थियो। वि.सं. २०१८ सालमा पहिलो पटक विकेन्द्रीकरणको मान्यतामा आधारित स्थानीय निकायको माध्यमद्वारा आर्थिक, सामाजिक, सांस्कृतिकको व्यवस्था गरिएको थियो। त्यस्तै राज्यको तल्लो तहदेखि प्रजातान्त्रिक अभ्यास र स्थानीय क्षेत्रको विकासका लागि वि.सं. २०२९ सालमा विकेन्द्रीकरण ऐन जारी गरिएको

थियो। जुनसुकै उद्देश्य र लक्ष्यका लागि यस ऐनलाई महत्त्वपूर्ण मानिएको छ। वि.सं. २०४६ सालको राजनैतिक परिवर्तनपश्चात् निर्मित "नेपाल अधिराज्यको संविधान २०४७" ले राज्यका निर्देशक सिद्धान्तका रूपमा विकेन्द्रीकरणद्वारा जनअधिकार प्रदान गरेको थियो। स्थानीय निकायहरूलाई शक्ति हस्तान्तरणका लागि वि.सं. २०४८ सालमा गा.वि.स. ऐन, नगरपालिका एवं जि.वि.स. ऐन समेत जारी गरिएको भए तापनि स्थानीय तहमा निस्पक्ष, पारदर्शी र जवाफदेही रूपमा काम भएको पाइदैन।

वि.सं. २०५५ सालमा पूर्ववत् सबै स्थानीय ऐन खारेज गरी स्थानीय स्वायत्त शासन ऐन २०५५ जारी भयो।सो ऐनमा शासनपद्धतिमा स्थानीय निकायको स्वाधिनतालाई जोड दिइयो। विकेन्द्रीकरण तथा अधिकार प्रत्यायोजन सक्षम, स्वाभिमान स्थानीय शासन स्थानीय क्षेत्रको दिगो विकासजस्ता मान्यता रहेका छन्। सो ऐनमा स्थानीय निकायको विकास निर्माण तथा मानव संशाधनका लागि सरकारी तथा गैरसरकारी संघ संस्थाहरूसाग समन्वय गरी कार्ययोजना निर्माण गर्न व्यवस्था गरिएको छ। यसै मान्यताका आधारमा टोल विकास संस्थाको जन्म भएको हो। स्थानीय निकायमा बसोवास गर्ने स्थानीय टोलवासीको समग्र विकासका लागि टोल विकास संस्था गठन गरिएको हो।

स्थानीय विकासमा स्थानीय नागरिकहरूको भूमिकामा बढी जोड दिएको छ। शासनको प्रवर्द्धन, सामाजिक न्यायको समन्याय ९भ्त्रगष्तथ० का लागि स्थानीयस्तरमा विकेन्द्रीत सिद्धान्त अनुरूपको काम यसले गर्दै आएको छ। टोल विकास संस्थालाई विकेन्द्रीकरणको सिद्धान्तअनुरूप गठन भएका स्थानीय निकाय भनिन्छ। यी संस्थाहरूले स्थानीय स्तरमा दिगो विकासको पहल गर्दछन्। यसका लागि सबै टोलवासी जनतालाई नागरिक हकअधिकार र नागरिक कर्तव्यसमेत प्रदान गराउने प्रयास टोल विकास संस्थाले गराउादै आएका छन्। स्थानीय निकायको अध्ययन विकेन्द्रीकरणको सिद्धान्तभन्दा भिन्न राखेर सोच्न सकिदैन। स्थानीय स्वायत्त शासन ऐन २०५५ का दफा २३४ देखि २३९ सम्मका दफाहरूले स्थानीय निकाय र केन्द्रीय सरकारको बीचको सम्बन्धलाई निरूपण गरेको छ। केन्द्रीय सरकारले स्थानीय निकायलाई दफा २४३ ले व्यवस्था गरेअनुसारको अधिकार हस्तान्तरण गरेको छैन। नेपालको अन्तरिम संविधान २०६३ को भाग १७ मा राज्यको ढाचा र स्थानीय स्वायत्त शासनका बारेमा उल्लेख गरिएको छ। त्यसैगरी नेपालको संविधान २०७२ को भाग ५ राज्यको संरचना र राज्यशक्तिको बााडफााड धारा ५६ राज्यको संरचना अन्तर्गत स्थानीय तहको बारेमा उल्लेख गरिएको छ।नेपालको संविधान २०७२ भाग ४ धारा ५१ च (३) मा विकास निर्माणको प्रक्रियामा स्थानीय

जनसहभागिता अभिवृद्धि गर्ने भनी उल्लेख गरिएको छ। त्यसैगरी राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड धारा ५६ को राज्यको संरचना अन्तर्गत स्थानयि तहको बारेमा उल्लेख गरिएको छ। संविधानमा व्यवस्था भएअनुसार अधिकार निक्षेपण हुन भने अझै सकेको छैन। त्यसैले स्थानीय निकायको कार्य ढिलो हुन गएको छ।

### २.२.१ विकासको अवधारणा

मानव समुदायमा भएका र हुँदै आएका भौतिक परिवर्तनलाई मात्र विकास मान्न सकिँदैन। विकास एक निरन्तर हुने प्रक्रिया हो।समयक्रमलाई हेर्ने हो भने विकासको आदि अन्त्य र मध्य हुँदैन। समयअनुसार विकासको गति, ढाँचा, संरचना र मापदण्ड फरक हुन्छ वा विकास निरन्तर रूपमा नै हुन्छ। विकासको अर्थ सापेक्ष हुँदैन र पूर्ण विवरण गर्न सकिँदैन।विकासले भौतिक परिवर्तनको साथै समाजको, आर्थिक, राजनैतिक, सांस्कृतिक, सामाजिक, आर्थिक र त्यसको वैयक्तिक अथवा मानव संशाधनमा भएका परिवर्तनहरूलाई दर्साइएको हुन्छ। विकास एउटा आर्थिक, सामाजिक र राजनैतिक र सांस्कृतिक प्रक्रिया हो। जहाँबाट मानव आवश्यकताहरू आर्थिक तथा राजनैतिक पक्षमाथि पहुँच बृद्धि गरी पूर्ति गर्न सकिन्छ (सहकार्य, २०६३)।

दोस्रो विश्वयुद्धपछि मात्र विकाससम्बन्धी रणनीति तय भएको हो। सन् १९५० देखि १९६० को दशकमा विकासलाई आर्थिक रूपमा विश्लेषण गरिएको थियो। सन् १९७० सम्म विकासलाई जनताको पहुँचका आधारमा र १९८० पछि मानव विकासको अवस्थालाई विकासको प्रमुख सूचक मानेको पाइन्छ। राष्ट्रसंघीय विकास कार्यक्रमले १९९० मा मानव विकास प्रतिवेदनसमेत तयार पारेको छ। "जनताको दिर्घायु स्वास्थ्य र रचनात्मक जीवनशैली परिवर्तन नै विकास हो" (युएनडीपी, १९९५)। जुन समयमा जसले जे भने पनि विकासको गतिमा अवरोध सिर्जना गर्ने प्रमुख कारक तत्त्व विद्यमान गरिबीलाई मान्न सकिने अवधारणा विश्वका मानवशास्त्रीहरूले व्यक्त गरेका छन्। पाश्चात्य विद्वान् मिकाइल टोडोरोले विकासलाई संस्थागत परिवर्तन र गरिबी न्यूनीकरण अनि अधिक बृद्धिका रूपमा प्रस्ट्याएका छन्। विकाससम्बन्धी यो मान्यताले समाजप्रति विकासद्वारा गरिबी न्यूनीकरण गरिदिएको छ।

### २.२.२. सामाजिक परिवर्तन

मानिसको सोचाइ र कार्य प्रणालीको तरिकामा रूपान्तरण आउनु नै सामाजिक

परिवर्तन हो (जोनसन) प्राचीन कालको समाज समय अन्तरालमा प्रारम्भको घुमन्ते समाजदेखि वर्तमानको आधुनिक समाजमा आउादा सामाजिक जीवनका हरेक पलमा परिष्कार तथा परिमार्जन भए। समाज विकास प्रक्रियामा कुनै संस्थाहरू, नाता, सम्बन्ध, प्रचलन नियम कानूनहरू, कार्यप्रणाली, निर्माण, व्यवहार तथा अन्तर सम्बन्धमा विकास हुादै परिवर्तन र परिष्कारबाट वर्तमान समाज औद्योगिकतर्फ बदलिादै छ। मानिसको सिङ्गो जीवन पद्धतिको तरिका नै संस्कृति हो। खास गरी सामाजिक मूल्य, मान्यता, परम्परा संस्कार, भाषा, कला, संस्कृति, भेषभूषा प्रविधि, उत्पादनको तरिका कानून, नैतिक पक्ष, सोचाइ दृष्टिकोण आदिमा आउने परिवर्तनलाई सांस्कृतिक परिवर्तन भनिन्छ। समाज र संस्कृति छुट्याउन नसकिने नियमहरू हुन् जुन एक अर्कामा अन्तरसम्बन्धित भै दुवैमा आपसी प्रभाव पर्दछ।

यो अध्ययन मूलतः आधुनिकीकरण अवधारणा अन्तरगत रहेर गरिएको छ।धारापानी टोल विकास संस्थाले गरेका कार्यहरू आधुनिक समाजमा विकसित रूपहरू देख्न सकिन्छ। यसबाट भएका कार्यहरूबाट यस क्षेत्रका मानिसहरूमा रोजगारीका अवसरहरू प्राप्त हुनु, शिक्षाको क्षेत्रमा परिवर्तन भएको देखिन्छ। संस्थाले सामाजिक तथा सांस्कृतिक परिवर्तनका सिद्धान्तहरू, उद्‌विकासवादी, प्रविधियुक्त सिद्धान्त, सांस्कृतिक आदानप्रदानको सिद्धान्त, आर्थिक सिद्धान्तसमेतको प्रयोग गरेको पाइन्छ।

## २.३. पूर्वअध्ययनको समीक्षा

नेपालमा परम्परादेखि नै सामुदायिक तहमा जनताकेन्द्रित विकासका कार्यक्रमहरू सञ्चालन हुादै आएको पाइन्छ। जनकेन्द्रित विकास सिद्धान्त र रणनीतिको चर्चा गर्दा विकासमा संलग्न परम्परागत संघ-संगठनहरूलाई पनि ध्यान दिनुपर्दछ। यस्ता संघ, संस्था तथा संगठनहरूले आˆनै ढंगले कुलो बनाउने, नहर खन्ने, पाटीपौवा निर्माण गर्ने, बाटो बनाउने श्रमको विनिमय गर्ने गर्दछन्। नेपालमा राणाकालभन्दा अगाडिका साथै सातसाले राजनैतिक परिवर्तनभन्दा अगाडि नेपालभित्रै बुनाई, सिलाइ-कटाइ, खानेपानी, बाटो, वनको उपयोग र संरक्षण, पाटीपौवा, विहार, अनाथालय, खानी, भाडाकुडा, कुलो, बााध, राडी, पाखी, काम्लो बनाउने (अहिलेसम्म पनि जुम्ला, हुम्ला, कालीकोट, काठमाडौं आदि ठाउामा छ।) सिचाई, सांस्कृतिक समारोह, प्राकृतिक स्रोत र साधनको परिचालन, उपयोग, वितरण, सञ्चालन, संरक्षण, सम्बर्द्धनसाग सम्बन्धित विकासका कार्यहरू, दण्ड-सजाय सम्बन्धी नीतिनियमहरूको निर्माण, त्यसको कार्यान्वयनजस्ता कुराहरूजनस्तरको छलफल, कचहरी,

भेला आदिबाटै हुन्थ्यो । यसमा सरकारको कुनै सम्बन्ध नै हुने थिएन । (शर्मा : २०६७)

नेपाली समुदायमा रहेका मौलिक संस्थाहरू (भेजा, गुठी, रोदी, पर्म आदि) ले समुदायमा विभिन्न क्रियाकलापलाई सञ्चालन गर्न लामो समयदेखि योगदान दिदै आएको पाइन्छ । पाटीपौवा, भोजभतेर, सांस्कृतिक कार्यक्रम, आर्थिक कार्यक्रम, पर्वजात्रा, जन्ममृत्यु संस्कार आदिको कार्य गर्दै आएको पाइन्छ । तर आज यी सबै संस्थाहरूले स्थानीय विकासका विभिन्न जागृतिमूलक कार्यक्रम, आयआर्जन एवम् सांस्कृतिक र स्वावलम्बी कार्यक्रहरूमा जनतालाई केन्द्रविन्दुमा राखेको पाइन्छ ।

सन् १९८२ मा विकेन्द्रीकरण ऐन अन्तर्गत विकासमा उपभोक्ता समूहको गठन गर्ने अवधारणालाई जोड दिइएको थियो, जुन जनता एवम् समुदाय केन्द्रित रहेको छ ।स्थानीय निकायहरूलाई विकेन्द्रीकरणको सिद्धान्तको अधिकार र जिम्मेवारीहरू हस्तान्तरण प्रत्यायोजन गर्नुका साथै दक्षता र प्रभावकारिता कायम हुन सम्भव भएसम्म सरकारको सबैभन्दा तलको निकायद्वारा नागरिक सेवामा प्रवन्ध मिलाइएको हुन्छ ।यस्तो सेवा लक्षित वर्गसम्म सहज रूपमा पुग्छ जबसम्म स्थानीय निकाय, समुदाय स्थानीय विकासमा सक्रिय हुन्छन् । सक्रिय क्रियाशील, कर्तव्यनिष्ठ नागरिक समाज निर्माणमा राज्यका हरेक अङ्गहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । स्थानीय स्वायत्त शासन ऐनले गाउा विकास समिति, नगरपालिका,उपमहानगरपालिका, महानगरपालिका, जि.वि.स.लाई स्थानीय निकायका रूपमा परिभाषित गरेको छ ।

पोखरा महानगरपालिकामार्फत स्थानीय तहमा टोल विकास संस्था गठन भएका छन् । टोल विकास संस्थाको गतिविधि गठन र यसको विकासमा नगर सुशासन टोलमा सुशासनका लागि गठन गरिएका हुन् । टोल विकास संस्थाले स्थानीय वासिन्दाहरूलाई स्थानीय विकास र स्थानीय विकासमा सरोकार राख्नु पर्ने नागरिक कर्तव्य हो भनी पाठ सिकाएको छ । टोल विकास संस्थाका लागि टोलवासी नागरिकहरूको वा नागरिक समाजको भूमिका महत्त्वपूर्ण हुन्छ ।

“घर परिवारभन्दा व्यापक तथा राज्य वा सरकारभन्दा अलग अस्तित्त्व भएका सामाजिक कार्यमा संलग्न, निस्वार्थ एवं स्वयंसेवी व्यक्तिहरूको समूह, समाजको मानवीय संवेदनशीलतासाग आवद्ध सामाजिक जागरण र चेतनाको संवाहकको रूपमा क्रियाशील समाजसेवाप्रति प्रतिवद्ध तथा पारस्परिक समन्वय र एकतामा आधारित एवं सरकार र बजार संयन्त्रभन्दा बाहिरको समूह वा आन्दोलन नै नागरिक समाज हो (स्थानीय विकास मन्त्रालय) यस परिभाषाअनुसार समाजभित्र देहायअनुसारका संघसंस्था, निकाय तथा समूहहरू पर्दछन्

(स्थानीय वि.म.)

(१) टोल विकास संस्था

(२) पेशागत संघ संस्थाहरू

(३) जातिगत संस्थाहरू

(४) मानव अधिकारवादी संस्थाहरू

(५) धार्मिक, सहकारी, गैरसरकारी, मानव अधिकारवादी संघसंस्थाहरू

(६) संचार माध्यम

(७) आमा समूह, क्लवहरू

(८) उद्योग वाणिज्य संघसंस्थाहरू ।

विकेन्द्रीकरण वडास्तरसम्म मात्र भएकोमा वडास्तरमा समेत अधिक घरधुरी तथा जनसंख्या भएकोले सम्पूर्ण वडावासीलाई विकास निर्माणको निर्णयस्तरमा ल्याउन असम्भव महसुस गरी उक्त वडास्तरलाई अझ तल्लो निकाय वा नगरवासीको घरदैलोमा विकास पुऱ्याउनका लागि टोल विकास संस्थाको गठन भएको हो । सामाजिक तथा आर्थिक विकासका लागि स्थानीय स्रोत र साधन परिचालन गरी लक्षित वर्ग गरिब तथा न्यून आय भएका पिछडिएका जनसमुदाय जनजाति पर्दछन् । टोल विकास संस्थाको माध्यमद्वारा शहरी क्षेत्रका गरीब जनताको दिगो जिविकोपार्जन अधिकारको सुनिश्चितता पनि हो (स्था. वि.अ.) ।

नगरपालिकाका वडाहरूमा गठन भएका टोल विकास संस्था तथा आमा समूहहरूले गरिब जनताका पक्षमा सामाजिक कार्य गर्दै आएका छन् । उनीहरूले विकासको मूलधारमा अगाडि बढाउने रणनीति अपनाएका छन् । यस सम्बन्धमा टोल विकास संस्थाको र नगरपालिका बारेमा विभिन्न व्यक्ति र संघ संस्थाहरूले अनुगमन गरे तापनि टोल विकास संस्थाले गरेको काम र खेलेको भूमिका बारेमा प्रभावकारी अवधारणा आएको पाइदैन । त्यसैले यस अध्ययनले टोल विकास संस्थाले गर्दै आएका कार्य र यसका कमजोरीहरूलाई जनसमक्ष प्रस्तुत गर्ने प्रयास गरेको छ । टोल विकास संस्थाको प्रमुख क्रियाकलाप समाज परिचालन, उद्यम, विकास, विभिन्न संगठन, विकासका लागि तालिम र सुदृढीककरण, सशक्तिकरण, सार्वजनिक सेवा प्रवाहमा सुधार रहेका छन् । यसबाट पनि टोलमा रहे/भएका पछौटेपन ढिलासुस्ती आदिको परिचालन भई टोल विकास संस्थाको सम्पूर्ण कार्यहरू पारदर्शी र निष्पक्ष रूपमा सञ्चालन भएका कारण प्रत्येक टोलका घरधुरीहरू टोल विकास संस्थामा आवद्ध भएर विकासमा जुट्दछन् ।

त्यसैगरी टोल विकास संस्थाको बचत कार्यक्रम सञ्चालन निर्देशिका लेखक रमेश

अधिकारीले पनि शहरी गरिबीलाई सामूहिक बचत र आपसी सहयोगबाट आर्थिक गर्जो टार्ने अवधारणा व्यक्त गरेका छन्। जुन अवधारणा नेपालका सबै नगरपालिका हुादै पोखरा महानगरपालिकाले आ^ना वडाहरूमा लगाउन सुझाव दिएको छ। नगरपालिकाभित्र यो शाखा महत्त्वपूर्ण रहेको छ। नगरका हरेक गतिविधिमा टोल विकास संस्थालाई पोखरा महानगरपालिकाले सहभागी गराई उनीहरूको राय, सुझाव र सल्लाहलाई मनन गरी कार्यान्वयनमा ल्याएको पाइन्छ। यसबाट टोल विकास संस्था दरिलो खम्बाको रूपमा सक्रिय संस्थाको रूपमा आफूलाई उभ्याइएको छ।

यस अध्ययनका लागि आवश्यक तथ्याङ्कहरू पोखरा महानगरका गरिबी न्यूनीकरण सामाजिक परिचालन शाखा नमुना छनोटमा परेका वडाहरू र उक्त वडामा गठित टोल विकास संस्थाहरूबाट सङ्कलन गरिएको छ। त्यस्तै गरी मानव विकास प्रतिवेदन २००१-२०१३ गरिबी न्यूनीकरण कार्यक्रम सम्बन्धी कार्यपत्रहरू, विभिन्न आमा समूह तथा क्लवहरू र तिनका प्रतिवेदनहरू, अन्य पत्रपत्रिकामा प्रकाशित लेख, रचनाहरू र पोखरा महानगरपालिकाबाट प्रकाशित पोखरा नगर गतिविधिका विभिन्न अङ्कहरूलाई अध्ययनको प्रमुख स्रोत बनाइएको छ।त्यस्तै गरी मानव विकास प्रतिवेदन २००१-२०१३ गरिबी न्यूनीकरण कार्यक्रम सम्बन्धी कार्यपत्रहरू, विभिन्न आमा समूह तथा क्लवहरू र तिनका प्रतिवेदनहरू, नागरिक राष्ट्रिय दैनिक, २९ भदौमा कहिले छाड्ला गरिबीले ? शीर्षकको लेख, ल्भउर्बा ज्फबल म्भखभयिऊभलत च्भउयचत, द्दण्ण्द्ध, ञ्उयधभचकभलत बलम एयखभचतथ म्भमगअतष्यल, न्यखभचलकभलत या लभउब, क्भउतझ्दभच, द्दण्ण्छ, ल्बतष्यलर्बा एबिललष्लन ऋयकष्ककष्यल क्भअचभतबचष्बतभ पोखरा महानगरपालिका वडा नं. ५द्वारा प्रकाशित वडा दर्पण आदिको अध्ययन गरिएको छ। त्यस्तै गरी लक्ष्मी कार्कीले सामुदायिक विकासमा आमा समूहको भूमिका शीर्षकमा लेखिएको शोधपत्रमा सामुदायिक विकासमा आमा समूहले कस्तो भूमिका खेलेको छ। त्यहाा आमा समूहले पारेको प्रभाव र समाजमा आएको सकारात्मक परिवर्तनको बारेमा उल्लेख गरिएको छ। त्यस्तै शिवप्रसाद गौतमले लेखेको सामुदायिक विकासमा टोल विकास समितिले खेलेको भूमिका शीर्षकमा लेखिएको शोधपत्रमा टोल विकास समितिले समाजमा ल्याएको परिवर्तनहरूको बारेमा लेखिएको छ।

माथि उल्लेखित विभिन्न कार्यपत्रहरू, वडा नं. ५ द्वारा प्रकाशित वडा दर्पण, नगरपालिकाद्वारा प्रकाशित विभिन्न पुस्तकहरू, पुराना शोधपत्र आदिको अध्ययन गरी यो शोधपत्र तयार पारिएको छ।

# परिच्छेद - तीन
# अनुसन्धान विधि

## ३.१. अध्ययन क्षेत्रको परिचय

स्थानीय विकासमा टोल विकास संस्थाको भूमिका : धारापानी टोल विकास संस्था ख को अध्ययन क्षेत्र अन्तर्गत पोखरा महानगरपालिका वडा नं. ५ को सम्पूर्ण क्षेत्रलाई लिइएको छ ।

अध्ययन क्षेत्र वा पोखरा महानगरपालिका वडा नं. ५ को पूर्वमा वडा नं. ४ र ८ पश्चिममा वडा नं. १८ उत्तरमा वडा नं. ४ र १८ र दक्षिणमा वडा नं. ६ र ७ पर्दछन र क्षेत्रफल १७८ वर्ग कि.मि. रहेको छ। समाजशास्त्रमा स्थानीय विकासमा टोल विकास संस्थाको भूमिका विषयवस्तुलाई आफुले शोधको रूपमा लिई कार्य गर्न इच्छुक भएकाले नै उक्त क्षेत्रलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ ।

## ३.२. अध्ययन क्षेत्र छनोटको औचित्य

पश्चिमाञ्चल विकास क्षेत्रको सदरमुकामका साथै कास्की जिल्लाको मुटुमा रहेको पोखरा महानगरपालिकाका ३३ वडामा टोल विकास संस्थाहरू गठन भई क्रियाशील रूपमा कार्य गर्दै आएका छन् भने कति गठन हुने क्रममा रहेका छन्। यस अध्यनयमा पोखरा महानगरपालिका वडा नं. ५ नमुना छनोट गर्नुको मुख्य कारण नगरको मुख्य वडा रहेको छ। यस वडामा अन्य वडाको तुलनामा अति विपन्नदेखि अति सम्पन्न परिवारको बसोवास रहेको छ। जसमा दुई वटा सुकुम्वासी टोल,दुईवटा बसाइसराई गरी स्थापित टोल,दुई वटा तरकारी उत्पादनका साथै रेशम कीरा विकास कार्यालय, क्षेत्रीय कृषि तालिम केन्द्र, चिया तथा कफी विकास वोर्ड, कृषि अनुसन्धान केन्द्र, क्षेत्रीय कृषि निर्देशनालय, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, सशस्त्र प्रहरी वल, कालिका गण, सहारा इन्टरनेशनल पोलिक्लिनिक, लेकसिटि हस्पिटलका साथै पेट्रोल पम्पहरू अधिक मात्रामा रहेको क्षेत्र पनि हो। विभिन्न जनजातिहरूको बसोबास रहेकोवडा भएको कारण पनि यस वडा छनोट गर्नुको एक महत्त्वपूर्ण कारण हो। यस वडा अन्तर्गतको पर्स्याङस्थित बसोवास गर्ने बहुसंख्यक वासिन्दा कुनै न कुनै पेशा व्यवस्थामा संलग्न रही आय-आर्जन बृद्धि गरेका छन् ।यस टोल विकासमा टोल विकासको भूमिका कस्तो रहेको छ। टोल विकास संस्थाले टोलका लागि के कस्ता

कार्यक्रम सञ्चालन गरी टोलवासीको सहयोग गरेको छ छैन भनी अध्ययन गर्नु नै यस वडा र टोल नमूना छनोटमा पर्नु अर्को कारण हो । त्यस्तै द्वितीय तथ्याङ्कबाट यस टोल विकास संस्थामा बसोवास गर्ने अधिक जनसंख्याहरू गरिब तथा जनजाति रहेका छन् र उनीहरूको शैक्षिक अवस्था रोजगारीको अवस्था कुन अवस्थामा छ भनि अध्ययन गर्नु एक महत्त्वपूर्ण कार्य ठानी यस अध्ययनका लागि यस वडा र टोल प्रमुख प्राथमिकतामा परी छनोट गरिएको हो । पोखरा महानगरपालिकाको दृष्टिकोणमा यस वडाका टोल विकास संस्थाहरू अन्यको तुलनामा बढी सक्रिय देखिनु, उनीहरूले कसरी आ ्नो टोलको विकास गर्न सकिन्छ, टोलका सदस्यहरूकालागि स्वरोजगारमूलक तालिम कसरी प्रदान गर्न सकिन्छ भनीसक्रियता देखाएका कारण पनि यस टोल विकास संस्थामा गरिबी न्यूनीकरणका प्रयासहरूको एक अध्ययन अनुसन्धान गर्नु औचित्यता ठानी यसै वडा र विशेष गरी पर्स्याङ अन्तर्गत धारापानी टोल विकास संस्था'ख'छनोट गर्न उचित लागेको हो । जसबाट यस धारापानी टोल विकास संस्था 'ख'अध्ययन गर्न लायक टोल विकास संस्थाको रूपमा रहेको पनि अध्ययनको क्रममा पाइएको छ । किनभने पहिला यो वस्तीग्रामीण वस्तीको रूपमा रहेको थियो ।सामाजिक सुधारका लागि यसले निकै नै महत्वपूर्ण भूमिका खेलेको छ ।

## ३.३. अनुसन्धान ढाँचा

यो अध्ययनमा टोल विकास संस्थाले स्थानीय विकासमा पुऱ्याउको योगदानको बारेमा अध्ययन विश्लेषण गर्नको लागि वर्णनात्मक र अन्वेषणात्मक अनुसन्धान ढाचा अपनाइएको छ । यसले टोल विकास संस्थाको गठन कार्यहरूको बारेमा अध्ययन गरिएको वर्णनात्मक भएको छ भने स्थानीय विकासमा टोल विकास संस्थाको भूमिका खोज्ने भएकोले यो अन्वेषणात्मक भएको छ। यो उद्देश्यका लागि अध्ययनका क्रममा कुनै विशिष्ट परिकल्पना र त्यसको कुनै परिवर्तनहरू लिइएको छैन ।अनुसन्धान गरिएका तथ्यहरूलाई चरणवद्ध रूपमा विवरणात्मक र विश्लेषणात्मक रूपमा तयार पारिएको छ ।

## ३.४. तथ्याङ्क संकलनका प्रकृति र स्रोतहरू

यस अनुसन्धानमा वास्तविक तथ्याङ्क प्राप्त गर्न गुणात्मक र सङ्ख्यात्मक माध्यम प्रयोग गर्दै त्यहााका वासिन्दाहरूसाग गहिरो सम्बन्ध र विश्वासको वातावरण कायम गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।विषयवस्तुको प्रकृतिअनुसार तथ्याङ्क संकलन २ प्रकारबाट गरिएको छ ।

३.४.१. प्राथमिक स्रोत

अध्ययन क्षेत्रमा नै पुगेर प्रश्नावली, अन्तरवार्ता, अवलोकन, समूह केन्द्रित छलफल आदिको माध्यमबाट गरिएको छ। प्राथमिक स्रोतबाट सङ्कलन गरिएको तथ्याङ्कलाई नमूनाको रूपमा फरक फरक विधि प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

३.४.२. द्वितीय स्रोत

यसमा सम्बन्धित गा.वि.स. कार्यालय, जि.वि.स. कार्यालय, सडक विभाग, गा.वि.स. भित्रका विद्यालयहरू, स्थानीय स्तरका संघ संस्था लेख, रचना, पत्रपत्रिका, पुस्तक, अप्रकाशित शोध आदिबाट तथ्याङ्क सङ्कलन गरिएको छ ।

## ३.५. समग्रता र नमुना छनोट

प्रतिनिधिमूलक क्षेत्रका रूपमा पोखरा महानगरपालिका वडा नं. ५ का २२ वटा टोल विकास संस्थाहरूलाई नगरको समग्रताको रूपमा छनोट गरिएको छ भने यी २२ वटा टोल विकास संस्थामध्ये पनि धारापानीटोल विकास संस्था "ख" को नमुनाको रूपमा छनोट गरी अध्ययन-अनुसन्धान गरिएको छ ।यस टोल विकास संस्थामा रहेका २०० घरधुरीमध्येबाट ५० घरधुरीलाई नमुना छनोटको रूपमा लिइएको छ ।जसमध्ये १०० घरधुरीका ५११ जनसंख्यालाई यस शोधपत्रमा लिइएको छ ।धारापानी टोल विकास संस्था "ख"को सुक्ष्म एवं पृष्ठ क्षेत्रका रूपमा अध्ययनमा छनोट गर्नुको मूल कारण यस टोलमा ग्रामीण क्षेत्रका मानिसहरू बसोवास गर्नु, अन्य टोलको तुलनामा यस टोल पछाडि पर्नु र गरिबीको रेखामुनि रहेका व्यक्तिको बसोवास हुनु हो । यसरी यो टोल विकास संस्थामा आवद्ध सदस्य संख्या, उनीहरूको स्थलगत कार्य निरीक्षण, छलफल, अन्तर्वार्ता र क्रियाशीलतालाई उद्यमशीलतालाई अध्ययनको आधार मानिएको छ ।

३.६. वैधता र विश्वसनियता

प्रश्नावली अनुसूचिलाई सकेसम्म वैधता र विश्वसनियता बनाउन टोल विकास संस्थामा संलग्न व्यक्तिहरूमध्ये प्रत्येक घरबाट १ १ जना पर्ने गरी २० जनाहरूसाग परीक्षण गरियो। यसरी अध्ययनको क्रममा आवश्यक पर्ने सूचना भरपर्दो र विश्वसनीय ढंगबाट प्राप्त हुने विश्वास भएपछि मात्र पूर्ण परीक्षण गरिएको प्रश्नावली अनसूचिलाई प्रयोगरिएको शतप्रतिशत भरपर्दो र विश्वसनीयता प्रदान गरेको छ।

## ३.७. प्राथमिक तथ्याङ्क संकलन विधि र प्रविधिहरू

पोखरा महानगरपालिका वडा नं. ५ धारापानीटोल विकास संस्था गठन पश्चात् परिचालन गर्ने शाखा हो। टोल विकास संस्थाहरूले स्थानीय स्रोत र साधनको परिचालन गरी स्थानीय विकास सामाजिक सुधार गर्ने लक्ष्य देखेको छ सोही लक्ष्य पूरा गर्नका लागि महानगरपालिकाले नगरका ३३ वटै वडाहरूमा टोल विकास संस्था गठन आवश्यकता अनुसार गरेको छ।विकासका लागि टोल विकास संस्थाले आ-आ^ना टोलमा आय-आर्जनमूलक उद्यम तथा व्यवसाय सञ्चालन गर्न सदस्यहरूलाई सहयोग गरेको छ। टोल विकास संस्थाको गठन, कार्य सामाजिक प्रभाव र यसका कमि कमजोरीका साथै विद्यमान चुनौतीका बारेमा तथ्याङ्क सङ्कलन निम्न विधिहरूको प्रयोग गरी अनुसन्धान गरिएको छ।

### (क) प्रश्नावलीअनुसूची

नमुनाको रूपमा छनोट भएको वडा र उक्त वडामा गठित धारापानीटोल विकास संस्था “ख” तथा जनहित महिला समूहका पदाधिकारी एवं सदस्यहरूलाई भेटी आवश्यक घरपरिवार संख्या, आम्दानीको स्रोत, टोल विकास संस्थाले पुऱ्याएको सहयोग, टोलको बचत र टोल विकास संस्थाको निरन्तरताकाबारेमा प्रश्नहरू गरी उत्तर संकलन गरिएको छ।

### (ख) लक्षित समूह छलफल

टोल विकास संस्था तथा आमा समूहका पदाधिकारीहरू र लाभान्वित वर्गलाई केन्द्रीकृत गरी जनचेतना, उद्यमशीलता र गरिबी न्यूनीकरणमा भएको परिवर्तन, सामाजिक अवस्थाका बारेमा सदस्यहरूसाग ३ समूह बनाई छलफल गरियो।

### (ग) अवलोकन

सामाजिक सुधारमा आएको परिवर्तनका लागि धारापानी टोल विकास संस्था र जनहित महिला समूहको वस्तुस्थिति प्रत्यक्ष अवलोकन गरी तथ्याङ्क संकलन गर्ने क्रममा धारापानी टोल र रातामाटा लगायतका अन्य टोलहरूमा अवलोकन गरिएको छ।

### (घ) मुख्य सूचनादाताहरू

विकासका लागि टोल विकास संस्थार आमा समूहको भूमिका विषयक अध्ययनका लागि आवश्यक तथ्याङ्क पोखरा महानगरपालिका सामाजिक परिचालन शाखा, सामाजिक परिचालकहरू र अन्य कर्मचारीहरूका साथै मुख्य गरी टोलवासीहरूसाग अन्तर्वार्ता गरी सूचना संकलन गर्ने क्रममा धारापानी टोल विकास संस्था “क” का अध्यक्ष हिरामणि पण्डित, धारापानी टोल विकास संस्था “ख” का अध्यक्ष धनञ्जय शर्मा पौडेल, पर्स्याङ रातामाटा टोल विकास संस्थाका अध्यक्ष भोजराज पौडेल र जनहित महिला समूहकी अध्यक्ष आशमाया विश्वकर्मासाग प्रत्यक्ष रूपमा भेटी टोलका गतिविधि र सामाजिक सुधारका पक्षमा टोलले खेलेको भूमिकासम्बन्धी जानकारी लिइएको छ ।

## ३.८. तथ्याङ्क विश्लेषणएवम् प्रस्तुतीकरण

टोल विकास संस्थामा समेटिएका टोल, पदाधिकारीहरू सदस्य संख्या पूर्व अवस्था कारण र हालको अवस्था र प्रभावका बारेमा खोज गरी अध्ययन विश्लेषण गर्दै वैध र वस्तुनिष्ठ सामग्री छुट्याइएको छ ।शोधकार्यमा प्रस्तुत गर्नुपर्ने तथ्याङ्कलाई दुई किसिमले प्रस्तुत गरिएको छ, जसमा गुणात्मक र सङ्ख्यात्मक रहेका छन् । अधिकांश गुणात्मक तथ्याङ्कहरू वर्णनात्मक रहेका छन् भने सङ्ख्यात्मक तथ्याङ्कहरू आवश्यकताअनुसार क्रमबद्ध गरी टेवल, ग्राफ, वृत्तचित्र, स्तम्भचित्र, तालिका, प्रतिशतमा देखाइएको छ ।

# परिच्छेद -चार

# अध्ययन क्षेत्रको परिचय

## ४.१. अध्ययन क्षेत्रको स्थिति र अध्ययन क्षेत्र

नेपालको संविधान २०७२ अनुसार नेपाललाई विभिन्न प्रशासनिक एकाइहरूमा विभाजन गरिएको छ ।नेपाललाई ७ प्रदेशमा विभाजन गरिएको छ ।नेपालमा रहेका ७ प्रदेशमध्ये गण्डकी प्रदेश एक हो । गण्डकी प्रदेशमा ११ वटा जिल्लाहरू रहेका छन् । गण्डकी प्रदेशको राजधानी कास्की जिल्लाको सदरमुकाम पोखरा हो । कास्की जिल्लाभित्र एक महानगरपालिका, ४ वटा गाउापालिका गरी ५ वटा स्थानीय तह र ३ वटा निर्वाचन क्षेत्र रहेका छन् ।यस महानगरपालिका विशेष गरी ३ वर्गमा विभक्त रहेको छ ।जसमा शहरी, अर्धशहरी र ग्रामीण रहेका छन् ।यसरी वडाहरूमा १ देखि १८ शहरी वडाहरू पर्दछन् । बााकी अर्धशहरी र पूर्ण रूपमा ग्रामीण परिवेशका वडाहरू पर्दछन् ।

वि.सं. २०७३ फाल्गुन २७ गते महानगरपालिका घोषणा भएको पोखरा महानगरपालिकाको क्षेत्रफल ४६४.२४ वर्ग कि.मी. रहेको छ भने कुल जनसंख्या ४,०२,९९५ छ । महानगरपालिकाको केन्दा साविक पोखरा उप-महानगरपालिका कार्यालय नै रहेको छ । पोखरा महानगरपालिका, पोखरा उप-महानगरपालिका, लेखनाथ नगरपालिका, मौजा, चापाकोट, भदौरे तामागी (३,९), कास्कीकोट, माझठाना (१,४,९) कालिका (१,५) र पुरन्चौर गा.वि.स. मिली कुल ३३ वटा वडामा विभाजित छ । पोखरा महानगरपालिकाको पूर्वी सिमानामा मादी र रूपा गाउापालिका, पश्चिममा अन्नपूर्ण गाउापालिका, पर्वत र स्याङ्जा जिल्ला रहेका छन्भने उत्तरी सिमानामा माछापुच्छ्रे र मादी गाउापालिका तथा दक्षिणमा स्याङ्जा र तनहु जिल्ला रहेका छन् ।

पोखरा महानगरपालिका वडा नं. ५ पोखरा महानगरपालिकाको मध्य भागमा अवस्थित रहेको छ । यो वडा निर्वाचन क्षेत्र नं. ३ 'ख' अन्तर्गत पर्दछ ।यस वडा वरिपरि पहाडले घेरेको र उत्तरतर्फ विशाल अन्नपूर्ण हिमश्रृङ्खला भएको यस वडाको हावापानी मध्यम खालको छ । यहााको तापक्रम गर्मीमा ३३ डिग्री सेन्टिग्रेड र जाडो मौसममा न्यूनतम ६ डिग्री सेन्टिग्रेड रहने गरेको छ ।सेतीनदीको तटमा रहेको यस जिल्ला धार्मिक, सांस्कृतिक तथा पर्यटनको मुख्य केन्द्र मानिन्छ । स्थानीय स्वायत्त निकायको रूपमा यस नगरपालिका रहेको छ ।

वडा नं. ५ को सामान्य जानकारीहरू :

शिक्षा : वडा नं. ५ को समग्र शैक्षिक स्थितिलाई हेर्दा अत्यन्तै राम्रो मानिन्छ ।यहााका ९८ प्रतिशत मानिसहरू साक्षर रहेका छन् । यस वडामा २ वटा सामुदायिक विद्यालय, ६ वटा संस्थागत विद्यालय, २ वटा मन्टेश्वरी रहेका छन् ।

पेशा : यस वडाका अधिकांश मानिसहरू व्यापार-व्यवसायमा लागेको पाइन्छ । त्यसदेखि बाहेक यहााका मानिसहरू शैक्षिक, कृषि पेशा, ज्याला मजदुरी, वैदेशिक रोजगार आदि पेशामा लागेको पाइन्छ ।

यातायात : यस वडालाई पोखरा बागलुङ राजमार्गले छोएको छ । यातायातको दृष्टिकोणले अत्यन्तै सुगम मान्न सकिन्छ ।यहााका प्रत्येक टोलमा पक्की बाटो निर्माण गरिएको छ । अध्ययन क्षेत्र धारापानी टोल विकास संस्था 'ख' को उत्तरी भेगमा थोरै कच्ची बाटो रहेको छ।

खानेपानी : यस वडामा प्रशस्त पानीका मुहानहरू छन् । वर्षाको समयमा यहाा थुप्रै मुहानहरू फुट्ने गर्दछन् । वडाको धेरैजस्तो भागमा मर्दी खोलाको पानी नै पिउने गर्दछन् भने धारापानी टोल विकास संस्थाको दक्षिणी भेकमा भने धारापानीको मुहानको पानी पिउने गर्दछन् ।

स्वास्थ्यचौकी : यस वडामा सहारा इन्टरनेशल पोलिक्लिनिक, लेकसिटि हस्पिटल, रिजनल हस्पिटलका साथै थुप्रै मेडिकलहरू रहेका छन् ।

साथै यस वडामा दुई वटा सुकुम्वासी टोल, दुईवटा बसाइसराई गरी स्थापित टोल, दुई वटा तरकारी उत्पादनका साथै रेशम कीरा विकास कार्यालय, क्षेत्रीय कृषि तालिम केन्द्र, चिया तथा कफी विकास वोर्ड, कृषि अनुसन्धान केन्द्र, क्षेत्रीय कृषि निर्देशनालय, रेडियो नेपाल क्षेत्रीय प्रसारण केन्द्र, सशस्त्र प्रहरी वल, कालिका गण, सहारा इन्टरनेशनल पोलिक्लिनिक, लेकसिटि हस्पिटल, रिजनल हस्पिटलका साथै पेट्रोल पम्पहरू अधिक मात्रामा रहेको छ ।

तालिका नं. ४.१

पोखरा महानगरपालिका वडा नं. ५ को जनसंख्या

| जम्मा | जनसंख्या | | जम्मा घरधुरी संख्या | पुरुषको प्रतिशत | महिलाको प्रतिशत |
|---|---|---|---|---|---|
| | महिला | पुरुष | | | |
| १४८०३ | ७४३० | ७३७३ | ३९७३ | ५०.१९ | ४९.८१ |

सोत : वडा कार्यालय वडा नं. ५

माथिको तालिका ४.१ म वडा नं. ५ को जम्मा जनसंख्या १४८०३ रहेको छ । जसमा

महिला संख्या ७४३० अर्थात ५०.१९प्रतिशत र पुरुषको जम्मा संख्या ७३७३ अर्थात ४९.८१प्रतिशत रहेको छ । जम्मा घरधुरी संख्या ३९७३ रहेको छ ।

यस अध्ययनका लागि लिइएको अध्ययन क्षेत्रमा बराल, पराजुली, कोइराला, क्षेत्री, विश्वकर्मा, नेपाली आदि विभिन्न थरका मानिसहरू बसोबास गर्दछन् । यस अन्तर्गत मालेपाटन र पर्स्याङ क्षेत्र पर्दछ ।

तालिका नं. ४.२.

अध्ययन क्षेत्रको जनसङ्ख्या

| जम्मा जनसंख्या | घरधुरी संख्या | पुरुष | प्रतिशत | महिला | प्रतिशत |
|---|---|---|---|---|---|
| ५११ | १०० | २६२ | ५१.२८ | २४९ | ४८.७२ |

सोत : स्थलगत सर्वेक्षण, २०७६

यो अध्ययन क्षेत्रका मानिसहरूको मुख्य पेशा कृषि, व्यापार व्यवसाय, ज्याला मजदुरी आदि रहेको पाइन्छ । केही पुरुषहरू वैदेशिक रोजगारीको लागि विदेश गएका छन् भने केही सरकारी तथा गैरसरकारी पेशामा समेत संलग्न रहेको पाइन्छ ।यस अध्ययन क्षेत्रमा एउटा संस्थागत विद्यालय रहेको पाइन्छ तर पनि यस क्षेत्रका अधिकांश विद्यार्थीहरू सामुदायिक र अन्य संस्थागत विद्यालयमा पढन गएको पाइन्छ ।यहााका सबै घरहरूमा खानेपानीको राम्रो सुविधा रहेको छ ।यस क्षेत्रमा २ वटा आमा समूहहरू पनि रहेका छन् जसले सक्रिय रूपमा सामाजिक कार्यहरू पनि गरिरहेका छन् ।

धार्मिक हिसाबले यस टोलमा अधिकांश हिन्दु धर्म मात्र मान्ने मानिसहरूको बसोबास रहेको छ ।केही बुद्धिष्ट र अन्य धर्मावलम्बीहरू पनि रहेका छन् ।जातिय हिसाबले विविधता भएको यस टोलमा थुपै जातजातिका मानिसहरू बसोबास गर्ने गर्दछन् । सबै जातजातिका मानिसहरू आपसमा मिलेर बसेको देखिन्छ ।

## ४.२. उत्तरदाताहरूको सामान्य जनसांख्यिकीय जानकारीहरू

यो अध्ययनको माथि नै उल्लेख भएजस्तै अध्ययन क्षेत्रमा रहेका सम्पूर्ण जनसंख्या धार्मिक र सांस्कृतिक रूपले समान नै भएकोले उत्तरदाताका यस्ता विषयहरूलाई जनसांख्यिकी वर्णनमा उल्लेख गरिएको छैन । यसरी उत्तरदाताको रूपमा केही सामान्य सूचनाहरूलाई तल व्याख्या गरिएको छ ।

### ४.२.१. उत्तरदाताहरूको जातीयता

माथि नै उल्लेख भएअनुसार अध्ययन क्षेत्रमा रहेका मानिसहरूमा जातीय विविधता रहेको पाइन्छ । यो अध्ययन क्षेत्रमा जम्मा विभिन्न जातका मानिसहरूसाग अन्तर्वार्ता लिइएको छ । जसलाई निम्न तालिकामा पष्ट पार्न सकिन्छ ।

तालिका नं. ४.३.

उत्तरदाताहरूको जातीयता


| क्र.सं. | जातीयता | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राह्मण | २७ | ५४ |
| २ | विश्वकर्मा | १४ | २८ |
| ३ | नेपाली | ४ | ८ |
| ४. | गुरुङ | ५ | १० |
| जम्मा | | ५० | १०० |

सोत : स्थलगत सर्वेक्षण, २०७६

यसरी माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रमा बाहृमणहरूको संख्या ५४ प्रतिशत देखिन्छ ।विश्कर्माहरू२८प्रतिशत, नेपालीहरू८ प्रतिशत र गुरुङहरू१०प्रतिशत रहेको देखिन्छ ।

४.२.२. उत्तरदाताहरूको परिवारको किसिम

यस क्षेत्रमा पनि नेपालका अन्य भागहरूमा जस्तै दुई प्रकारका परिवारहरू रहेको पाइन्छ । यस क्षेत्रमा संयुक्त परिवारमा बस्ने भन्दा एकल परिवारमा बस्ने परिवार संख्या धेरै देखियो । यसरी रहेका एकल र संयुक्त परिवारको संख्यालाई निम्न चित्रमा देखाउन सकिन्छ ।




स्रोत : स्थलगत सर्वेक्षण, २०७६

यसरी हेर्दा अध्ययन क्षेत्रभित्र यहााका पुराना वासिन्दाभन्दा बाहिरबाट आएका मानिसहरूको संख्या धेरै रहेको छ । त्यसैले पनि संयुक्त परिवारको रूपमा आफनो

बाबुआमालाई लिएर बस्ने भन्दा पनि एकल परिवारको रूपमा बस्नेको संख्या अत्यधिक बढी अर्थात ८० प्रतिशत रहेको पाइन्छ भने संयुक्त परिवारमा बस्नेको संख्या जम्मा २० प्रतिशत मात्र रहेको पाइन्छ ।

### ४.२.३. उत्तरदाताहरूको परिवारको आकार

यो क्षेत्रमा रहेका मानिसहरू धेरैजसो एकल परिवारमा रहेतापनि परिवारको आकार भने केही ठूलो रहेको पाइन्छ ।जसलाई निम्न तालिकाबाट पष्ट पार्न सकिन्छ ।

तालिका ४.४

उत्तरदाताहरूको परिवारको आकार


| क्र.सं. | परिवारको आकार | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | २ जनादेखि ४ जनासम्म | ३४ | ६८ |
| २ | ५ जनादेखि ६ जनासम्म | १२ | २४ |
| ३ | ६ जना भन्दा माथि | ४ | ८ |
| जम्मा | | ५० | १०० |

स्रोत : स्थलगत सर्वेक्षण २०७६

यसरी माथिको तालिकालाई हेर्दा अध्ययन क्षेत्रमा रहेका परिवारको संख्या ठूलो देखिन्छ। ६ जनाभन्दा माथि रहेको परिवार संख्या ८ प्रतिशत देखिन्छ। ५ देखि ६ जनासम्म सदस्य रहने परिवारको संख्या २४ प्रतिशत रहनु र २ देखि ४ जनासम्मको परिवार अत्यधिक अर्थात ६८ प्रतिशत रहनुले के पुष्टि गर्दछ भने अध्ययन क्षेत्रमा परिवारको संख्या ठूलो देखिन्छ ।

### ४.२.४. उत्तरदाताहरूको उमेर समूह

टोल विकास संस्थामा आवद्ध भएका सबै महिला पुरुषहरू परिपक्व उमेर भएकाले उमेर समूहमा त्यति ठूलो अन्तर पाइदैन ।सबै व्यक्तिहरू २५ वर्षभन्दा बढी उमेर भएका रहेका छन् ।तर विभिन्न उमेर समूहका व्यक्तिहरू टोल विकास संस्थामा आवद्ध रहेको पाइन्छ ।जसलाई निम्न चित्रमा देखाउन सकिन्छ ।



*स्रोत स्थलगत अध्ययन-२०७६*

उत्तरदाताहरूको उमेर समूहसम्बन्धी माथिको चित्रलाई हेर्दा २५ देखि ३५ वर्षसम्म १० प्रतिशत, ३५ देखि ४५ वर्षसम्मका ४४ प्रतिशत र ४५ वर्षभन्दा बढी उमेर समूहका ४६ प्रतिशत उत्तरदाताहरूरहेको पाइन्छ। माथि उल्लेख गरेजस्तै परिपक्व मानिसहरू मात्र टोल विकास संस्थामा आवद्ध रहेका छन्।

४.२.५. उत्तरदाताहरूको शैक्षिक स्थिति

पोखरा महानगरपालिका वडा नं. ५ का अत्यधिक मानिसहरूको साक्षरता प्रतिशत बढी नै रहेको पाइन्छ। त्यसैले पनि यस टोल विकास संस्थामा आवद्ध व्यक्तिहरू सबैको शैक्षिक स्तर रामो नै रहेको पाइएको छ। केही वैदेशिक रोजगारमा गएका व्यक्तिहरू र ज्याला मजदुरी गर्ने मानिसहरू बाहेक सबैको शैक्षिक स्तर रामो रहेको पाइएको छ।

| क्र.सं. | शैक्षिक स्थिति | संख्या | पतशत |
|---|---|---|---|
| १ | साक्षर | ६ | १२ |
| २ | प्रवेशिका पास | ११ | २२ |
| ३ | पमाणपत्र पास | १५ | ३० |
| ४ | स्नातक | ११ | २२ |
| ५ | स्नाकोत्तर | ७ | १४ |
| | जम्मा | ५० | १०० |

सोत : स्थलगत सर्वेक्षण, २०७६

यसरी हेर्दा अध्ययन क्षेत्रको शैक्षिक स्थिति रामो देखिन्छ। स्नाकोत्तर गरेका व्यक्तिहरूपनि १४ प्रतिशत रहेका छन् भने स्नातक गरेका २२ प्रतिशत, प्रमाणपत्र गरेका

३० प्रतिशत, प्रवेशिका गरेका २२ प्रतिशत र साक्षर ६ प्रतिशत रहेका छन् । यसरी हेर्दा यहााको शैक्षिक स्थिति अत्यन्त राम्रो मानिन्छ ।

### ४.२.६. उत्तरदाताहरूको मुख्य पेशा

अध्ययन क्षेत्रमा हेर्दा उत्तरदाताहरूको मुख्य पेशाको रूपमा कृषि, पशुपालन, व्यापार, वैदेशिक रोजगार, नोकरी र ज्याला मजदुरी रहेको पाइयो । जसलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

तालिका नं. ४.६.

उत्तरदाताहरूको मुख्य पेशा

| क्र.सं. | पेशा | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि र पशुपालन | ५ | १० |
| २ | व्यापार | १० | २० |
| ३ | वैदेशिक रोजगार | १३ | २६ |
| ४ | नोकरी | १८ | ३६ |
| ५ | ज्याला मजदुरी | ४ | ८ |
| | जम्मा | ५० | १०० |

सोत : स्थलगत सर्वेक्षण, २०७६

यसरी माथिको तालिकालाई विश्लेषण गर्दा अध्ययन क्षेत्रमा रहेका मानिसहरूको शैक्षिक स्तर राम्रो भएकोले सरकारी सेवामा राम्रो पहुाच भएको देखिन्छ ।अधिकांश नोकरी गर्ने व्यक्तिहरू सरकारी क्षेत्रमा संलग्न रहेको पाइयो । नोकरीमा ३६ प्रतिशत, कृषि तथा पशुपालनमा १० प्रतिशत, व्यापारमा २० प्रतिशत, वैदेशिक रोजगारीमा २६ प्रतिशत र ज्याला मजदुरी गर्नेहरू ८ प्रतिशत रहेको पाइयो ।

### ४.२.७. उत्तरदाताहरूको परिवारको मासिक आम्दानी

उत्तरदाताहरूको मासिक आम्दानीलाई हेर्दा उत्तरदाताहरूको जीवन निर्वाहको लागि आवश्यक आम्दानी उनीहरूले गरेको पाइयो । जसलाई यसरी तालिकामा प्रस्तुत गरिएको छ।

तालिका नं. ४.७.

उत्तरदाताहरूको परिवारको मासिक आम्दानी

| क.सं. | शैक्षिक स्थिति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु. ५,००० १०,००० | ६ | १२ |
| २ | रु. १०,००० २०,००० | ११ | २२ |
| ३ | २०,००० ३०००० | १५ | ३० |
| ४ | ३०,००० ४०,००० | ११ | २२ |
| | जम्मा | ५० | १०० |

सोत : स्थलगत सर्वेक्षण, २०७६

यसरी माथिको तालिका अध्ययन गर्दा अध्ययन क्षेत्रमा रहेका परिवारहरू मध्ये थोरैको अर्थात् १२ प्रतिशतको मासिक आम्दानी थोरै रु. १०,००० सम्म रहेको पाइयो । १०,००० देखि २०,००० सम्म २२ प्रतिशत, २०,००० देखि ३०,००० सम्म ३० प्रतिशत र ३०,००० देखि ४०,००० सम्म २२प्रतिशत रहनुले यहााका वासिन्दाहरूको मासिक आम्दानी राम्रो रहेको देखिन्छ र जीवन निर्वाह राम्रोसाग गर्न सकिने देखिन्छ ।

# परिच्छेद - पााच

# टोल विकास संस्थागरेका संस्थागत कार्य विश्लेषण विवरण

## ५.१. विषयप्रवेश

टोल विकास संस्थाले विकेन्द्रीकरणको आधारभूत संरचनालाई आत्मसात गरेको हुन्छ निश्चित प्रक्रिया र कार्यविधिद्वारा संचालित यस संस्थाले निश्चित भौगोलिक क्षेत्र, साझा अवधारणा र साझा उद्देश्य, सामाजिक वातावरण, सुशासन प्रवर्द्धन गरिबी न्यूनीकरण लैङ्गिक समानता र सामाजिक न्याय, स्थानीय स्रोत र साधनको परिचालन जस्ता पक्षमा जोड दिन्छ। शहरी समाज परिचालन प्रक्रियामार्फत टोलको संस्थागत, सामाजिक तथा आर्थिक विकासका साथै शहरी सुशासन प्रवर्द्धन गर्न महानगरपालिकामा निश्चित भौगोलिक क्षेत्रभित्र रहेको घरधुरी सदस्य रहने गरी एक घर एक सदस्यको अवधारणाको आधारमा सबै घरधुरीलाई आवद्ध गराई सबै घरको प्रतिनिधित्व हुने गरी स्थानीय स्तरमा वडा समितिको मातहत तथा सहयोगीको रूपमा रहने गरी गठन गरिने बहुउद्देश्यीय संस्थालाई टोल विकास संस्था भनिन्छ (अधिकारी रश्रेष्ठ, २०६२)। अध्ययन छनोटमा परेका टोल विकास संस्थाले पनि यस परिभाषालाई पुष्टि गरेका छन्। अध्ययनलाई हेर्दा टोल विकास संस्थाहरू बहुआयामिक सामाजिक संस्था पनि  हुन्। यसले आ`ना सदस्यहरूको मानवजीवन प्राकृतिक र वातावरण संरक्षण स्वास्थ्य शिक्षा, आर्थिक, सामाजिक विकासलगायतका विषयमा सरोकार राख्दछ। हरेक पक्षसाग यो संस्था सम्बन्धित भएका कारण यस संस्थाको महत्त्व पनि व्यापक छ। स्थानीय स्वायत्त निकायका पूर्वाधार यी संस्थामा हुन्छन्। टोल विकास संस्थाले गर्ने गतिविधिहरू सामाजिक एकता, र दिगो विकासका लागि सहयोग गरी सञ्चालन गरिएका छन्। उनीहरूलाई नागरिक हक, नागरिक कर्तव्य प्रदान गराई स्थानीय विकासमा सहभागी हुने अवसर पनि टोल विकास संस्थाले प्रदान गर्दछ। टोल विकास संस्थामा आवद्ध सदस्यहरूलाई आवश्यक सीपमूलक तालिम तथा प्राविधिक सहयोग पनि प्राप्त हुन्छ।

## ५.२. संस्थाले आत्मसात गरेका मूलभूत मान्यताहरू

टोल विकासका समाजसेवीहरूलाई जम्मा गरी टोल विकास संस्थाका बारेमा प्रशिक्षण दिएर यस नगरपालिकामा टोल विकास संस्था गठन गरिएको थियो। सचेतना, जनसेवामुखी धारणाको कमीका कारण टोल विकास सस्था स्थापना गर्न निकै समस्या

भएको कुरा संस्थासाग आवद्ध प्रतिनिधिहरू तथा नगरपालिकाका परिचालकहरूले बताएका छन्। जनचेतनाको विस्तार र टोल टोल विकास संस्थाको जनसेवाबाट प्रभावितहरूको सक्रियतामा क्रमशः टोल विकास संस्थाहरू सूचीकृत हादै गएका छन्। त्यस्तै टोल विभाजन तथा पुनर्गठन हुने टोलहरूमा पनि बढ्ने क्रममा रहेका छन्। आ`नो श्रम, सीप, जाागर आ`नै भन्ने चेतनाको क्रमिक कारण शुरुमा टोल विकास संस्था गठन गर्न निकै गाह्रो भए पनि संस्थामा संलग्न व्यक्तिहरूको मेहनत र सहकार्यले टोल विकास संस्थाको गठन भएको हो। यसरी गठन भएमा टोल विकास संस्था र आमा समूहले देहायका कार्य सञ्चालन गर्दै आएका छन्।

- भौगोलिक क्षेत्रमा बस्ती निर्धारण गर्ने,
- टोल विकास सस्थाको मासिक वैठक बस्ने,
- टोल विकास संस्थामा नियमित मासिक वचत गर्ने,
- टोलका गरिब घरपरिवारलाई ऋण दिने तथा नगरपालिकामा ऋण माग गरी पठाउने,
- आ`नो टोलको साझा समस्या पहिचान गरी समाधान गर्ने
- टोलमा उद्यमशीलता तथा नेतृत्व विकासका लागि नगरपालिकामा माग गर्ने,
- नगरपालिकाद्वारा सञ्चालन हुने परिषद्का लागि योजना तर्जुमामा सहभागी हुने,
- टोलमा बृद्धवृद्धा, बालबालिका, असहाय, एकल महिला, जातजातिको अध्यावधिक गर्ने र टोल सफा राख्ने,
- नगरका अन्य गतिविधिमा नगरको आवश्यकताअनुसार सहभागी हुने,
- महिलाहरूको वृत्ति विकासका लागि विभिन्न तालिमहरू प्रदान गर्ने,
- विपन्न महिलाहरूलाई स्वरोजगारका लागि प्रोत्साहन गर्ने।

टोल विकास संस्थाको मुख्य उद्देश्य नै गरिबी न्यूनीकरण र सामाजिक समन्याय गर्नु हो। टोल विकास संस्थाको लक्षित वर्गमा निम्न विपन्न परिवार, महिला, आदिवासीहरू पर्दछन्। उनीहरूलाई नागरिक हक प्रदान गराई स्थानीय विकासमा सहभागी हुने अवसर पनि टोल विकास संस्थाले प्रदान गर्दछ।

## ५.३. संस्थाका विशेषताहरू

नमुना छनोटमा परेका टोल विकास संस्था र आमा समूहका सम्पूर्ण गतिविधिका आधारमा टोल विकास संस्था र आमा समूहका विशेषताहरू-

(१) **सामाजिक मूल्य मान्यता** : टोल विकास संस्था र आमा समूह विकासको साझा अवधारणा हो ।समाज बाहिर यी संस्थाहरू एकछिन पनि रहन सक्दैनन् । यसकारण यस संस्थाले समाजमा सामाजिक मूल्य र मान्यता प्राप्त गरेको हुनुपर्दछ ।

(२) **वैधानिकता** : टोल विकास संस्था र आामा समूहहरू वैधानिक हुनुपर्दछ। टोल विकास संस्था र आमा समूहहरू नगरमा महानगरपालिकामा दर्ता एवं सूचीकृत हुनुपर्ने प्रावधानका कारण यिनीहरूलाई वैधानिक संस्था मानिन्छ। वैधानिक टोल विकास संस्था र आमा समूहको दिगोपनलाई निश्चित गरेको हुन्छ ।

(३) **समानता** : टोलका सबै घरधुरी, वर्ग, लिङ्ग, जात, धर्म र पेशालाई समेटेको हुादा समावेशी हुनु नितान्त आवश्यक हुन्छ ।

(४) **स्थायित्व** : टोल विकास संस्था र आमा समूहहरूले समाजमा सामाजिक सेवा प्रवाह गरेका हुन्छन् ।सामाजिक सद्भावको विकास गराउादछन् र स्थानीय स्तरमा गठन हुने हुादा यिनीहरूको स्थायित्व सुनिश्चित हुन्छ र हुनुपर्दछ ।

(५) **समावेशी अवधारणा** : यस सस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग र जातजातिलाई समेट्ने हुादा समावेशी हुनु नितान्त आवश्यक हुन्छ ।

(६) **उत्तरदायित्व र जवाफदेहिता** : यस संस्थाका सदस्य संस्थाको साझा निर्णयानुसार संस्थाको काम गर्नुपर्ने हुन्छ। वैध टोल विकास संस्थाहरूले पूर्णतः उत्तरदायित्व निभाउन सक्ने हुनुपर्दछ ।


संस्थाका कामहरू प्रष्ट र निर्देशित हुन्छ। के ? किन? कसरी ? भन्ने प्रश्नको उत्तर जिम्मेवार लिने व्यक्तिले दिन सक्नुपर्दछ ।

(७) **समन्वयात्मक धारणा** : आपसी सहयोग, सद्भाव, सुख-दुःखहरू एक अर्कामा बाांडेर समन्वयलाई यस संस्थाले प्राथमिकता दिएका कारण नै टोल विकास संस्थालाई सहयोगी संस्था भनिन्छ ।

(८) **पारदर्शिता** : यस संस्थका हरेक कामहरू पारदर्शिता एवं सहभागितामूलक हुन्छन् । टोल विकास संस्थाका हरेक निर्णय गर्दा कूल सदस्यको ८० प्रतिशत सदस्यको उपस्थिति हुनुपर्ने टोल विकास निर्देशिका २०६८ मा व्यवस्था रहेको छ। जसका कारण पनि यस संस्थाका गतिविधिहरू पारदर्शिता हुन्छन् भन्न सकिन्छ। नगरपालिकाको प्रत्यक्ष निगरानीमा टोलका गतिविधि सञ्चालन हुनेहुादा यसका

कामहरू प्रष्ट र उद्देश्यमूलक हुन्छन् । यति हुदाहुदै पनि टोल विकास संस्थाले नागरिक समाज तथा राजनैतिक दलबाट आशा लाग्दो सहयोग भने पाएको छैन । जनप्रतिनिधिको रिक्तता र अस्तव्यस्त अवस्था भएको वर्तमान परिवेशमा यो संस्थाले आफ्नो गतिमा तीव्रता बढाई बढी उद्देश्य पूरा गराउन सकेको भने देखिादैन । तर टोल विकास संस्थाले निम्नानुसार विशेषता भएका कारण पनि पारदर्शिता छ भन्न सकिन्छ ।

**चित्र नं. ५.१**




स्रोत : शहरी गरिबी न्यूनीकरण सामाजिक परिचालन शाखा ।

## ५.४. क्षेत्रगत तथ्य विश्लेषण

### ५.४.१ धारापानीटोल विकास संस्था वडा नं. ५ ले सम्पादन गरेका कार्यहरूको समीक्षा


अध्ययन अवधिमा वडा नं. ५ का समन्वय समिति चयन, छलफल, वचत र ऋण प्रवाह नेतृत्त्व चयन टोल समस्या छलफलसम्बन्धी बैठक, लैंगिक समानता कार्यक्रम सहकारी विकासम्बन्धी छलफल सदस्यलाई आवश्यक सिफारिस प्रदान, तालिम र प्रमाणपत्र वितरण जस्ता कार्यहरूमा सहमागी भई गरिएको अध्ययन र छलफलबाट टोल विकास समितिले गरेका कार्यहरूको विश्लेषण गरिएको छ ।

यस सोधकार्यका लागि पोखरा महानगरपालिका वडा नं. ५ लाई प्रमुख अध्ययन क्षेत्रका रूपमा दिइएको छ । उक्त वडा कृषिको वा तरकारीका मुख्य उत्पादन क्षेत्र मानिन्छ जसलाई मालेपाटन भनिन्छ । नगरपालिका गठन हुादा यस क्षेत्रमा कृषि अनुसन्धान केन्द्र

रहेको थियो। हाल पनि विद्यमान रहेको छ। यस नगरपालिकाले यस वडामा सबैभन्दा पहिला शान्ति टोल विकास संस्था गठन गरेको थियो।यस संस्थाको स्थापना २०७० मा भएको हो। त्यसपछि क्रमशः अन्य टोलमा गठन हुादै गएको हो र हाल यस वडामा २२ वटा टोल विकास संस्था रहेका छन्। यस वडामा गठित टोल विकास संस्थाले ३९७३ घरधुरी समेटेको छ। सबै टोल विकास संस्थाहरूमा कूल ३५०० सदस्य संख्या रहेका छन् जसमा १८०० महिला सदस्य र १७०० जना पुरुष सदस्य रहेका छन् भने सबै टोलमा महिला पदाधिकारीहरू ५५ प्रतिशत र ४५ प्रतिशत पुरुष पदाधिकारी रहेका छन्। त्यस्तै २२ वटा टोलमा दलितको सहभागिता ७ प्रतिशत रहेको छ भने जनजातिहरूको २३ प्रतिशत र अन्य जातिको सहभागिता ४० प्रतिशत रहेको छ (वडाबाट प्राप्त जानकारी)।

प्रत्येक टोल विकास संस्थामा महिनाको एक पटक वैठक अनिवार्य बस्ने नियम रहेको छ। टोल वैठकमा वचत कार्यक्रमका अतिरिक्त टोलका समस्याहरूका बारेमा छलफल गरी समस्या समाधानका लागि सम्बन्धित निकायसम्म पुऱ्याउने काम टोल अध्यक्ष तथा सचिवको हुन्छ भन्ने कुरा उपल्लो कुलाडिल टोल विकास संस्थाका अध्यक्ष विष्णु वराल बताउाछन्।यस वडामा गठन भएका सबै २२ वटै टोल विकास संस्था नगरपालिकामा सूचीकृत भएका छन्। यसरी प्रत्येक महिनाको वैठकबाट सबै २२ वटै टोलमा भएको वचत रकम रु. ३०,४५,१०० रहेको छ वा वचत पुरै टोल सदस्यहरूलाई वार्षिक १५Ü प्रतिशतमा लगानी भएको भन्ने कुरा वडा नं. ५ का शान्ति टोल विकास संस्थाका अध्यक्ष मोहनप्रसाद कोइरालाले बताए। यसरी टोल वचत लगानीबट विपन्न वर्गका लागि आर्थिक स्तर वृद्धिका लागि फलफूल, व्यवसाय, किराना पसल, मासु पसल जस्ता स-साना व्यवसाय गरी आय आम्दानी बढाएका छन्। नगरपालिकाको सामाजिक शाखाबाट टोल विकास समितिको सिफारिसमा प्रत्येक टोललाई रु. २५ हजारदेखि रु. ५ लाखसम्म १२Ü प्रतिशतका दरले ऋण प्रदान गरिएको छ। जुन ऋणको लगानीबाट घरेलु उद्योग, तरकारी पसल, बंगुर पालन जस्ता व्यवसाय सञ्चालन गरी गरिबी न्यूनीकरणमा सहयोग पुगेको कुरा नगर प्रमुख बताउाछन्। उक्त वडामा २०७०/०७१ मा पोखरा उपमहानगरपालिका कोषबाट विभिन्न शीर्षकमा रु. १० लाख भन्दा बढी विकास बजेट टोल सदस्यहरूलाई सहयोग गरिएको जानकारी वित्त अधिकारी सविता ढुंगाना बताउाछिन्।

चित्र नं. ५.२.



स्रोत : पोखरा महानगरपालिका कार्यालय

यस चित्रअनुसार टोल सदस्यहरूले आय-आर्जनका लागि तरकारी, फलफूल व्यवसाय मासु पसल, घरेलु उद्योग र अन्य लघु उद्यम सञ्चालन गर्दै आएका छन् । तुलनात्मक रूपमा फलफूल तरकारी र अन्य उद्यम संख्या बढिरहेकोछ ।

यस्ता उद्यमीहरूलाई टोलको सिफारिसमा नगरपालिकाबाट सुलभ व्याजमा ऋण प्रदान गरिएको छ । यस वडाका टोल विकास संस्थाहरूको प्रत्येक टोलमा बसेको साधारण सभाले गरेका निर्णयअनुसार टोल विकास संस्थाहरू नवीकरण तथा पुनर्गठन पनि गरिएको छ । विकास निर्माणको कार्य गर्न नगरपालिकाबाट अनुदान र स्थानीय ।स्रोतको परिचालन गरी टोल विकास योजना सञ्चालन गरेका छन् । अध्ययनबाट देखिए अनुसार यस वडामा गठन भएका टोल विकास संस्थाले शहरी गरिबी न्यूनीकरण्मा जोड दिएको छ । यस वडामा गठन भएका टोल विकास संस्थाले स-साना आय-आर्जनका व्यवसाय सञ्चालन गर्न उत्प्रेरणा जगाई विगतको तुलनामा गरिबीको रेखामुनि कम सदस्य रहेका कुरा धारापानी टोल विकास संस्था “ख”का अध्यक्ष धनञ्जय शर्मा पौडेल बताउाछन् । यस चेतना विकास, साक्षरता, वचत परिचालन, उद्यम विकासजस्ता आपसी समन्वय विकासले टोल विकास संस्थालाई सफल सामाजिक संस्थाको रूपमा चिनाउाछ ।

टोल विकास संस्थाका सदस्यहरूले धेरै आरोहअवरोह पार गरेका छन् । शहरी गरिबी तथा विकास निर्माणमा यस वडाका टोल विकास संस्थाका सदस्यहरू बढी सक्रिय देखिन्छन् । स्थानीय स्तरमा आवश्यक सामाजिक सेवा प्रवाह गर्नु स्थानीय विकासमा सहभागी गराई आपसी छलफलद्वारा समस्या समाधान गर्नु वडाका सबै घरधुरीलाई संस्थामा आवद्ध गराउनु गरिब घरपरिवारको पहिचान गर्नु लैङ्गिक समानता पारदर्शिता स्वास्थ्य, शिक्षा र सामाजिक समावेशी लगायत आर्थिक सचेतना कार्यक्रम सञ्चालन गरी टोल विकासका लागि टोलवासीहरू अथवा स्थानीयवासीहरू नै लाग्नुपर्छ भन्ने भावनाको विकास

गराउनलाई टोल विकास संस्थाले विभिन्न सामाजिक कार्यक्रम गर्दै आएका छन् । टोल विकास संस्था र अन्य संघ संस्थाहरूसाग समन्वयात्मक सहकार्य राजनैतिक र सामाजिक सचतेना कार्यक्रम समेत भएको छ । टोल विकास संस्थाको आˆनैभवन नभएकालेरहेका सार्वजनिक ठाउा, चौतारी तथा विभिन्न संघ संस्थाहरूको भवन र टोल विकास संस्थाका अध्यक्षको घरमा संस्थाको वैठकबसी काम गरेका कुरा पर्स्याङ रातामाटा टोल विकास संस्थाका अध्यक्ष भोजराज पौडेल बतााछन् ।

### ५.४.२ गरिबी न्यूनीकरणको प्रक्रिया

भौतिक विकासतर्फ उन्मुख पोखरा महानगरपालिकामा गरिबीका कारण जीवन जिउने आधार नै नभएकाहरूको संख्या उल्लेख्य रहेको वर्तमान अवस्थामा टोल विकास संस्थाले उनीहरूमा जीवन जिउने आशाको किरण दिएको छ । शिक्षा, स्वास्थ्य, पर्याप्त खानेपानी लगायत अन्य भौतिक सुविधाको उपभोग गर्न नपाउने पोखरावासीको संख्या उल्लेख्य छ । बाहिरबाट हेर्दा शहर जति सम्पन्न देखिन्छ त्यति सवल भने छैन ।यस नगरभित्र शहरी गरिबीको संख्या र अवस्था अकल्पनीय छ । शहरका प्रत्येक टोलमा गरिबीका निम्न कारणहरू देखिएको छन् ।

(१) सामाजिक तडकभडक
(२) अशिक्षा र अज्ञानता
(३) व्यक्तिमा निहित शारीरिक कमजोरी
(४) व्यक्तिमा श्रम र सीपको कमी
(५) केन्द्रमुखी सरकारी नीति
(६) दास, हलिया, बााधा, कमैया प्रथा
(७) आर्थिक दुर्लभता
(८) शक्तिहीनता
(९) आय र सम्पत्तिमा कम पहाुच
(१०) एक्लोपना
(११) वेरोजगारी
(१२) श्रमका माग र आपूर्तिमा अपर्याप्तता ।

शहरी गरिबी न्यूनीकरणका लागि स-साना उद्यम सञ्चालन गर्नु सबैभन्दा दरिलो माध्यम मानिन्छ ।यसबाट गरिबी न्यूनीकरणमा टेवा पुग्दछ । टोल विकास संस्थाले

महानगरपालिकाको नेतृत्वमा टोल विकासका लागि समाज परिचालन गर्ने, गरिबी न्यूनीकरणका लागि उद्यम विकास गराउने, उद्यमीलाई उद्यम सञ्चालनका लागि आवश्यक तालिम प्रदान गराउने उद्यम सञ्चालनकै लागि ऋण उपलब्ध गराउने र स-साना वचत गराउने जस्ता कार्य गर्दै आएको छ ।

**तालिका ५.१**

**सशक्तिकरण तालिमका लागि वितरण गरिएको रकम**

| क्र.सं. | उद्यम विकास | उद्यमी संख्या | | न.पा. बाट प्रदान भएको रकम | स्वलगानी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १. | सशक्तिकरण तालिम | १२ | ५ | २०,०००।- | |

स्रोत : धारापानी टोल विकास संस्था "ख"

नगरपालिका सामाजिक सुधार शाखाले टोल विकास संस्थामार्फत गरिबी न्यूनीकरणमा टोल सदस्यहरूका लागि उद्यम विकास, लगानी बृद्धि, आवश्यक तालिम प्रदान गराउदै आएको छ ।

**तालिका ५.२**

**क्षमता विकासका लागि सञ्चालन गरिएको तालिम**

| क्र.सं. | तालिमको नाम | सहभागी संख्या | | जम्मा | स्वलगानी |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | | |
| १. | नेतृत्व विकास | १५ | १० | २५ | ४५,०००।- |
| २. | सीप विकास | २० | ५ | २५ | ५५,०००।- |
| ३. | उद्यम व्यवस्थापन | ८ | २१ | २९ | ५०,०००।- |

स्रोत : धारापानी टोल विकास संस्था "ख"

यसरी माथिको तालिकालाई अध्ययन गर्दा टोल विकास संस्थाले आˆना टोलका सदस्यहरूको क्षमता विकासका लागि स्वलगानीमा विभिन्न तालिमहरू गरेको पाइन्छ। जसमा नेतृत्व विकासमा ४५,०००, सीप विकासमा ५५,००० र उद्यम व्यवस्थापन तालिमा ५०,००० लगानी भएको पाइन्छ र यसबाट ७९ जना व्यक्तिहरू लाभान्वित भएको पाइयो ।

**तालिका ५.३**

**धारापानी टोल विकास संस्था 'ख' द्वारा गरिएका कार्यक्रमहरू**

| क्र.सं. | तालिमको नाम | संख्या | स्वलगानी |
|---|---|---|---|
| १. | एस.एल.सी. उत्तीर्णलाई सम्मान कार्यक्रम | १५ | १२,०००/- |
| २. | ज्येष्ठ नागरिक सम्मान | ९० | २०,०००/- |
| | जम्मा | १०५ | ३२,०००/- |

स्रोत : धारापानी टोल विकास संस्था 'ख'

धारापानी टोल विकास संस्थाले प्रत्येक वर्ष आ`ना टोल विकास संस्थामा रहेका सदस्यहरूबाट ज्येष्ठ नागरिकलाई सम्मान गर्ने र एस.एल.सी. उत्तीर्ण छात्रछात्राहरूलाई सम्मान गर्ने गरेको पाइयो। यस वर्ष एस.एल.सी. उत्तीर्ण १२ जना भाईबहिनीहरूलाई सम्मान गरेको पाइयो पाइयो। जसमा १२,००० लगानी गरिएको छ भने ९० जना ज्येष्ठ नागरिकलाई एकमुष्ट सम्मान कार्यक्रम गरिएको पाइयो। जसमा २०,००० लगानी गरिएको छ। यसरी हेर्दा धारापानी टोल विकास संस्था ख ले वृद्धवृद्धा र विद्यार्थीहरूलाई हौसला प्रदान गरेको पाइएको छ।

त्यसैगरी टोल विकास संस्थाको पुजी संकलनको स्थिति उद्यम सञ्चालनमा उत्साह देखिएको छ। टोलविकास संस्थाहरूले समान वचतको नीति अपनाएको पाइदैन। प्रत्येक टोलमा बढीमा २०० र न्यूनतम ५० मासिक नियमित वचत गरी टोल वैठकको निर्णय गराई वचत सदस्यहरूलाई नै आयआर्जनका लागि लगानी गरेका छन्।उक्त वचत रकम टोलअनुसार फरकफरक हुने गरेको पाइन्छ। टोल विकास संस्थाहरूले नगरपालिकाको सहयोगमा टोलको साधारण सभाद्वारा वचततथा ऋण नीति बनाई सोही अनुसार १५ देखि १८ प्रतिशत व्याजमा ऋण दिने गरेको पाइन्छ। उक्त व्याज रकम आ`नै टोल विकास संस्थामा फिर्ता भई आउने हुनाले ऋणको व्याज बढी नभएको कुरा टोल वैठकबाट माग अनुसारको ऋण दिन अपुग भएमा नगरपालिका सा.स. शाखाबाट ऋण माग गर्ने गरेका छन्। यसरी प्रदान गरिएको वचत रकमको ऋण समयमा असुल हुने गरेको छ। त्यस्तै नगरपालिकाबाट प्रदान गरिने ऋण समयमा उठ्ने गरेको र कुनैपनि टोलमा समय नाघेको अवस्था नरहेको कुरा सामाजिक परिचालन शाखा प्रमुख बताउाछन्।

यसरी हेर्दा वचतकर्ताबाट पनि गरिबी न्यूनीकरणमा पर्याप्त टेवा पुगेको छ। वचत भएको रकम स्थानीय समुदायका सदस्यहरूले परिचालन गरेका छन्। यसबाट समुदायका सदस्यहरू बीच विश्वासको वातावरण पनि सिर्जना भएको छ। वचत कार्यले समुदायमा

आपसी समझदारी र समन्वय बढाउन सहयोग गरेको छ ।

बढ्दो जनसंख्याको चाप, शहरीकरणका साथै प्रत्यक्ष-अप्रत्यक्ष कारण र व्यवस्थापनको समुचित प्रयोग हुन नसक्दा धेरै समस्याहरू देखिएका छन् । नागरिक समस्याहरू समाधान गर्न यस नगरपालिकाले आ`ना राष्ट्रिय तथा अर्न्तार्ष्ट्रिय विभिन्न संघ-संस्थाहरूसाग सम्बन्ध स्थापित गरी विकास निर्माणका कामहरू सुचारु गरेको छ । यस महानगरपालिकाले टोल विकास संस्थाहरू गठन भए पश्चात टोल विकास संस्थाहरूको माध्यमद्वारा नगरका विकास गतिविधिहरूलाई अगाडि बढाउादै आएको छ । नगरका हरेक विकास निर्माणमा सबै टोल विकास संस्थाहरूलाई मूल सहयोगी संस्थाको रूपमा लिएर नगरको समग्र विकास अगाडि बढाउादै आएको छ ।

यो महानगरपालिका मुख्यतया ग्रामीण गरिबी र शहरी गरिबी दुवै किसिमको गरिबी न्यूनीकरणलाई सम्वोधन गरिएको छ । महानगरपालिकाले आम नागरिकका समस्याहरू, समाधानार्थ विभिन्न कार्यहरू गर्दै आएको छ । नगरवासीहरूले उक्त कार्यमा सहयोग गर्नुपर्दछ । शहरी जीवन कष्टकर नहोस् भन्नका लागि स्थानीय समुदाय परिचालन गराउने कार्यक्रमलाई प्राथमिकता दिएको छ । नगरवासीहरूको चुनौतीपूर्ण जीवनशैली समायोजन गर्नका लागि टोल विकास समितिले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । बढ्दो सामाजिक चुनौतीलाई न्यूनीकरण गर्नका लागि पोखरा महानगरपालिकाले टोल विकास संस्थालाई परिचालन गरी सामाजिक स्थिरता कायम गर्न सफल भएको छ । त्यो लक्ष्य परिपूर्तिका लागि यस कार्यालयमा विभिन्न शाखाहरू जस्तै सुरक्षा तथा निरीक्षण शाखा, सरसफाई एवं वातावरण शाखा, सामाजिक परिचालन शाखा, कानुन, जनस्वास्थ्य, आन्तरिक परीक्षण, लेखा, प्रशासन, सार्वजनिक सिफारिस शाखा, दर्ता चलानी सोधपुद्ध शाखा, पञ्जिकरण, राजश्व, योजना नगर विकास शाखा तथा अन्य विभिन्न उपशाखाद्वारा स्थानीयस्तरमा सेवा प्रवाह गरेको छ ।

## ५.५. टोलबाट सञ्चालित गतिविधिहरू

यस टोल विकास संस्थामा नियमित वचत संकलनदेखि लिएर नगरपालिकाद्वारा प्रत्येक नगर परिषद्बाट योजना छनोटका आधारहरू योजनाहरू सञ्चालन भएका छन् । पोखरा नगरपालिकाले प्रत्येक वडालाई टोल विकास संस्थाहरको निर्णय अनुसार ३ लाख रूपैयााको योजना छनोट गर्ने नीतिअनुसार यस टोल विकास संस्थाले खानेपानी योजना सञ्चालन गर्ने नीति निर्माण सडक पिच गर्ने, पुल मर्मत लगायतका योजना सञ्चालन गर्दै आएको छ । नगरपालिकाको शहरी गरिबी न्यूनीकरण परिचालन शाखाबाट गरिबी

न्यूनीकरणका लागि प्रदान गर्ने विभिन्न तालिमहरू र व्यवसाय सञ्चालनका लागि ऋण समेत माग गरी आ˜ना सदस्यहरूलाई व्यवसाय सञ्चालनका लागि लगानी गरेका छन् । एसएलसीमा उत्तीर्ण भएका टोलवासीका छोराछोरीलाई सम्मान, ज्येष्ठ नागरिक सम्मान, झैझगडा मिलाउने, सिफारिस गर्ने साथै परिआएका अन्य समस्याहरू सुल्झाउदै आएको पाइन्छ । त्यस्तै नगरपालिकाबाट स-साना योजना सञ्चालन गरी समितिका सुधारमा सहयोग पुग्ने योजनाहरूको लागि सहयोग पुगेको छ ।

यी योजनाबाहेक सडक बत्ती मर्मत तथा नयाा जडान, सर-सफाई कार्यक्रहरू पनि यस टोल विकास संस्थाले नगरपालिकासाग आवश्यकता अनुसार माग गरी कार्यान्वयन गर्दै आएको छ । विशेष गरी यस टोल विकास संस्थामा बसोवास गर्ने टोलवासीहरू गरिबीको रेखामुनि रहेका छन् । उनीहरू आ˜नो टोल आफै बनाउनुपर्ने मान्यतामा रहेका छन् । यस टोल विकास संस्थाले नगरपालिकाद्वारा सञ्चालन हुने विभिन्न क्रियाकलापहरू जस्तै खुल्ला दिसामुक्त क्षेत्र घोषणा, सरसफाई कार्यक्रम सार्वजनिक जग्गा संरक्षण, धार्मिक स्थानहरूको संरक्षण गर्ने जस्ता टोल सुधार गतिविधिहरू समेत यस धारापानी टोल विकास संस्था "ख" ले गर्दै आएको छ। टोल विकास संस्था गठन भए पश्चात् नगरपालिकाद्वारा सहभागितामूलक नगर योजना तर्जुमा प्रक्रिया अनुसार टोल भेलाबाट योजना छनोट गर्दै टोल भेलाबाट छनोट भएका योजना वडा भेलामा प्रस्तुत गर्ने र वडा भेलामा आ˜नो टोल विकास संस्थाको योजना वडा भेलाद्वारा नगरपालिका हुादै नगरपरिषदमा लैजानको लागि छनोट प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । यही प्रक्रिया अनुसार धारापानी टोल विकास संस्थाले आ˜नो टोल विकास संस्थामा योजना कार्यान्वयन गर्दै आएको छ ।

# परिच्छेद - छ

# स्थानीय विकासका लागिधारापानी टोल विकास संस्थाले पारेको प्रभाव, यसको अपरिहार्यता र चुनौतीहरू

## ६.१. परिचय

पोखरा महानगरपालिकाको वडा नं. ५ मालेपाटनमा गठन भएका टोल विकास

संस्था मध्ये धारपानी टोल विकास संस्था “ख” पनि एक हो। पोखरा महानगरपालिकामा २०५५ सालमा गाउा-नगर साझेदारी विकास कार्यक्रम लागू भएपछि वडाको सबैभन्दा पहिला शान्ति टोल विकास संस्था गठन भएको हो। यस टोल विकास संस्थामा जनजाति र अन्य जातिहरू बसोबास गर्दछन्। पोखरा महानगरपालिकादेखि नजिकै रहेका यस टोलको पूर्वमा पर्स्याङ चोक, पश्चिम धारापानी उत्तर सीमाना मार्ग र दक्षिण धारापानी टोल विकास संस्था “क” रहेको छ। यस टोल विकास संस्थाका अध्यक्ष धनञ्जय शर्मा पौडेल हुन्।यस टोल विकास संस्था गठन हुादा १०० घरधुरी रहेका छन्। टोल विकास संस्था गठन भएदेखि नै वचत संकलन कार्य गर्दै आएका छन्। यस टोल विकास संस्था वडा नं. ५ का अन्य टोल विकास संस्थाको तुलना गर्दा सबैभन्दा गरिबहरू बसेको सुकुम्वासी टोल पनि रहेको छ। टोल विकास संस्थाका अत्यधिक सदस्य मजदुरी गर्ने, ढलानमा काम गर्नेको संख्या, खेतीपाती गर्नेको संख्या थियो भने टोल विकास संस्था गठन पश्चात यो व्यवसाय परिवर्तन गरी, बंगुरपालन काठको काम, व्यवस्थित तरकारी खेती, व्यापार व्यवसाय गर्ने संख्या उल्लेखनीय छ।यस टोल विकास संस्थामा हाल रहेका कार्यसमितिको विवरण निम्न रहेको छ।

| | |
|---|---|
| अध्यक्ष | धनञ्जय शर्मा पौडेल |
| उपाध्यक्ष | दुर्गा भण्डारी |
| सचिव | बाबुराम शर्मा |
| कोषाध्यक्ष | हरिश्चन्द्र अधिकारी |
| सदस्य | सीता भटराई |
| सदस्य | रूपा वि.क. |
| सदस्य | सिर्जनाश्रेष्ठ |
| सदस्य | सुरज पौडेल |
| सदस्य | सूर्य तिमिल्सिना. |

यस टोल विकास संस्थाको मासिक वैठक प्रत्येक महिनाको पहिलो शनिवारका दिन बस्ने गर्दछ। वैठकको दिनमा टोलका समस्याहरू र विकास निर्माणका बारेमा छलफल भइसकेपछि ३३ जनाको वचत संकलन गर्ने कार्य हुन्छ। यस टोल विकास संस्थामा ३३ घरधुरी भए तापनि संस्थाको नियमअनुसार समान रूपमारु. ५०/- बचत संकलन गर्ने गरेका छन्। हाल सम्म यस संस्थाको कूलवचत रकम रु. २,००,०००/- रहेको छ। उनीहरूले यो वचत २ वर्षको सााावा व्याज समेत जोडेर छुट्टै वचत खातामा रेकर्ड राखेका

छन् । उक्त रकम सदस्यलाई सामूहिक जमानीमा सदस्यलाई विभिन्न विषयमा व्यापार, शिक्षा लघु उद्यम आदिमा प्रवाह गर्दछन् । वचत रकम समय समयमा बाड्ने गरेको पनि देखिन्छ । किनकि वचत रकम अत्यधिक हुादा उक्त वचत रकमलाई व्यवस्थित गर्न कठिनाइ भएका कारण वितरण गर्नु परेको कुरा सदस्य भीमकला बताउाछिन् । यो वचत १८ प्रतिशतका दरले पूरै लगानी वितरण गर्दै आएका छन् । प्रत्येक तीन-तीन महिनामा साावा व्याज अनिवार्य भुक्तानी गर्नु पर्ने वचत नीति तय गरिएको छ ।

## ६.२. धारापानी टोल विकास संस्था "ख" ले स्थानीयविकासमा ल्याएको प्रभाव

धारापानी टोल विकास संस्था पोखरा उपमहानगरापलिकामा शहरी गरिबी न्यूनीकरणका लागि सामाजिक परिचालन शाखाले वडामा टोल विकास संस्था गठन गर्ने क्रममा वडा नं. ५ मा गठन गरेको संस्था हो ।

### (१) पेशामा व्यवसायमा परिवर्तन

यस टोल विकास संस्थामा प्रत्यक्ष अन्तरवार्ता तथा स्थलगत घरधुरी संरक्षण गरी अध्ययन गर्दा धारापानी टोल विकास संस्था "ख" गठन हुनुपूर्वको पेशा व्यवसाय र टोल विकास संस्था गठन भएपछिको पेशा व्यवसायमा धेरै सुधार आएको वा पेशा नगरेकाले पेशा गरेको र पेशा गरेकाले आयमूलक पेशा परिवर्तन गरी विगतको तुलनामा स्वलगानी तथा ऋण लगानी गरी आय आम्दानीमा बृद्धि गरेको अध्ययनको विश्लेषणबाट देखिन्छ । तसर्थ टोल विकास संस्थाले आ`ना सदस्यहरूलाई जनचेतना जगाउने, उनीहरूको आन्तरिक क्षमतामा बृद्धि गर्ने, उद्यमशीलताको विकास गराउनुको साथै टोल विकास संस्थाको बचतबाट ऋण प्रवाह गर्ने, त्यस्तै नगरपालिकाबाट समेत ऋण माग गरी आ`नो व्यवसायमा लगानी गरी सो व्यवसायबाट आम्दानीमा बृद्धि गरेर गरिबीको रेखाबाट सुधार गराउन सफल भएको यस अध्ययनले देखाउादछ ।

### (२) जनचेतनामा आएको परिवर्तन

आ`ना र टोलमा रहेका टोल सदस्यहरूमा लगानी गर्ने पुाजीको अभाव थियो । यो अभावलाई टोल विकास संस्था गठन भएपछि वचत रकमका अतिरिक्त नगरपालिकाबाट समेत ऋण प्राप्त गरी यो अभावलाई पूरा गरेको कुरा टोल सदस्यहरू बताउाछन् । त्यसैले

उनीहरूलाई कुन व्यवसायबाट बढी नाफा आर्जन गर्न सकिन्छ भन्ने ज्ञान थिएन त्यसलाई टोल विकास संस्था गठन भएपछि वचत रकमका अतिरिक्त नगरपालिकाबाट समेत ऋण प्राप्त गरी यो अभावलाई पूरा गरेको कुरा टोल सदस्यहरू बताउादछन् । त्यस्तै उनीहरूलाई कुन व्यवसायबाट बढी नाफा आर्जन गर्न सकिन्छ भन्ने ज्ञान थिएन ।त्यसलाई टोल विकास संस्थाको उद्यमशीलता तालिमबाट जानकारी लिई उनीहरूको क्षमतामा विकास हुन गयो । जसका कारण धारापानी टोल विकास संस्था "ख" का करिब १०० घरधुरीहरूका सदस्यहरू आज कुनै न कुनै पेशाव्यवसाय गरी आ^नो दैनिक खर्च टार्न सकेका छन्, जुन टोल विकास संस्थाले ल्याएको परिवर्तन हो ।

(३) **शिक्षामा आएको परिवर्तन**

यस टोल विकास संस्थाका कुनैपनि सदस्यका बालबालिका कुनै न कुनै विद्यालयमा भर्ना भई अध्ययन गरेका छन् । यस टोल विकास सस्था नजिक रहेको वाराही उच्च मा.वि. मा अंग्रेजी माध्यममा पढाइ हुने गरेको छ । टोल सदस्य निरमाया रसाइलीका २ छोरी १ छोराहरू बोर्डिङ्ग स्कूलमा पढ्दै आएका छन् भने अन्य सदस्यको छोराछोरीहरू पनि विद्यालयमा भर्ना भई अध्ययन गरिरहेका छन् । टोल विकास संस्थालेएसईईपास गर्ने सदस्यका छोराछोरीलाई सम्मान गर्ने कार्यक्रम समेत राखेको छ ।

(४) **सरसफाइमा आएको परिवर्तन**

टोल विकास संस्था गठन हुनुभन्दा अगाडि टोलका सबै सदस्यहरूले शौचालय अनिवार्य रूपमा निर्माण गरेका थिएनन् । तर टोल विकास संस्थाको सहयेग र नगरपालिकाको सहयोगमा सम्पूर्ण घरधुरीमा शौचालय बनेका छन् । आज नगरपालिका नै खुल्ला दिसामुक्त क्षेत्र घोषणा भएको छ ।

(५) **आम्दानीमा आएको परिवर्तन**

टोलका सबै सदस्यहरूको आम्दानी विगतको तुलनामा बृद्धि भएको छ । हिजोका दिनमा दैनिक रु. १०० (सय) कमाउनेले आज रु. १००० (हजार) भन्दा बढी आम्दानी गरेको अवस्था रहेको छ ।यसलाई हामी उनीहरूको आयमा आएको परिवर्तन भन्न सक्दछौं । यसै सन्दर्भमा टोल सदस्य आइतराम लामा विगतमा धेरै व्यवहार गर्न गाह्रो परेको तर टोल विकास संस्था गठनपश्चात् ऋण प्राप्त गरी व्यवसाय गरी मासिक रु. १० हजारभन्दा बढी

आम्दानी गरी घरव्यवहार सञ्चालन गर्दै आएका छन् । पहिले घरहरू साना र कच्ची थिए भने हाल पक्की बनाएका छन् ।

## ६.३. स्थानीय स्वायत्त निकायका रूपमा टोल विकास संस्था

यस अन्तर्गत गाउा, नगर, जिल्ला र गाउाभन्दा तल रहेका समुदाय, टोल, वस्तीहरू पर्दछन् । शासनमा पहुाचको नीतिअनुरूप विकेन्द्रित सिद्धान्तलाई हेर्दा स्थानीयस्तरमा सेवा प्रदान गर्ने स्वायत्त निकायलाई नै स्थानीय विकास भनिन्छ । यस्ता निकायहरूले नै स्थानीय समस्याहरू पहिचान गरी विकास निर्माण गर्न सक्ने हुादा स्वशासित र संगठित रूपमा स्थानीय सरकारको मान्यता दिनुपर्दछ । स्थानीय जनप्रतिनिधिहरूबाट स्थानीय निकाय सञ्चालन हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ ले स्थानीय निकायलाई प्रभावकारी बनाउन खोजेको छ । स्थानीय तहमा सुशासनको क्षमताको विकास गरी समृद्ध समाज निर्माण गर्नु स्थानीय निकायको दायित्व हो । यो दायित्वलाई पोखरा महानगरपालिकाले निभाएको छ । देशको शासन केन्द्रीय नीतिअनुरूप सञ्चालन हुने हुादा नगरको आवश्यकतालाई पूर्णता दिन नसकिएको गुनासो सम्बन्धित निकायको छ । भौतिक पूर्वाधारको निर्माण र मानव संशाधनको समुचित प्रयोग गरी समुन्नत शहर निर्माणमा जनसहभागिता जुटाउन महानगरपालिका सक्रिय रूपमा लाग्नुपर्दछ भन्ने आम जनसमुदायको मान्यता रहेको छ । नगरपालिकामा प्रत्यक्ष-अप्रत्यक्ष धेरै समस्याहरू देखापरेका छन् । नागरिक समस्याहरू समाधान गर्दै विकासमा यस पोखरा महानगरपालिकाले आˆना राष्ट्रिय-अन्तर्राष्ट्रिय विभिन्न संघ संस्थाहरूसाग सम्बन्ध स्थापित गरी विकास निर्माणका काम लगायत सामाजिक सुधारका कामहरू सुचारु गरेको छ ।स्थानीय निकायको रूपमा स्थापित यस महानगरपालिकाबाट नगरवासीले निम्न सेवा प्राप्त गर्दछन् ।

### (क) सेवा सुविधासम्बन्धी

महानगरपालिकाले आˆना वडावासीहरूका लागि सरसफाई, फोहरमैला व्यवस्थापन लगायत आवश्यक सिफारिसहरू पञ्जिकरण, बिजुली तथा खानेपानीको व्यवस्था, व्यवसाय दर्ता आदि पर्दछन् । यी कार्यहरू निश्चित मापदण्ड र नियममा हेरफेर गर्नुपर्ने हुन्छ । यस नगरपालिकाले पनि प्राथमिकताका सेवाहरू नगरवासीलाई प्रदान गरेको अध्यनबाट देखिन्छ ।

**(ख) सार्वजनिक निर्माणसम्बन्धी**

यस अन्तर्गत सडक ढल, पार्क बगैचा, सामुदायिक भवन, घर, पुल कल्भर्ट, विद्यालय भवन, खेलमैदान आदि निर्माणसम्बन्धी सेवा पर्दछन् । यी र यस्ता विविध सेवाहरू सम्बन्धित पक्षहरूसाग सहयोग र सहकार्यद्वारा गरिएका छन् ।

**(ग) सूचना प्रवाह**

नगरका क्रियाकलापहरूलाई सञ्चारका माध्यमद्वारा सूचना प्रवाह गर्न नगर सूचना केन्द्र स्थापना तथा सञ्चालन गर्नुका साथै नगरवासीहरूलाई आवश्यक सूचना उपलव्ध गर्दै आएको पाइन्छ । साथै सूचनाको हक सम्बन्धी ऐन २०६४ लाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको छ ।

**(घ) संरक्षण र सम्वर्द्धन सम्बन्धी**

पोखरा महानगरपालिका हरेक पहिचान जस्तै धार्मिक, ऐतिहासिक, सांस्कृतिक, पूरातात्विक सम्पदाको संरक्षण गर्नु, प्राकृतिक प्रदूषण, प्रकोप नियन्त्रणजस्ता कार्यहरू नगरपालिकाको प्राथमिकतामा रहेको कार्यहरू हुन् ।

**(ङ) सामाजिक सुरक्षा**

यस अन्तर्गत वृद्ध-वृद्धा भत्ता विवरण, असहाय सहयोग, महिला सशक्तिकरण, एकल महिला उत्थान, दलित तथा बालबालिका विशेष सहयोग, जनजाति हकहितसम्बन्धी विशेष कार्यक्रमहरू सञ्चालनमार्फत नगरपालिकाले सेवा प्रदान दिदै आएको छ ।

**(च) समाज कल्याणसम्बन्धी**

मानव अधिकार, जनस्वास्थ्य संरक्षण, वारुणयन्त्र, जन सुरक्षा सार्वजनिक जीवन सुरक्षा आदि कार्यद्वारा नगरवासीहरूको रक्षामा क्रियाशील देखिन्छ ।

**(छ) संघसंस्था समन्वय एवं सहकार्यसम्बन्धी**

यस अन्तर्गत नगरपालिकाले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरूसाग नगरको समग्र विकासमा टेवा पुग्ने गरी सहकार्य गरी नगर विकासका योजनाहरू प्रभावकारी रूपमा सञ्चालन गरेको पाइन्छ ।

## ६.४. स्थानीयविकासका लागि टोल विकास संस्था

स्थानीय स्वायत्त शासन ऐनअनुसार यस निकायले स्थानीय सरकारको भूमिका

निर्वाह गरेको छ । यस संस्थाको स्थापनाकालदेखि टोलमा आइपर्ने विभिन्न किसिमका वाधा अड्चनहरू, झै-झगडा सामाजिक सुधारका पक्षमा काम गर्दै आएको छ । बृद्धभत्ता, असहाय, गरिब जनतालाई सहुलियत दरमा ऋण प्रदान गर्ने, स-साना योजनाहरूमा टोल विकास संस्थाको निर्णयअनुसार पुजी वितरण गरी टोलवासीहरूलाई सीप विकास तालिम जस्ता कार्यहरूमा स्थानीय समाज परिचालन, स्थानीय स्रोत परिचालन व्यवस्थापन जस्ता पारदर्शी कार्यलाई प्राथमिकताको सूचीमा राखी विगतको तुलनामा परिवर्तन ल्याउन सफल भएको छ । २०५५ सालदेखि स्वायत्त निकायको रूपमा मान्यता पाएबाट नै यस संस्थाहरूले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थासाग सम्झौता गरी विभिन्न कार्यक्रमको माध्यमद्वारा टोल सुधारमा अहम भूमिका निर्वाह गरेका छन् । २०५५ सालमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमसाग सम्झौता गरी सञ्चालन भएका गाउा-नगर साझेदारी विकास कार्यक्रममार्फत टोल विकास संस्था गठन गरी नगरका गरिब असहाय एकल महिला, जनजातिका हितमा कार्यक्रम सञ्चालन गरी आ^नो कमजोर पक्षको निराकरण गरिएको छ ।

केन्द्रीय राज्यसत्ता एकात्मक चरित्रको हुन्छ । यस प्रकारको शासन प्रणालीबाट राज्यका सबै क्षेत्र, वर्ग, तह, लिङ्ग र जातजातिहरू समान रूपमा लाभान्वित हुन्छन् न त सामाजिक समस्याहरू नै निराकरण हुन्छ । स्थानीय समस्या पहिचान गरी उक्त समस्या समाधान गर्नका लागि स्थानीय निकाय, स्थानीय जनसमुदाय नै सक्रिय हुनुपर्दछ भन्ने कुराको प्रमाण टोल विकास संस्थाले निर्वाह गरेको भूमिका हो ।

पोखरा महानगरपालिका पनि एक स्थानीय सरकारको रूपमा स्थापना भएकोले यसले विकासका लागि निम्न कार्यहरू सञ्चालन गर्दै आएको छ । जुन कार्यहरू टोल विकास संस्था र आमा समूहको पूर्ण सक्रिय सहभागितामा यी कार्यक्रमहरू छनोट एवं कार्यान्वयन हादै आएका छन् । शिक्षा, स्वास्थ्य वातावरण एवम् खेलकुद विकास कार्यक्रम, महिला, बालबालिका सहयोग एवम् क्षमता बृद्धि कार्यक्रम, भौतिक निर्माण तथा मर्मत सुधार पूर्वाधार विकास कार्यक्रम क्षमता तथा सीप विकास एवम् उद्यम विकास सम्बन्धी कार्यक्रम ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, कृषि क्षेत्र प्रवर्द्धन तथा विकास कार्यक्रम पर्यटक प्रवर्धन तथा नयाा गन्तव्य पहिचान कार्यक्रम, जगेडा कोष योजना सञ्चालन कार्यक्रम ऋण सहयोग स्वयं लगानी कार्यक्रम वडा विकास कार्यक्रम, भूस्याहा कुकुर र रेविज नियन्त्रण कार्यक्रम, सडक बत्ती व्यवस्थापन कार्यक्रम, फोहोरमैला व्यवस्थापन कार्यक्रम, बाटो निकास तथा ढल व्यवस्थापन कार्यक्रम लगायत अन्य विविध कार्यक्रम रहेका छन् ।

खासगरी समाज सुधारको कमजोरीहरूको पहिचान, कारण र प्रभावको खोजी आय-आर्जनमूलक उद्यम र ऋण सहयोग सशक्तिकरणमा विशेष जोड जनसंख्या नियन्त्रण, सर्वसुलभ र व्यावहारिक शिक्षामा जोड र समग्र सुशासनको विकास गरी महानगरपालिकाले सामाजिक सुधारमा परिवर्तन ल्याएको सार्थक प्रमाणित हुन्छ ।

## ६.४. टोल विकास संस्था स्थापना हुनुका कारणहरू र उद्देश्यहरू

### ६.४.१ टोल विकास संस्था स्थापना हुनुका कारणहरू

स्थानीय विकासका लागि टोल विकास संस्था विषयक शोधपत्र तयार गर्ने क्रममा टोल विकास स्थापना हुनुका विभिन्न कारणहरू रहेका छन् । शोधपत्र तयार गर्ने क्रममा उत्तरदाताले दिएको जवाफका आधारमा उत्तरदाताहरूको विचार यसप्रकार देखाइएको छ ।

तालिका नं. ६.१

| क्र.सं. | स्थापनाका कारणहरू | जम्मा उत्तरदाताहरू | प्रतिशत | वास्तविक प्रतिशत |
|---|---|---|---|---|
| १ | सामाजिक समस्याको समाधान गर्न | ४८ | २३.०७ | ९६ |
| २ | स्थानीय विकासमा सहयोग गर्न | ५० | २४.०३ | १०० |
| ३ | विकास निर्माणका कार्यमा सहभागी हुन | ५० | २४.०३ | १०० |
| ४ | समाजमा शान्ति सुरक्षा कायम गर्न | ४० | १९.२३ | ८० |
| ५ | नेतृत्व विकास गर्न | २० | ९.६१ | ४० |
| | जम्मा | २०८ | १०० | ४१६ |

यसरी माथिको तालिकालाई हेर्दा धेरैजसो अर्थात् १०० प्रतिशत टोल विकास संस्थाको स्थापना हुनुको कारणहरूमा स्थानीय विकासमा सहयोग गर्न र विकास निर्माणका कार्यमा सहभागी हुन रहेको छ । त्यसैगरी  सामाजिक समस्याको समाधान गर्न ९६ प्रतिशत र समाजमा शान्ति सुरक्षा कायम गर्न ८० प्रतिशत र नेतृत्व विकास गर्न २० प्रतिशत रहेको छ ।

टोल विकास संस्थाको स्थापना हुनुका थुप्रै कारणहरू रहेका छन् । यसले स्थानीय विकासका लागि स्थानीय जनता नै सक्रिय रूपमा लाग्नुपर्दछ भन्ने मान्यता लिएको छ ।

६.४.२. टोल विकास संस्था स्थापना हुनुका उद्देश्यहरू

टोल विकास संस्थाका मुख्य उद्देश्यहरू यसप्रकार रहेका छन् ।

- भौगोलिक क्षेत्रमा बस्ती निर्धारण गर्ने,
- टोल विकास सस्थाको मासिक वैठक बस्ने,
- टोल विकास संस्थामा नियमित मासिक वचत गर्ने,
- टोलका गरिब घरपरिवारलाई ऋण दिने तथा नगरपालिकामा ऋण माग गरी पठाउने,
- आफ्नो टोलको साझा समस्या पहिचान गरी समाधान गर्ने
- टोलमा उद्यमशीलता तथा नेतृत्व विकासका लागि नगरपालिकामा माग गर्ने,
- नगरपालिकाद्वारा सञ्चालन हुने परिषद्का लागि योजना तर्जुमामा सहभागी हुने,
- टोलमा बृद्धवृद्धा, बालबालिका, असहाय, एकल महिला, जातजातिको अध्यावधिक गर्ने र टोल सफा राख्ने,
- नगरका अन्य गतिविधिमा नगरको आवश्यकताअनुसार सहभागी हुने,
- महिलाहरूको वृत्ति विकासका लागि विभिन्न तालिमहरू प्रदान गर्ने,
- विपन्न महिलाहरूलाई स्वरोजगारका लागि प्रोत्साहन गर्ने ।

## ६.६. टोल विकास संस्थाको अपरिहार्य र चुनौतीहरू

### ५.६.१ अपरिहार्यता

यस शीर्षकअन्तर्गत टोल विकास संस्था किन आवश्यक छन् भन्ने प्रश्नलाई संकेत गरेको छ। वास्तवमा टोल विकास संस्थाको काम र जिम्मेवारी व्यापक अनि विस्तृत छ। टोल विकास संख्या स्थानीय विकासको सवल माध्यम हो। वर्तमान समयमा जनसहभागिता जुटाउनका लागि सो संस्था सफल भएको छ। सुशासन, पारदर्शी, विकास र गरिबी न्यूनीकरणका साथै जनचेतना विस्तारमा टोल विकास संस्थाहरू अहिले अग्रस्थानमा छन् ।वर्तमान शहरी समाज वास्तवमा नै नितान्त एक्लो छ। एउटै समाजमा बस्नेहरूका बीच धनी-गरिब, शिक्षित-अशिक्षित लगायतका सवालले गर्दा निकट हुन सम्भव छैन। एउटै घरको भिन्न-भिन्न कोठामा बस्नेहरू बीच पनि आपसी सम्बन्ध हुदैन। तसर्थ यस्तो विषय परिस्थितिमा जन्मेको टोल विकास संस्थालाई सबै मिलेर अगाडि बढाउनु पर्दछ। अध्ययनका

क्रममा यी शहरी वासिन्दाहरूका बीच प्रत्येक घरको प्रत्येक घरसाग सम्बन्ध, आपसी भाइचाराको विकास टोल विकास संस्थाले गरेको छ। त्यसैले टोल विकास संस्थाको अवधारणाको अपरिहार्यतालाई निम्न बुदाले पुष्टि गर्दछ।

(१) प्रत्येक घरहरू बीच आपसी सम्बन्ध बढाउन गरिब तथा पिछडिएका वर्गलाई अगाडि बढाउने,

(२) जातीय पहिचान कायम गर्न र जातीय पेशाको संरक्षण गर्न, लैङ्गिक विभेदको अन्त्य गर्न,

(३) सामाजिक परिचालनद्वारा शहरको विकास गर्न मानव अधिकारको रक्षा गर्न,

(४) सूचना र संस्थाको पहुाच सबैमा पुऱ्याउन, गरिब र धनी बीचको अन्त्य गर्न,

(५) आय-आर्जन शुल्कको विकल्पको खोजी गरी शहरी गरिबी न्यूनीकरण गर्न,

(६) जातीय, धार्मिक, आर्थिक र पेशागत सहिष्णुताको विकास गर्ने,

(७) शहरी समस्या पहिचान गरी न्यूनीकरणको बाटो खोज्नु,

(८) नगरपालिकाका विकास योजना तर्जुमा गरी विकासमा सहयोग गर्ने,

(९) स्थानीय वासिन्दालाई जागरुक क्रियाशिल र कर्तव्यनिष्ठ बनाउन,

(१०) समाजमा भाइचाराको वातावरण सिर्जना गर्न, समग्रमा राष्ट्र उत्थानका लागि सुशासन र विकास गर्न (काडेल, २०६६)।

### ६.६.२ चुनौतीहरू

समाज परिचालन र विकास परिपूरक मानिन्छ किनभने स्थानीय समस्या पहिचानदेखि समाधानको उपायको जानकारी उनीहरूलाई हुन्छ। त्यसैले विकासका लागि टोल विकास संस्था समयको माग हो। संस्थाभित्र मूर्तअमूर्त समस्या र संस्था स्वरूप चुनौतीहरू धेरै छन्। वास्तवमा टोलको समस्यालाई नगरपालिकाको समस्या मानिएको छ। नगरपालिकाले प्रयास गर्दागर्दै पनि टोलका चुनौतीहरू न्यून हुन सकेका छैनन्। संस्थामा आवद्ध व्यक्तिहरूले नै संस्थागत चुनौतीहरूको सामना गरेका छन्। गतिशील र आवश्यक संस्था भए पनि कतिपयले न्यूनस्तरको संस्था भनी अदूरदर्शी विचारको माग टोल विकास संस्थालाई भनेका छन्। टोलका सबै वासिन्दाको सहयोगको अभावले यी संस्थाहरू चाहे जति अगाडि बढ्न सकेका छैनन्। टोल विकास संस्था एक सामाजिक संस्था भएकोले यसको महत्त्वका साथै काम, कर्तव्य र अधिकार संस्थाको सदस्यमा नै निहित रहने अवस्था भए पनि टोल विकास संस्थाका सदस्यहरूलाई टोल विकास संस्थाको निश्चित अधिकार

नभएका कारणहरू चुनौतीहरूको रूपमा रहेका शान्ति टोलका सदस्य रामबहादुर गुरुङ बताउाछन् । टोलको क्षेत्र निर्धारणमा असहज स्थितिको सिर्जना हुनु, टोल विकास संस्थालाई कतिपय व्यक्तिले सकारात्मक रूपमा नहेर्नु, वचत कार्यक्रममा उचित मार्गनिर्देशन नभएकोले परिचालन गर्न तथा त्यसको उचित व्यवस्थापन गर्न सहज वातावरण नदेखिनु, कतिपय सदस्यहरूमा अर्को आ`नो श्रम, योगदान र काम आ`नै टोलका लागि भन्ने अवधारणाको विकास नहुनु पनि टोलका चुनौती भएको धारापानी टोलका अध्यक्ष धनञ्जय शर्मा पौडेल बताउाछन् । टो.वि. संस्थाका सदस्यहरूको इच्छा  चाहना बढिरहेको अवस्थामा नगरपालिकाद्वारा उपलब्धि हुने विकास बजेट न्यून हुनु, टोल विकास संस्थाबाट आवश्यकता ठानी माग गरिएका कार्यक्रम तथा योजनाहरूमा राजनैतिक पार्टीबाट काटछााट तथा कटौती हुनु जस्ता चुनौती टोल विकास संस्थामा रहेका छन् ।

माथि उल्लेख गरिएका समस्याहरूलाई टोल विकास संस्थाका चुनौती मान्न सकिन्छ । विभिन्न आरोह अवरोध पार गर्दै टोल विकास संस्थाहरू स्थापित भएको वास्तविकतालाई नकार्न सकिदैन ।

# परिच्छेद - सात

# अध्ययनको सारांश र निष्कर्ष

## ७.१. अध्ययनको सारांश

स्थानीय विकास स्थानीय वासिन्दाहरूकै पहलमा सम्भव हुन्छ। ग्रामीण क्षेत्रको तुलनामा शहरको समुदाय परिचालन गर्न गाह्रो हुन्छ। शहरी समाजलाई परिचालन गर्ने प्रक्रिया फरक-फरक छन्। विविधताले पूर्ण शहरी समाज वास्तवमा नै विभिन्न विचार भएकाहरूको साझा वासस्थान हो। यस्तो समाजलाई एकीकृत रूपमा अगाडि बढाउन चुनौतीपूर्ण कार्य हो। यो चुनौतीको सामना टोल विकास संस्थाहरूले गरेको पाइन्छ। शहरको व्यस्त र एक्लो जीवन नयाा प्रविधि र वातावरणको प्रभाव तर सद्भावको अभावले गर्दा शहरीया जीवन जटिल र कठिन बन्दै गएको अवस्थामा टोल विकास संस्थाहरूले विभिन्न प्रकृतिको समाजलाई एउटै मालामा गाास्न सफल भएको छ। तीव्र जनसंख्याको चाप, बढ्दो वेरोजगारी र यसले उब्जाएका अनेकौं समस्याहरूले गर्दा शहरी सभ्यतामा प्रश्न चिन्हसमेत लाग्ने गरेको छ।

समाज परिचालनद्वारा सामाजिक विकासलाई अगाडि बढाउन यस संस्थाले स्थानीय स्तरमा टोल विकास संस्थाको गठन गरी टोल विकास संस्थालाई व्यापक रूपमा परिचालन गरेको छ। नगरपालिकाले टोल विकास संस्थामा आवद्ध सदस्यहरूलाई आवश्यक तालिम दिने, मार्गनिर्देश गर्ने, सहयोग र सद्भाव बााडने काम यस संस्थाले गर्दै आएको पाइन्छ। समाज एकभए सामूहिक समस्या न्यूनीकरण गर्न सकिन्छ भन्ने भावको विकास नागरिक समाजसम्म पुऱ्याउने काम टोल विकास संस्थाको ठूलो उपलब्धि हो। शहरी सुशासनको विस्तार, नगरपालिका योजना तर्जुमा मानव संशाधन विकास नगर सूचना केन्द्रको विकास, स्वस्थ्य सचेतना, लैङ्गिक समानता, जतिय विभेदको अन्त्य जस्ता महत्त्वाकांक्षी मुद्दामा सफलता हासिल गरेको छ। टोल विकास संस्थाले जनसहभागिता सामाजिक सद्भाव आपसी मेलमिलाप, नेतृत्त्व विकास, आत्मनिर्भरताको विकास, पूाजीको विकास, सीप, संगठनको विकास र विस्तारका लागि टोल विकास संस्था गठन भई आ̐नो उद्देश्य अनुरूप कार्य गर्दै आएका छन्।नगरपालिकाको लक्ष्यअनुरूप नै टोल विकास संस्थाले स्थानीय विकासका लागि पाइला अघि सारेको हुन्छ।

टोल विकास संस्थाले समृद्ध सहर निर्माणमा सहयोग गर्ने हुादा यस उद्देश्यलाई

अहिलेको अपरिहार्य संस्थाको रूपमा स्वीकार गर्नुपर्दछ । सबैको सहयोग र सद्भावले नै यस प्रकारका संस्थाहरू गतिशील हुने तथ्यलाई सहरवासीहरूले भुल्न नहुने तथ्यलाई यस शोध अध्ययनले स्मरण गराउादछ । गरिबी न्यूनीकरणका लागि क्रियाशील रहेका टोल विकास संस्थाहरूले स्थानीय जनमानसलाई प्रत्यक्ष प्रभाव पारेको छ । टोल विकास संस्थाले पिछडिएको वर्ग, समुदाय, लिङ्ग, जनजातिका व्यक्तिहरूलाई अगाडि बढाउने जस्तो प्रशंसनीय कार्य गरेको छ । खास गरी विभेदको अन्त्य टोल विकास संस्थाको सपल पक्ष हो । अर्कोतर्फ टोल विकास संस्थाको अध्यक्षद्वारा नगरको गतिविधिलाई अगाडि बढाउन नगरपालिकालाई समेत सहज भएको छ । समावेशी, एकरूपता प्राथमिकीकरण, जनसहभागिता जस्ता सवालहरूमा नगरपालिकालाई टोल विकास संस्थाले सहजीकरण साथै आ̐नो सक्रियता पनि बढाएका छन् । नगरपालिका सामाजिक सुधार विकास शाखाले टोल विकास संस्थामार्फत उद्यम विकासका लागि ऋण प्रवाह, सीप विकास नेतृत्व विकास सम्बन्धी तालिम दिएर गरिब परिवारको जीवनस्तरमा परिवर्तन गरी गरिबी न्यूनीकरण पनि प्रभाव ल्याउन सहयोग गरेको छ । समाजमा रहेको व्यक्तिहरूमा बोल्ने कलाको विकास गराउने आ̐नो कुरा खुलेर राख्न सक्ने आपसी सहयोग र सद्भावले कार्य गर्ने वातावरणको सिर्जना गराउने, आपसी छलफलबाट सामूहिक रूपमा समस्या समाधान गराउने, आ̐नो टोल विकासका लागि सम्बन्धित निकायमा कुरा राख्ने जस्ता महत्वपूर्ण दक्षताको विकास टोल विकास संस्थाले गर्ने हुादा टोल विकास संस्थाको प्रभावकारिता बढ्दै गएको छ । नगरपालिकाद्वारा टोल विकास संस्थाको गठन प्रक्रिया आरम्भ गर्दा विश्वास नगर्ने नगरवासीहरूले पनि वर्तमानमा सकारात्मक धारणा राखेका छन् । यतिमात्र नभई उनीहरूले संस्थाको संस्थागत विकासका लागि सक्दो सहयोग पनि गरेका छन् ।

स्थानीय विकासका लागि सरकारको र अन्य निकायको मुख ताक्नुभन्दा आफू जाकरुक र चेतनशील हुनु विकासको पहिलो कदम हो । यसका सकारात्मक कदमलाई अगाडि बढाउन टोल विकास संस्थालाई नगरपालिकाले सहयोग गरेको छ । स्थानीय गरिबी हटाउन, सुशासनको पहल, नागरिक चेतना, उद्यमशीलता, संस्थागत विकास जस्ता कार्यहरू टोल विकास संस्थाले गर्दै आएको छ । पोखरा महानगरपालिका टोल विकास संस्थामा अध्ययन गर्ने क्रममा पाइएका मुख्य प्राप्तिहरूमा टोल विकास संस्थामा संस्थागत विकास भएको छ । टोल विकास संस्थामा जनचेतनामूलक कार्यक्रमहरू, सरसफाइ, सम्मान, विभिन्न तालिम गरी स्वरोजगारमूलक व्यवसायमा सदस्यहरू लागेको पाइन्छ । त्यस्तै टोल

विकास संस्थालाई आ-आˆनो टोलमा गरिबीको रेखामुनि रहेका घरधुरीका सदस्यहयरुलाई जनचेतनामूलक तालिम प्रदान गरी ऋण उपलब्ध गरी स्वव्यवसाय गर्न उत्प्रेरणा जगाएको पाइन्छ ।

### अध्ययनका प्राप्तिहरू

स्थानीय विकासमा टोल विकास संस्थाको भूमिका शीर्षकमा टोलवासीहरूले आˆनो समुदायमा गरेका काम कारवाहीको अध्ययन गर्ने उद्देश्यका साथ गरिएको यस अध्ययनमा यस टोल विकास संस्थाको स्थापनाका कारणहरू यसले समाजमा पारेको प्रभावहरू विश्लेषणका आधारमा यस अध्ययनका प्राप्तिहरूलाई बुदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- स्थानीय वासिन्दाको अलवा समुदायमा विभिन्न खालका सामाजिक विकृतिहरू जस्तै जुवातास खेल्ने, जथाभावी फोहोरमैला गर्ने, होहल्ला गर्ने जस्ता समस्याले आक्रान्त बनेको समाजमा टोल विकास संस्थाले पहल गरेको पाइयो ।
- यस टोल विकास संस्था स्थापना भएपछि स्थानीय विकास निर्माणको कार्यमा शत प्रतिशत, सामाजिक समस्याको समाधानमा ९० प्रतिशत, जनचेतना अभिवृद्धिमा ६० प्रतिशत र सदस्यको आयआर्जनमा ५० प्रतिशत सहभागी भएको पाइयो ।
- टोल विकास संस्थाले समाजमा शान्ति सुरक्षा कायम गर्न, सामाजिक विकृतिको अन्य गर्न र अव्यवस्थित फोहोरमैलालाई समेत व्यवस्थित गरी एउटा नमूना टोलको रूपमा स्थापित हुन सफल भएको देखियो ।
- यस संस्थाले भौतिक संरचनात्मक विकासमा समेत योगदान दिएको देखिन्छ। जस्तै बाटो निर्माण साथै अन्य विकास निर्माणका कार्यमा सहयोग गरेको पाइयो ।
- यस संस्थाले आˆना सदस्यका छोराछोरीहरूलाई शिक्षाको उज्ज्वल भविष्यको लागि हौसला दिएको पाइयो त्यस्तै वृद्धवृद्धाहरूको सम्मान पनि गरेको देखियो ।
- यस समूहका गतिविधिहरूको फलस्वरूप संघसंस्था, सभा, सम्मेलन आदिमा सदस्यहरूको नेतृत्वदायी भूमिका खेल्न सक्ने क्षमताको विकास भएको पाइयो ।
- त्यस्तै टोल विकास संस्थामा संलग्न भई सदस्यहरूले आˆनो आयआर्जनमा वृद्धि गरेको समेत पाइयो ।

## ७.२. अध्ययनको निष्कर्ष

निष्पक्ष, पारदर्शिता, जावाफदेहिता, जिम्मेवार शासन व्यवस्थामा जनताको पहुाच केन्द्रीय तहसम्म पुगेको हुन्छ ।स्थानीय विकासमा पनि पारदर्शी शासन सफल हुन्छ । त्यसैले राज्यको प्रमुख अङ्गका रूपमा स्थानीय निकाय, संघ-संस्थाहरूलाई लिई अधिकार प्रत्याभूति गराउनु नै सुशासनको जग भएकाले यो नगरपालिका वडा नं. ५ का टोल विकास संस्था रहेको छ । आ`ना आवश्यकताहरू आफै पहिचान गर्नु स्थानीय स्रोत साधनको समुचित प्रयोग गर्नु सबै नागरिकले समान हकअधिकार प्राप्त गर्न टोल विकास संस्थाहरू सहकार्य गर्दै आएका छन् । पोखरा महानगरपालिकामा गरिबीको संख्या बढ्दै जानु र सुशासनको विकास नहुनुमा राज्य र राजकीय नीति जिम्मेवार देखिन्छ । शासन सत्ताको स्वरूप केन्द्रीय हुनाले मुलुकमा समानताको खाडलहरू विद्यमान छन् । केन्द्र र स्थानीय निकायबीच स्रोत, शक्ति, अधिकार र कर्तव्यको न्यायोचित बाांडफाांड नहुनाले स्थानीय विकासमा प्रत्यक्ष प्रभाव परेको देखिन्छ । त्यसकारण राज्यको समग्र र सन्तुलित विकासका लागि विकेन्द्रीकृत शासन पद्धति आजको अनिवार्य शर्त बनेको छ । विकेन्द्रीकरणको सिद्धान्त अनुरूप स्थानीय निकायहरूलाई नीति निर्माणदेखि कार्यान्वयन तहसम्म क्रियाशील गराउनु अनिवार्य हुन्छ । नेपालको शासन व्यवस्थालाई प्रभावकारी बनाउने हो भने सुशासन र गरिबी न्यूनीकरणको लक्ष्य प्राप्त गर्न सकिने अवस्था छैन ।

स्थानीय निकायलाई प्रदान गरिएको शक्तिमा स्थानीय जनताको पहुाच कम हुन्छ । अर्कातिर विकेन्द्रीकरणको सिद्धान्तले स्थानीय जनतालाई शक्ति हस्तान्तरण गर्दछ । यसैले विकासका लागि विकेन्द्रीकृत शासन व्यवस्थालाई प्रजातन्त्रको आधारस्तम्भ मानिन्छ । यही मान्यतालाई केन्द्रमा राखेर स्थानीय निकायहरूलाई स्वायत्त र सशक्त बनाउन स्थानीय स्वायत्त शासन ऐन २०५५ आएको छ । त्यस कारण स्थानीय विकासमा स्थानीय व्यक्तिहरूको सहभागितालाई स्वीकार गर्दै उनीहरूको पहुाच वृद्धिमा सबैले पहल गर्नु सार्थक हुन्छ । अन्यथा विकास निर्माणका सबै रणनीति, कार्यक्रम, योजना तथा परियोजनाहरू प्रभावकारी ढंगबाट सञ्चालन हुन सक्दैनन् ।

यस अध्ययनबाट के प्रस्ट हुन्छ भने नगरपालिका निकटका टोल विकास संस्थाहरूभन्दा टाढा अथवा ग्रामीण परिवेशका र गरिबी क्षेत्रका टोल विकास संस्थाहरूसंस्थागत उद्देश्य परिपूर्तिमा क्रियाशील देखिन्छन् । जसको प्रत्यक्ष उदाहरण यस नगरपालिका वडा नं. ५ का टोलहरूलाई लिन सकिन्छ । वडामा गठित टोल विकास संस्थाहरूलाई व्यवस्थित, सुसंगठित रूपमा सञ्चालन गर्न स्थानीय बासिन्दाहरूको महत्वपूर्ण

भूमिका रहन्छ । तर टोल विकास संस्थाले आम नागरवासीहरूबाट अपेक्षा गरे अनुसारका सहयोग पाउन सकेका छैनन् । नगरवासीहरूलाई नागरिक जागरण र कर्तव्यबोध गराउनमा नगरपालिका पनि सक्रिय रूपमा लाग्नुपर्ने देखिएको छ ।

# सन्दर्भ सामग्रीहरू

**पत्रपत्रिका तथा दस्तावेजहरू**

अधिकारी, रमेश (२०५७/२०५९), *वचत कार्यक्रम सञ्चालन निर्देशिका,* काठमाडौं : स्थानीय विकास मन्त्रालय ।

------ (२०६०), *शहरी गरिबी न्यूनीकरणमा गाउा नगर अन्तरसम्बन्ध अवधारणापत्र ।*

------ (२०६२), *टोल विकास संस्था र नागरिक समाजको भूमिका र दायित्व,* यूएनडीपीमा प्रस्तुत कार्यक्रपत्र ।

आर.एम.डि.पी. (१९९८), *प्रोजेक्ट इन्सेप्सन रिपोर्ट रोड मेनेजमेन्ट एण्ड डेभलपमेन्ट प्रोजेक्ट,* डिपार्टमेन्ट अफ रोड, काठमाडौं, नेपाल ।

उद्यम विकास प्रशिक्षण सहभागी पुस्तिका, पोखरा : नगर प्रशिक्षण केन्द्र ।

के.सी., सुरेन्द्र (२०५९), *आधुनिक नेपाल,* काठमाडौं : पैरवी प्रकाशन ।

गरिब र वातावरण (२०६७), नेपाल सरकार संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम र संयुक्त राष्ट्रसंघीय वातावरण कार्यक्रम ।

गुरुङ, हेमन्त (२०६८), *साझेदारी विकास समिति सञ्चालन एवं प्रगति ।*

घिमिरे, दीपेन्द्र (२०५८), टोल विकास संस्थाको भूमिका एवं प्रगति

घिमिरे, हरिहर (२०६१), विकासका दृष्टिकोणहरू, काठमाडौं, तलेजु प्रकाशन भोटाहिटी ।

टोल विकास संस्था समन्वय समिति, कार्य सञ्चालन निर्देशिका २०६८, पोखरा उपमहानगरपालिका ।

बोन्गार्ज हेन्ज र दाहाल देवराज (२०५४), विकास अध्ययन नेपाल फाउण्डेशन फर एड्भान्सट् स्टडिज फ्रेडरिकरवर्ट स्टिफडङ ।

नेपाल नगरपालिका संघ (२०६६), शहरी आवास स्थानीय स्वशासन सहितको संघीय राज्य प्रणाली ।

नेपालमा मानव विकास प्रतिवेदन (२००१), सशक्तिकरण तथा गरिबी न्यूनीकरण ।

नेपालमा मानव विकास प्रतिवेदन (२००५), सशक्तिकरण तथा गरिबी न्यूनीकरण ।

नेपाल सरकार (२०५५), नवौं राष्ट्रिय योजना (२०५४-२०५९), राष्ट्रिय योजना आयोग, नेपाल ।

पोखरेल, जगदीशचन्द्र (२०६३), स्थानीय विकास मुद्दाहरू तथा नागरिक समाज र राजनीतिक दलहरूको सहकार्य, गणेशमान सिंह अध्ययन प्रतिष्ठान, पोखरा ।

यूएनडीपी (२०५७), *समाज परिचालन म्युअल,* दक्षिण एसिया गरिबी निवारण कार्यक्रम ।

श्रेष्ठ, उत्तम र रमेश अधिकारी (२०६२), *नगरपालिका साझेदारी विकास कोष सञ्चालन निर्देशिका,* काठमाडौं :स्थानीय विकास मन्त्रालय ।

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (२०६८), स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम प्रतिवेदन ९ीन्क्मए०

स्थानीय स्वायत्त शासन नियावली (२०५६), नेपाल सरकार काठमाडौं ।

शर्मा, कमलराज, (२०६७), *विकास दृष्टिकोणहरू ग्लोबल पब्लिकेशन प्रा.लि.* प्रकाशक तथा वितरक भोटाहिती, काठमाडौं ।

नागरिक राष्ट्रिय दैनिक, २९ भदौ, कहिले छाड्ला गरिबीले ?

ल्भउर्बा ज्ग्बल म्भखभयिऊभलत च्भउयचत, द्दण्ण्द्ध, झ्उयधभचक्भलत बलम एयखभचतथ म्भमगअतष्यल।

न्यखभचलक्भलत या लभउब, क्भउतभ्ञदभच, द्दण्ण्छ, ल्बतष्यलर्बा एबिललष्लन ऋयक्ष्ककष्यल क्भअचभतबचष्बतभ।

# परिशिष्ट १

## तथ्याङ्क सङ्कलन क्रममा पोखरा महानगरपालिका, साझेदारी तथा सम्बन्धित कर्मचारीहरूसाग सोधिएका प्रश्नावली

नाम :

ठेगाना :

पेसा :

तह :

कार्यालय :

१. पोखरा महानगरपालिकाको पहिचान के हो ?

(क) सुन्दर सहर (ख) स्मार्ट सिटी

२. यस महानगरपालिकाको प्राथमिक कार्य हुन् ।

(क) गरिबी न्यूनीकरण (ख) सुशासन प्रवर्द्धन

३. सहरी सेवालाई कसरी पारदर्शी बनाउन सकिन्छ ?

(क) निष्पक्ष सेवा प्रवाहद्वारा सुशासनको विकासद्वारा

४. सहरी समस्यालाई कसरी छुट्याउन सकिन्छ ?

(क) अनुगमनद्वारा (ख) लेखाजोखाद्वरा

५. स्थानीय विकासका लागि के कस्ता रणनीति अपनाउनु पर्दछ ?

(क) समाज परिचालन (ख) केन्द्रीय कार्य पद्धति

६. सहरी गरिबी भन्नाले के बुझिन्छ ?

(क) सहरमा न्यून आय भएकाहरू (ख) कुनै पनि स्रोत र साधनमा पहुाच भएकाहरू

७. टोल विकास संस्था भनेको कस्तो संस्था हो ?

(क) सामाजिक संस्था (ख) गरिबी न्यूनीकरण गर्ने संस्था

८. टोल विकास संस्थाको लक्षित वर्ग कुन हो ?

(क) गरिब र विपन्न (ख) हरेक क्षेत्रमा पहुाच नपुगेको वर्ग र समुदाय

९. टोल विकास संस्थाको गठन कसरी हुन्छ ?

(क) एक घर एक सदस्य (ख) वडाको सिफारिस

१०. टोल विकास संस्थाको मुख्य काम के हो ?

(क) आफ्नो टोलको समग्र विकास (ख) नगरपालिकालाई सहयोग मात्र

११. सहरी गरिबी न्यूनीकरणका लागि टोल विकास संस्थाले के कस्ता कार्यक्रमहरू अघि सारेको छ ?

(क) नाफामुखी ऋण प्रवाह (ख) आयआर्जनमूलक सीप विकासमा जोड

१२. लघु ऋण र बीउ पुजी अनुदान बीच के भिन्नता छ ?

(क) व्याज लिने (ख) व्याज नलिने

१३. टोल विकास संस्थाले के कस्ता उद्यममा जोड दिन्छ ?

..........................................................................................................

१४. सहरी सेवा कसरी तल्लो तहसम्म पर्‍याउन सकिन्छ ?

..........................................................................................................

१५. टोल विकास संस्थाले नगरी नहुने काम केलाई मान्न सकिन्छ ?

..........................................................................................................

१६. टोल विकास संस्थालाई बढी प्रभावकारी कसरी बनाउन सकिन्छ ?

..........................................................................................................

१७. टोल विकास संस्थाले गरिबी न्यूनीकरणमा ल्याएमा परिवर्तन केलाई मान्न सकिन्छ ?

# परिशिष्ट २

## टोल विकास संस्थामा आवद्ध सदस्य एवं पदाधिकारी र यस संस्थाबाट लाभान्वित परिवार र व्यक्तिलाई सोधिएको नमुना प्रश्नहरू

नाम :

ठेगाना :

उमेर :

लिङ्ग :

धर्म :

शिक्षा :

पेसा :

आम्दानीको स्रोत :

परिवारको किसिम :

१. टोल विकास संस्थाको सदस्य कसरी बन्नुभयो ?

(क) आफू खुसी (ख) छिमेकीको करले

२. यस टोल विकास संस्थामा कति घरधुरी समेटिएका छन् ?

(क) टोलका सबै (ख) टोलका केही

३. टोल विकास संस्थाको स्थापना हुनुको कारणहरू के के रहेका छन् ?

क) सामाजिक समस्याको समाधान गर्न

ख) स्थानीय विकासमा सहभागी हुन

ग) विकास निर्माणका कार्यमा सहभागी हुन

घ) नेतृत्व विकास गर्न

ङ) समाजमा शान्ति सुरक्षा कायम गर्न

४. आफ्ना टोलका समस्याहरूको पहिचान कसरी गर्नुहुन्छ ?

(क) सामूहिक छलफलद्वारा (ख) नगरपालिकालाई सोधेर

५. आफ्नो टोललाई अगाडि बढाउनका लागि के-कस्ता पहल गर्न सकिन्छ ?

(क) स्थानीय काम गरेर ।

(ख) टोलका समस्याहरू नगरपालिकामा पुऱ्याएर

६. टोल विकास संस्थाको स्थापनापछि संस्थाले समाजको कुनकुन क्षेत्रमा काम गरेको छ ?

(क) सामाजिक समस्याको समाधान

(ख) संरचनात्मक विकास

(ग) आर्थिक क्षेत्र

(घ) नेतृत्व विकास

७. यस टोलमा पहिचान हुन नसकेका समस्याहरू के के छन् ?

(क) धेरै छन् (ख) थाहा छैन

८. सामाजिक विकासका लागि स्थानीय समुदायलाई किन सक्रिय बनाउनुपर्छ ?

(क) स्थानीय समस्या पहिचान गर्न (ख) सबैलाई समान हक प्रदान गरी

९. तपाईंको टोलको वचत किन गर्नुभएको हो ?

(क) रकम जम्मा गर्न (ख) ऋण लिई व्यवसाय गर्न

१०. तपाईंको आम्दानीको स्रोत के के छन् ? परिवारको औसत मासिक आम्दानी कति रहेको छ ?

.........................................................................................................

११. टोल विकास संस्था गठन पूर्व के गर्नुभएको थियो ?

.........................................................................................................

१२. टोल विकास संस्थाले तपाईंलाई के कस्तो सहयोग गरेको छ ?

.........................................................................................................

१३. यो टोल विकास संस्थाको निर्वाचन कहिले हुन्छ ?

.........................................................................................................

१४. एउटा टोलमा कति जना पदाधिकारी रहने प्रावधान छ ?

.........................................................................................................

१५. तपाईको विचारमा, टोल विकास संस्थाको प्रयासले समुदायमा के कस्तो परिवर्तन ल्याएको छ ?

(क) जनचेतनामा वृद्धि (ख) स्थानीय विकास निर्माणको कार्यमा तीव्रता

(ग) सामाजिक विकृतिको अन्त्य (घ) समाजमा शान्ति सुरक्षा कायम गर्न

# परिशिष्ट ३

**महत्त्वपूर्ण जानकारी दिने महानुभावहरू**

अधिकारी, विष्णु (५२), अधिवक्ता (२०७५/११/२२)।

आचार्य, दामोदर (४१), सचिव, फूलबारी क्लब, वडा नं. ११ (२०७५/१२/०६)।


खनाल, मेनुका (४०), कर्मचारी, पोखरा महानगरपालिका (२०७५/१२/१०)।

नेपाली, धनबहादुर (५०), वडा अध्यक्ष, वडा नं. ५ (२०७५/१२/०५)।

पौडेल, सुरज (४०), स्थानीय वासिन्दा, वडा नं. ५ (२०७५/१२/०६)।

# परिशिष्ट ४

पोखरा महानगरपालिका वडा नं ५ को नक्सा



## धारापानी टोल विकास संस्था “ख” का केही तस्वीरहरू







